
वैशाख १३, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# मोटरमा कर्णाली



## डगमगाउँदो शासन

मूल्य रु. २५


ज्योति देवकोटा

कर्णालीमा मोटर पुगेपछि हर्षित स्थानीयवासी

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ४, अंक १५२,वैशाख ७-१३, २०६४

**आवरण :** मुलुकको सबैभन्दा दुर्गमक्षेत्र कर्णालीमा दशकौंको अथक प्रयासपछि नयाँ वर्ष २०६४ को पूर्वसन्ध्यामा मोटर पुगेको छ। सुर्खेतबाट जुम्लासम्मको २ सय ३२ किलोमिटर सडक सवारीसाधन गुड्न सक्ने गरी बनेपछि कर्णाली क्षेत्रका बासिन्दाको अनुहारको रौनक फेरिएको छ। यो राजमार्गको निर्माणसँगै नेपाली भूगोलबाट लगभग बाहिर रहेको कर्णाली क्षेत्र मुलुकको मूलधारमा जोडिएको छ २५

**राजनीति**

डेढ वर्षअघि भएको बाह्रबुँदे सम्झौतासँगै उदय भएको सात दल र माओवादीसहित आठ दलको एकता संविधानसभाको निर्वाचनमा केन्द्रित हुनुपर्ने समयमा धरापमा पर्दै गएको छ २८

**जीवनशैली**

माओवादी सांसदहरूको कम्युन शैलीको बसोवासले नयाँ नेपालको उनीहरूको नारा साँच्चै हो कि जस्तो प्रतीत हुन्छ १८

**समय गोलमेच**

समय शोध केन्द्रले आयोजना गरेको गोलमेचमा निर्वाचन र योसँग सम्बन्धित मुद्दाहरूमा जोडिएका विज्ञहरूले संविधानसभाको निर्वाचनमा क्षेत्रीय प्रतिनिधित्वको मुद्दामा सबै एक हुनुपर्ने आवश्यकता औंल्याएका छन् ३३

**रिपोर्ट**

राजधानीका अव्यवस्थित बस्तीहरूको स्वास्थ्य स्थिति कतिसम्म दयनीय छ भने शिविर चलाउन आएका कोरियाली चिकित्सकहरू आँखाभरि आँसु बोकेर फर्किएका छन् ४२

**ख्वास्स** — अविन श्रेष्ठ
www.abin.com.np




आवरण : कर्णाली क्षेत्रमा गुड्दै गरेको सवारीसाधन

*तस्वीर : समय*


समय

**रंग :** नेपाली सिनेमाभन्दा भोजपुरी सिनेमा बढी चल्न थालेपछि निर्माताहरू यतातर्फ आकर्षित भएका छन् ५६

सम्पादकीय ........ ५
डाँक ........ ८
टिपोट ........ १०
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
मनोज दाहाल
**विशेष संवाददाता (ब्यूरो चिफ)**
विश्वमणि पोखरेल
**प्रमुख संवाददाता**
किरण भण्डारी
**वरिष्ठ संवाददाता**
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी **(संयोजक)**
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल **(प्रबन्धक)**
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

## सम्पादकीय

# कर्णालीसँगको सम्पर्क

**मुलुकको झन्डै** १५ प्रतिशत भू-भाग ओगटेको कर्णाली वर्षौंसम्म राष्ट्रिय नीति निर्माण, विकास र चासोको विषय बन्न नसकेको तथ्यलाई केही वर्षयता आएर सबैले स्विकारेका छन्। कर्णालीलाई सम्पूर्ण अर्थमा नेपाली राष्ट्रियता र राष्ट्रिय चासोको विषय बनाउन त्यो स्वीकारोक्ति अवश्य पनि सकारात्मक प्रस्थान विन्दु हुन सक्छ। कर्णालीलाई भौतिक पूर्वाधार र विकासका साथै मनोवैज्ञानिकरूपमा राष्ट्रियतासँग जोड्नु आजको चुनौती हो। विगत १५ वर्षको प्रजातान्त्रिक शासन व्यवस्थामा पनि कर्णाली उपेक्षित रहनु थप दुःखद त हो नै, त्यसले विभिन्न दलका नेताहरूको चिन्तन र चरित्रको अभाव बढी मात्रामा झल्काउँछ।


जनताबीचको आपसी सम्पर्क राष्ट्रिय एकता र अखण्डताको पहिलो सर्त हो 'कनेक्टिभिटी'। भौगोलिक सम्पर्क त्यसको एउटा आयाम हो। त्यस अर्थमा सुर्खेत-जुम्ला राष्ट्रिय राजमार्गको दैलेखदेखि कालिकोटसम्मको ८८ किलोमिटर बाटो नेपाली सेनाको पहलमा भरखरै निर्माण सम्पन्न भएको छ। २०६४ को पूर्वसन्ध्यामा त्यो सडकमा गाडी गुडेको छ। सडक मार्गबाट सुर्खेतबाट जुम्लासम्मको गन्तव्य नापेका छन् दर्जनभन्दा बढी गाडीहरूले। एक्काइसौं शताब्दीको दुनियाँका लागि कुनै ठूलो मुद्दा नबन्ला यो, तर नेपालको लागि त्यसले व्यापक अर्थ राख्छ। पहिलो दुई वर्षको अथक प्रयास र लगनपछि नेपाली सेनाले सडक निर्माण गरेर सह्रानीय काम त गरेकै छ, त्यसका साथै सेनाले राष्ट्रिय चरित्र र चासो प्रदर्शन गरेको छ। कर्णाली राष्ट्रिय नक्साको अभिन्न अंग बन्नुले कर्णाली आर्थिक विपन्नताबाट सम्पन्नतातर्फ अगाडि बढ्ने प्रारम्भिक अभ्यास पनि सुरु हुने वातावरण सिर्जना भएको छ। त्यहाँको स्याउ खेती र यार्सागुम्बा लगायतका दुर्लभ जडीबुटी उचित र वैधानिक तरिकाले बजारसम्म पुऱ्याउनेतर्फ पनि कर्णालीसडकले योगदान पुऱ्याउनेछ।



ज्योति देवकोटा

अहिले नेपाली सेनाले १३ वटा विभिन्न महत्त्वपूर्ण सडक निर्माणको जिम्मा लिएको छ र ती सडकहरू निर्माणका विभिन्न चरणमा छन्। विगत ११ वर्षमा माओवादीले सञ्चार, सडक, पुल र विभिन्न भौतिक पूर्वाधारहरूलाई निकै हदसम्म क्षति पुऱ्याएको छ र सेना पनि त्यो द्वन्द्वका अवसरमा राजनीतिक निर्देशनका कारण परिचालित भएकाले निर्माणसम्बन्धी गतिविधिहरूबाट टाढा रहँदा स्वभाविक विकास तथा निर्माण कार्यहरू पछाडि परेका हुन्। राष्ट्रिय मानसिकताको भुक्तभोगी कर्णाली त्यस अर्थमा पछाडि पर्नु अस्वभाविक थिएन। यद्यपि, त्यसलाई उपेक्षाको आपराधिक निरन्तरताको अर्को उदाहरणका रूपमा लिइनुपर्छ।

नेपाली सेनाले दुई वर्षमा यो निर्माण कार्य पूरा गरेर कर्णालीवासीको मन त जितेकै छ। त्यसले संस्थागतरूपमा उसले जनआदर र समर्थन पनि आर्जेको छ। यो माओवादीका लागि पनि अनुकरणीय उदाहरण बन्न सक्नुपर्छ। यदि उसको जनसेना आफूले ध्वस्त गरेका सडक, पुल आदि आंशिक रूपमा भए पनि निर्माण कार्यमा जुटेमा त्यसलाई पनि जनताले उचित मूल्यांकन गर्नेछन्। यद्यपि विगतमा उनीहरूबाट भएका विनाश कार्यलाई जनताले सधैं नै नकारात्मकरूपमा लिई नै रहनेछन्।




## समय साता

**पुरस्कृत**



रेडियो सगरमाथा, दक्षिण एसियाको पहिलो स्वतन्त्र सार्वजनिक रेडियो स्टेसन भएकोमा र आफ्ना श्रोतालाई निरन्तर विश्वसनीय सूचना प्रवाहित गरेकोमा वन वर्ल्ड ब्रोडकास्टिङ ट्रष्टको यो वर्षको विशेष पुरस्कारद्वारा सम्मानित ।

**आलोचना**

सत्तारुढ दलका सांसदहरूद्वारा अन्तरिम सांसदलाई निरीह र निष्क्रिय बनाएको भन्दै आलोचना । आठ दलको निर्णयका नाममा संसदमाथि तानाशाही शैली लादिरहेको अन्तरिम विधायिकाहरूको भनाइ ।

**छानबिन सुरु**

एक वर्षअगाडि विराटनगरस्थित मोरङ बेलबारीमा भएका घटनाको पुनर्गठित संसदीय समितिद्वारा पुनः छानबिन सुरु । गत वैशाखमा सैनिकले स्थानीय बासिन्दा सपना गुरुङको हत्या गरेको भन्दै विरोधमा उत्रिएका स्थानीय जनतालाई जथाभावी गोली चलाउँदा सातजनाको मृत्यु भएको थियो ।

**प्रस्ताव**

अरूण तेस्रो जलविद्युत् परियोजनामा भारतीय कम्पनी जिन्दाल वापर इन्डियाद्वारा नेपाललाई उत्पादित ऊर्जाको २१ प्रतिशत सित्तैमा दिने प्रस्ताव ।

**समिति गठन**

प्रहरी प्रधानकार्यालयद्वारा रक्तचन्दन तस्करीमा स्थानीय प्रहरी एकाइ संलग्न रहेकोबारे छानबिन गर्न एसएसपी उपेन्द्रकान्त अर्यालको संयोजकत्वमा छानबिन समिति गठन ।

**प्रतिबद्धता**

सिन्धुपाल्चोकस्थित राजनीतिक दलहरूद्वारा अवरुद्ध मेलम्ची खानेपानी आयोजना निर्बाधरूपमा संचालन हुनदिने र कर्मचारीहरूको सुरक्षाका लागि पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त ।

**प्रहरीको छापा**

केही दिनदेखि माओवादी समर्थक वाइसिएलले स्थानीय बासिन्दालाई दुःख दिएको र उनीहरूको कार्यालयमा सर्वसाधारणलाई थुनेर राखिएको भनाइ सार्वजनिक भएपछि प्रहरीद्वारा वाइसिएलका उपत्यकास्थित तीनवटै जिल्ला कार्यालयमा छापा ।

**निर्देशन**

पूर्वाञ्चलका क्षेत्रीय सुरक्षाप्रमुखहरूलाई उद्योगपतिहरूको उपयुक्त सुरक्षाप्रबन्ध मिलाउन अर्थमन्त्री रामशरण महतको निर्देशन । केही दिनअघि विराटनगरमा माओवादी समर्थक चालकले उद्योगपतिमाथि आक्रमण गरेपछि व्यापारीहरूले सरकारसँग सुरक्षाको माग राख्दै आएका थिए ।

**कुटपिटबाट घाइते**

माओवादीको योङ कम्युनिष्ट लिगका कार्यकर्ताद्वारा रामेछापस्थित बेताली गाविसका सर्वसाधारणमाथि आक्रमण, ५० जना सर्वसाधारण घाइते ।

**चेतावनी**

तराई जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह)द्वारा सरकारी कार्यालयमा कार्यरत पहाडे मूलका कर्मचारीलाई तराई छोड्न चेतावनी ।

**आयोगको पुर्जी**

राजा ज्ञानेन्द्रको अध्यक्षतामा गठित तत्कालीन सरकारका उपाध्यक्षसहित दसजना मन्त्रीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पुर्जी ।




## प्रतिटिप्पणी

समयमा प्रकाशित स्वामी आनन्द अरुणको लेख र त्यसमाथि सौरभको टिप्पणी दुवै पढें। त्यसपछि हालसम्म दुवै मौन रहेकाले केही लेख्दै छु। म स्वामी आनन्द र सौरभको टिप्पणी समानान्तर रूपमा होस् भन्ने चाहन्नँ। मैले कसैको पक्ष र विपक्षमा लागेर बोल्न खोजेको पनि होइन। तैपनि सौरभजीको टिप्पणीमाथि प्रतिटिप्पणी लेखेको छु। स्वामी आनन्द अरुण आध्यात्मिक जगत्मा एउटा सुपरिचित नाम हो। उनी ओशोका प्रमुख शिष्यमध्ये एक हुन्। ओशो तपोवनमा जाने जो कसैले उनलाई नजिकबाट चिन्न सक्छन्। साथै सन्त दर्शन भन्ने आध्यात्मिक पुस्तकको अध्ययनबाट पनि उनको आध्यात्मिक क्षमताको उचाइ जाँच्न सकिन्छ। *समय* साप्ताहिकमार्फत आनन्द अरुणले आध्यात्मिक खोजपूर्ण शृंखला कायम गरेको मैले अनुभव गरेको छु। चैत्र १५ मा आनन्द अरुणले लेखेको रचना र सौरभजीको टिप्पणीले हामीजस्ता जिज्ञासुलाई अन्योलमा पारेको महसुस गरेको छु। चैत्र २२ पछिका अंकहरूमा आनन्द अरुणको लेख आउन छाडेकोमा निकै खिन्न भएको महसुस गरेको छु। कतै उनको लेख्ने शृंखला टुट्ने त होइन ? सौरभजीको लेखाइमा ज्ञान र अध्ययनको गहनता देखिन्छ। तर, स्वामी आनन्द अरुणको अगाडि स्वामी राख्नु जरुरी छैन भन्ने कुरा संयमित भएनजस्तो लाग्यो। सौरभजीको उक्त टिप्पणीले कसैको आस्था तथा विश्वासमा चोट पुगेन र ?

■ **देवेन्द्रप्रसाद सिटौला**
मित्रपार्क, काठमाडौं

## कहिले सुध्रने शिक्षा

*समय* (वर्ष ४ अंक १५२) मा छापिएको शिक्षासम्बन्धी लेख हेर्ने मौका पाइयो। आधारभूत आवश्यकता भएर पनि नेपालमा सबैभन्दा विकृत क्षेत्र शिक्षा र स्वास्थ्य नै हो भन्नेमा सबै एकमत भइसकेका छन्। २०४६ वा २०६३ को ऐतिहासिक परिवर्तनले आमजनताको चासोको यी क्षेत्रमा खासै परिवर्तन ल्याउन सकेको छैन। ठूलूला सुधार र परिवर्तनका गफ हाँक्नेहरूले बुझून् शिक्षा र स्वास्थ्यमा व्याप्त विकृति र व्यापारीकरणलाई यही गतिमा मौलाउन दिइरहने हो भने हामी कुनै क्षेत्रमा अघि बढ्न सक्दैनौं।

शिक्षा क्षेत्रमा व्यापक रूपान्तरणको आवश्यकता भएको स्पष्ट सन्देश दिँदै *समय* अंक १५२ मा 'हुनुपर्छ पुनःपरिभाषा' शीर्षकको सामग्री साँच्चिकै गहन र पठनीय छ। सरकारी विद्यालयको गुणस्तरमा सुधार नल्याउने र निजी विद्यालयलाई जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाउनैपर्ने सन्देश उक्त सामग्रीले दिएको छ। अब पनि शिक्षा क्षेत्रलाई पुनःपरिभाषित नगरी शिक्षाका 'टाइकुन'हरूलाई बेलगाम छाडिदिने हो भने अन्ततोगत्वा अर्को डरलाग्दो जनविद्रोह हुनेछ भन्नेतर्फ सबैको बेलैमा चेतना होस्।

■ **अजय शाही**
कालोपुल, काठमाडौं

## खै बोल्न सकेको ?

*समय* वर्ष ४ अंक १५२ मा छापिएको संविधानसभा नहुने भयो भन्ने समाचारले ध्यान तान्यो। संविधानसभाको निर्वाचन असारमा हुन सक्दैन भन्ने जानकार नेताहरू किन मुख खोलेर बोल्न सक्दैनन् र


समय

जनतालाई कुइरोको काग बनाइरहेका छन् ? कि बोल्दा राजावादी भइन्छ भन्ने हो ? मुलुकमा भनिएको समयमा निर्वाचन हुन सक्दैन भन्ने थाहा हुँदाहुँदै पनि मुख खोल्न नसक्नु राजनीतिज्ञहरूको बेइमानी मानिनेछ। यही मौकालाई राजावादीहरूले प्रयोग गर्न सक्छन्। समयमै निर्वाचन हुन सक्दैन भन्ने जानकारी पाउनु जनताको हक हुन जान्छ।

■ **राजु क्षेत्री**
घट्टेकुलो, काठमाडौं

## तस्बिर

■ **केशरकुमार राई**

वर्षौं वर्षदेखि
कोठाको सौन्दर्य बढाउन
आँसु सिँगानसरिको आफ्नो
विश्वविख्यात व्यक्तिहरूका
प्रकृतिका मनोरम छटाहरूका
अन्य अन्य...
तस्बिरहरू टाँसेको छु
ठाउँ ठाउँमा झुन्ड्याएको छु।

यिनले
कोठाको सौन्दर्यमा
चामक त थपेका छन्
कोठालाई सजाएका छन्
तर,
मान्छेको मनलाई
मान्छेको जीवनलाई
सजाउन सकेका छैनन्
यी तस्बिरले।

समय,
कोल्टे फेरेर कहाँ पुगिसक्यो
कति परिवर्तन भइसक्यो
तर,
ठाउँ ठाउँमा टाँसिएका/झुन्ड्याइएका
ती तस्बिरहरू
अझै उस्तै छन्
कहीं कतै परिवर्तन छैन।

हजारचोटि रोएको छु
कहिलेकाहीं भोकभोकै बसेको छु
पीडा, वेदना सहन नसकेर
हजारौं आँसुको नदी बगाएको छु
अभावै अभावमा कयौंपल्ट जिएको छु
न त सान्त्वना नै दिए
न त हौसला नै
त्यो परिस्थितिमा
फगत
टुलुटुलु हेर्न सिवाय
अरू केही गरेनन्
यी तस्बिरहरूले।

## भुल सुधार

*समय* वर्ष ४ अंक १२५ मा छापिएको उपभोक्ता अधिकारसम्बन्धी 'दण्डहीनताको सिकार' शीर्षक लेखमा लेखक **ज्योति बानियाँ**को नाम छुट्न गएकोमा क्षमाप्रार्थी छौं –सं

## सच्याइएको

समय १५२ अंकमा छापिएको **श्रवण मुकारुङ**को कविता 'भीमकाय ढोका'का केही अंश छुटेकाले सच्याइएको छ। कविताको दोस्रो हरफको 'पुँजीवादीहरू भन्छन्' पछाडि 'ढोका सधैं खुला राख्नुपर्छ' र त्यसपछाडि 'राष्ट्रवादीहरू भन्छन्' हुनुपर्नेमा अन्यथा भएकोमा क्षमाप्रार्थी छौं।

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

# समाज सेवामा यती एयरलाइन्स

**मुलुकको अग्रणी** निजी वायुसेवा कम्पनी यती एयरलाइन्सले प्रत्येक यात्रु टिकटमा ४ रुपैयाँ 'संगठित सामूहिक उत्तरदायित्व'को रूपमा जम्मा गरेर विभिन्न क्षेत्रमा सक्रिय चार संस्थालाई प्रदान गरेको छ ।

टिकटबाट संकलित ९ लाख रुपैयाँ माइती नेपाल, नेपाल कुष्ठ रोग निवारण संघ, टेवा र ओसिड नामक संस्थालाई २ लाख २२ हजार ९४ रुपैयाँका दरले एयरका अध्यक्ष लाक्पा सोनाम शेर्पाले हस्तान्तरण गरेका थिए । हिमाली र दुर्गम क्षेत्रमा आफ्ना उडानलाई बढी केन्द्रित गर्दै आएको यतीले आफूहरूले जस्तै अन्य कम्पनीहरूले पनि सामाजिक दायित्वलाई आत्मसात गरून् भन्ने उद्देश्यले यो कार्यक्रम सुरु गरेको बताएको छ ।

एयरलाइन्सका कार्यकारी निर्देशक विजय श्रेष्ठले १९९८ देखि उडान सुरु गरेको यतीले सन् २००० यता जुम्लामा मात्रै ५२ लाख किलो जनताका आधारभूत आवश्यकताको सामान ढुवानी गरेको र २१ हजार यात्रु बोकेको बताउँदै गत अक्टोबर १ देखि मार्च अन्त्यसम्म प्रत्येक यात्रु टिकटबाट ४ रुपैयाँका दरले संकलित रकम सामाजिक उत्तरदायित्वको रुपमा यी




संस्थालाई हस्तान्तरण गरेको बताए ।

यसै कार्यक्रममा श्रेष्ठले वैशाख १० गते पासाङ ल्हामु शेर्पाले सगरमाथा आरोहण गरेको दिनको सम्झना गर्दै त्यस दिनका प्रत्येक उडानमा महिलाहरूलाई ३० प्रतिशत छुट गरेको घोषणासमेत गरेका थिए । यतीले यसका साथै विगतमा विभिन्न सामाजिक सहयोगका कार्यमा योगदान गर्दै आएको छ । आफ्नो उडानलाई दुर्गम क्षेत्रमा लक्षित गरेको यतीले बझाङ, रुकुम, सिमिकोट, मनाङ, डोल्पा, बाजुरा, रारा, लुक्ला, फाप्लु, रुम्जाटार लगायतका क्षेत्रमा यातायात सेवा पुऱ्याएर देशको सामाजिक आर्थिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएको छ ।

■ गोविन्द परियार/काठमाडौं

सञ्चार माध्यमले निष्पक्ष भई जनतालाई सकारात्मक उत्प्रेरणा दिने खालको तथ्यपूर्ण सूचना र जानकारी दिने खालका सामग्री सम्प्रेषण गर्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग






# यामाहा सोरुम चावहिलमा पनि

**राजधानीको चावहिलमा** यामाहा मोटरसाइकलको नयाँ सोरुम खुलेको छ। नेपालका लागि यामाहा मोटरसाइकल र स्पेयर पार्टहरूको अधिकृत बिक्रेता मोरङ अटो वर्क्सले व्यवसाय विस्तारको क्रममा काठमाडौंमा अर्को सोरुम सुरु गरेको हो। यहाँ यामाहाका मोटरसाइकल, जेनसेट, स्पेयर पार्ट, एपेरेल्स र केयर सेन्टरको सुविधा लिन सकिने कम्पनीले जनाएको छ।

उद्घाटनका अवसरमा यहाँबाट फाइनान्स सुविधा, आकर्षक उपहारहरू, स्पेयर पार्ट खरिदमा १० प्रतिशत छुट, लेबर चार्जमा ३० प्रतिशत छुट र अन्य सामग्री खरिदमा १५ प्रतिशत छुटको व्यवस्था छ।

## एडिबी राष्ट्रिय निर्देशकमा हेटेन्स

**एसियाली विकास** बैंक (एडिबी)को नेपाल निर्देशकमा पाउल जे हेटेन्स नियुक्त भएका छन्। यसअघिका नेपाल निर्देशक सुल्तान हफिज रहमान एडिबीको दक्षिण एसिया डेपुटी डाइरेक्टर जनरलमा नियुक्त भएपछि उक्त पद रित्त थियो। नेपाल निर्देशकमा नियुक्त हुनुअघि हेटेन्स एडिबीमा दक्षिण एसिया हेर्ने मुख्य कृषि अर्थशास्त्रीका रूपमा कार्यरत थिए। उनले श्रीलंकाको 'कोस्टा कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट' तथा भारतमा 'रुरल क्रेडिट को-अपरेटिभ रिफम प्रोग्राम' लगायत दक्षिण एसियाको ग्रामीण विकाससम्बन्धी विभिन्न परियोजनाको नेतृत्व गरिसकेका छन्।

## विडिङ एन्ड गिफ्ट एक्पो

**नेपालको सबैभन्दा** ठूलो व्यापारिक भवन युनाइटेड वर्ल्ड ट्रेड सेन्टरमा 'विडिङ एन्ड गिफ्ट' प्रदर्शनी यसै साता सम्पन्न भएको छ, जहाँ ६९ वटा विभिन्न स्टलमा ५० भन्दा धेरै किसिमका विवाहसँग सम्बन्धित उत्पादन राखिएका थिए। नेपालका प्रसिद्ध केही व्यक्तिहरूको बिहेका तस्बिरहरू पनि प्रदर्शनीमा राखिएका थिए।

## चेभ्रोलेट कार नेपालमा

**विजय मोटर्सले** भारतमा उत्पादित 'चेभ्रोलेट' कार नेपाली बजारमा भित्र्याएको छ। उक्त कार भारतको जनरल मोटर्सले उत्पादन गरेको हो। नेपाली युवाहरूमाझ पनि उक्त कार लोकप्रिय हुने विश्वास गरिएको छ।

यो ब्रान्डमा युवा वेस, युवा एलएस र युवा एटी कारहरू बजारमा ल्याइएका छन्। कारको तल्लो भाग अग्लो भएकाले अप्ठेरो बाटोमा पनि कार उपयोगी हुने विश्वास गरिएको छ।


# बैंक अफ काठमाडौं गाउँतर्फ

**बैंक अफ काठमाडौंले** ग्रामीण क्षेत्रको लगानीमा प्राथमिकता दिने भएको छ। बैंक १३ वर्ष पुगेको उपलक्ष्यमा यसै साता आयोजित पत्रकार सम्मेलनमा प्रबन्ध सञ्चालक राधेश पन्तले सहरी र ग्रामीण क्षेत्रको लगानीलाई सँगै अगाडि बढाउने योजना बनाएको जानकारी दिए। त्यसका लागि शाखाहरू विस्तार गर्ने र काउन्टर संख्या बढाउने बैंकले जनाएको छ।

बैंकले आधुनिक बैंकिङ सेवा विस्तारको क्रममा 'भिसा कार्ड' प्रयोगमा ल्याउने बताएको छ। हालसम्म १२ अर्ब ३ करोड रुपैयाँ निक्षेप संकलन गरी ८ अर्ब ९४ करोड रुपैयाँ कर्जा लगानी गरेको




बैंकले पछिल्लो समयमा संचालनमा ल्याएको 'गृहलक्ष्मी बचत योजना'मा बचतकर्ताहरूको राम्रो सहभागिता रहेको उल्लेख गरेको छ।



# माओवादी बमले बालकको मृत्यु

सुदूरपश्चिमी जिल्ला डोटीको सदरमुकामदेखि डेढ दिनको पैदल बाटोमा पर्ने बर्सेन गाविसको एक घरमा माओवादीले थन्क्याएको बम विस्फोट हुँदा मंगलवार राति एक बालकको मृत्यु भएको छ ।

माओवादीले तल्लो तलामा तालाबन्दी गरेको घरको दोस्रो तलामा सुत्न गएका बालक ११ वर्षीय देवबहादुर बुढा मगरको अचानक दुईवटा बम पड्किएर मृत्यु भएको थियो ।

'जनयुद्ध'ताका विद्रोहीहरूको हतियार भण्डार भनेर चिनिने बर्सेनको उक्त घरको तालाबन्दी गरिएको तलामा माओवादीले हतियार लुकाएर राखेको आशंका गाउँलेहरूले गरेका छन् । हतियार लुकाएर राखिएको आशंकामा गाउँलेहरूले उक्त घरको ताला फोर्न सकेका छैनन् । चार वर्षअघि सुरक्षाकर्मीसँग भएको भिडन्त बर्सेनमा ४२ माओवादी मारिएका थिए । उक्त घरमा तालाबन्दी गरेर गाउँ छोडेपछि माओवादी कहिल्यै फर्किएका छैनन् ।

■ श्याम भट्ट/डोटी

# खुल्यो ताला

निजी विद्यालयमा कार्यरत शिक्षकले उठाएका मुद्दा वार्तामा बसेर हल गर्ने सहमति कायम भएपछि संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु)ले प्याब्सन केन्द्रीय कार्यालयमा गरेको तालाबन्दी खोलिएको छ । इस्टुका केन्द्रीय अध्यक्ष मुकुन्द गौतमसहितको प्रतिनिधिमण्डल र प्याब्सन अध्यक्ष उमेश श्रेष्ठसहित अन्य पदाधिकारीबीच सहमति बनेपछि वैशाख १ गतेदेखि गरिएको तालाबन्दी खोलिएको हो ।

आफूले उठाएका मागप्रति प्याब्सन गम्भीर नबनेको भन्दै दबाबको लागि तालाबन्दी गरिएको इस्टुका अध्यक्ष गौतमले बताए । प्याब्सनका वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाहले भने विरोधका अरू तरिका हुँदाहुँदै प्याब्सन कार्यालयमै तालाबन्दी गरिनु लोकतान्त्रिक पद्धति नभएको जनाए ।

शिक्षक र विद्यालयबीच असहमति चर्कंदा शैक्षिक गुणस्तरमा प्रतिकूल असर पर्ने भएकाले आपसी सहमतिबाट यसको निकास खोजिनुपर्नेमा विज्ञहरुको जोड छ ।






# पत्रकार कुट्ने राजावादीहरूलाई प्रहरीको संरक्षण

**बुटवलमा लोकतन्त्र** पक्षधर पत्रकारहरूलाई छानी छानी सांघातिक आक्रमण र लुटपाट गर्ने राजावादीहरूलाई लोकतान्त्रिक सरकारको प्रहरीले अझैसम्म कारबाही गरेको छैन। आक्रमणकै दिन किटानीसाथ आक्रमणकारीविरुद्ध पत्रकार महासंघले जाहेरी दिएको दुई महिना पुग्नलाग्दा पनि आक्रमणकारी राजावादीहरूलाई प्रहरीले पक्राउ गरेको छैन। बरु विभिन्न बहाना बनाएर उनीहरूलाई बचाउ गरिरहेको छ।

गत फागुन १५ गते मगर संघको रजत जयन्तीका दिन कुख्यात शाही मेयर रूपसिंह थापाका समर्थकहरूले समाचार संकलन गर्न गएका बुटवलका पत्रकारहरूलाई भाला र खुकुरीहरूले आक्रमण र लुटपाट गरेका थिए।

उक्त घटनामा समयका क्षेत्रीय संवाददाता तथा पत्रकार महासंघ रूपन्देही शाखाका सचिव दीपक ज्ञवाली, टोपराज शर्मा, श्यामलाल पोखेल लगायत आधा दर्जन पत्रकारहरू कुटिएका थिए। अन्य पत्रकारहरू उपचारपछि काममा फर्के पनि टाउकोमा गम्भीर असर परेका ज्ञवाली अझै पूर्व अवस्थामा फर्किन सकेका छैनन्। अहिलेसम्म पनि उनको उपचार भइरहेको छ।

सरकारी अधिकारीहरूले पटक-पटक आक्रमणकारीहरूमाथि कारबाही गर्ने आश्वासन दिए पनि आन्तरिकरूपमा ती मण्डले र प्रहरीबीच साँठगाँठ भएकाले प्रहरीबाट नै उनीहरू संरक्षित रहेको सञ्चारकर्मीहरूले ठहर गरेका छन्। रूपन्देहीका प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्लेले आक्रमणकारी राजावादीहरूलाई कारबाही गर्न प्रहरीलाई निर्देशन दिएका थिए, तर इलाका प्रहरी कार्यालय बुटवलका डिएसपी सुकदेव न्यौपानेले उनीहरूलाई पक्राउ गर्न अझ पनि आलटाल गरिरहेका छन्।

राजामाथि नै कारबाहीको प्रतिबद्धता भएका बेला स्थानीयस्तरमा कट्टर राजावादी मण्डलेहरूलाई प्रहरी प्रशासनले संरक्षण गरेको घटनाप्रति आमसञ्चारकर्मीहरूले घोर आश्चर्य व्यक्त गरेका छन्।

मगर संघको नाममा घुसपैठ गरेका राजावादीहरूले बुटवल बहुमुखी क्याम्पसमा लाखौं क्षति पुग्ने गरी तेडफोडसमेत गरेका थिए।

आफूहरूलाई कारबाही गरेमा जातीय दंगा फैलाइदिने ती राजावादीहरूको धम्कीबाट दलका स्थानीय नेताहरू तर्सिएका थिए। त्यसैलाई बहाना बनाएर आक्रमणकारीहरूलाई कारबाही गर्न लामो समयसम्म आलटाल भएको हो।

यता जनजाति आन्दोलनका नाममा घुसपैठ गरेका राजावादीहरूले बुटवलका पत्रकारहरूलाई आक्रमण गरेको बताउँदै जनजाति महासंघले उनीहरूलाई कारबाही गरिने जनाएको छ।

जनजाति महासंघ वार्तादोली संयोजक डा. ओम गुरुङले राजावादीहरूलाई सँगै लिएर हिँड्दा गन्तव्यमा पुग्न नसकिने भएकाले तिनीहरूलाई महासंघ र समन्वय संस्थाबाट अलग्याउने बताएका छन्। रूपन्देही मगर संघमा राजावादीहरूले कब्जा जमाउँदै गएकोप्रति आपत्ति जनाउँदै उनले उक्त संघको पुर्नगठन गर्न पनि निर्देशन दिएका छन्।

डा. गुरुङले शाही पक्षधरहरूले जनजातिका नाममा यस्ता गतिविधि गरेर जनजाति आन्दोलनलाई विखण्डन गर्न खोजेको बताए।

'जनजाति महासंघसँगै जातीयताका पक्षमा देशव्यापी मुद्दा लिएर हिँड्ने मगर संघमा घुसपैठ गरेका राजावादीहरूलाई संघभन्दा बाहिर निकाल्नु पर्छ', उनले भने, 'देशको चौथो अंगको रूपमा रहेका पत्रकारहरूको सम्मान गर्न सक्नु पर्छ, विध्वंस र अपमान होइन। त्यसैले आक्रमण गर्नेलाई तत्काल कारबाही गनुपर्छ।'

डा. गुरुङले हाम्रा आन्दोलनहरूमा सरिक भएर सत्य तथ्य समाचार संकलन र सम्प्रेषण नगरेको भए हामी देशव्यापी रूपमा सशक्त हुन सक्ने थिएन भन्दै संचारको युगमा संचारप्रति जाइलाग्नु आफ्नै खुट्टामा बन्चरो हान्नुजस्तै हो।

■ **समय संवाददाता/बुटवल**





सदरमुकामबाट गएका मानवअधिकारकर्मी, सञ्चारकर्मी र अन्य व्यक्ति सहभोजमा

# दलितलाई परीक्षाबाट वञ्चित

**पर्वतको एक निम्न** माध्यमिक विद्यालयमा गैरदलित शिक्षकशिक्षिका तथा विद्यार्थीहरूले दलित विद्यार्थीहरूलाई पाक शिक्षाको प्रयोगात्मक परीक्षाबाट वञ्चित गरेका छन् । माझफाँट गाविसस्थित फड्केढुंगा निमाविमा पढ्ने आधा दर्जन विद्यार्थीलाई पूर्वव्यवसायिक पाक शिक्षाअन्तर्गतको प्रयोगात्मक परीक्षामा संलग्न हुन वञ्चित गरेपछि पीडित विद्यार्थीले विद्यालयमा तालाबन्दी गरेका थिए ।

प्रतिविद्यार्थी ३५ रुपैयाँका दरले रकम संकलन गरी पुरी बनाउने योजनानुसार परीक्षाको दिन १० बजे सबै विद्यार्थीलाई संयुक्तरूपमा विद्यालय आउने सूचना दिए पनि गैरदलित विद्यार्थीलाई बिहान ७ बजे नै उपस्थित गराएर परीक्षा सुरु गरिएकाले दलित विद्यार्थीहरू आक्रोशित भएका थिए । पीडित अनिता विकका अनुसार गैरदलित विद्यार्थी तथा शिक्षकशिक्षिकाले दलित विद्यार्थीहरूलाई परीक्षामा सामेल हुन नदिने योजनानुसार त्यस्तो गरेका हुन् ।

शैक्षिक क्षेत्रमा जातीयताका आधारमा भएको भेदभावको विरोध गर्दै पीडित विद्यार्थीहरूले विद्यालय प्रशासनमा ताला लगाएका थिए । घटनाको छानबिन गर्न सदरमुकामबाट गएको मानवअधिकारकर्मी र सञ्चारकर्मी लगायतको संयुक्त टोलीको पहलमा उक्त ताला खोलिएको थियो । उक्त टोलीले पीडित दलित विद्यार्थीको हातबाट सहभोज गरेका थिए ।

पीडित विद्यार्थीले घटनाप्रति आक्रोश व्यक्त गर्दै विद्यालयमा मात्र ताला लगाएनन्, जिल्ला प्रशासन कार्यालयमा समेत दोषीलाई कडा कारबाही गर्न माग गर्दै ज्ञापनपत्र बुझाए । घटनाको छानबिन गर्न मानवअधिकार आयोग क्षेत्रीय कार्यालय पोखराबाट समेत मानवअधिकारवादी टोली आएको थियो । घटनाको विरोधमा दलित जनसमाज पर्वतले एक सडक गोष्ठीको आयोजना गरी विभिन्न राजनीतिक दलका नेताहरू, बुद्धिजीवी, पत्रकार, मानवअधिकारवादी लगायतको भेला गरी भविष्यमा यस्तो घटना नदोहोऱ्याउन गर्नुपर्ने कामहरूबारे सुझाव संकलन गरेको थियो ।

■ **सन्तोष थापा/पर्वत** (तस्वीर पनि)





# गाउँ झलल, सदरमुकाम अँध्यारो

**ताप्लेजुङ सदरमुकाम** फुङलिङ प्रायः अँध्यारै रहन्छ। महँगो पैसा खर्चिएर घर-घडेरी जोडेका सदरमुकामवासी बिजुली बाल्न पाउनुलाई भाग्य ठान्छन्। सहरियाहरूको गुनासो पनि दिनदिनै बिजुली बाल्न नपाउनु नै हुन्छ। सहर सुविधासम्पन्न भएपछि गाउँमा ध्यान दिने नीतिले ग्रामीण क्षेत्रको विकास गौण बनेको छ। पहाडी जिल्ला ताप्लेजुङमा अहिले यसको ठिक विपरीत भएको छ। गाउँमा झलमल्ल बिजुली बलिरहँदा सदरमुकाम भने अँध्यारै हुन्छ। सदरमुकाममा डेरा गरी बसेका खड्कविक्रम सुवेदी सदरमुकाम बसेर आफूले बिजुलीको प्रतीक्षा गरिरहँदा गाउँ उज्यालो देख्दा आनन्द लागेको बताउँछन्। सुवेदीको घरमा ग्रामीण ऊर्जा विकास शाखाको पहलमा समुदायद्वारा निर्माण गरिएको बिजुली प्रत्येक दिन झलमल्ल बलिरहन्छ। कति परिवारले बाल्ने, बिजुलीको पहुँच कति हो, दस वर्षसम्म कति जनघनत्व बढ्छ र बिग्रिएका बेला कसरी बनाउने भन्ने अग्रिम योजनासहित निर्माण गरिएको हुनाले भविष्यमा बिजुलीको विषयमा टाउको दुखाउनु नपर्नेमा विश्वस्त छन्, उपभोक्ताहरू। गाउँमा बलेको बिजुलीले उज्यालोमात्रै दिएको छैन, एकापसमा मेलमिलाप र सद्भाव समेत बढाएको छ, तिरिंगे गाविसका तेजकुमार सुब्बा बताउँछन्।

ग्रामीण ऊर्जा विकास शाखा ताप्लेजुङले जिल्लाको साँवा, हाङपाङ, फुरुम्बु, सिकैचा र लिङखिम गाविसमा विद्युत् उत्पादन गरेको छ। सबै गाविसहरू सदरमुकाम फुङलिङदेखि कम्तीमा एक दिनको पैदल दूरीमा छन्। ऊर्जा विकास शाखा, जिल्ला विकास समिति, गाउँ विकास समिति र समुदायको लगानीमा विद्युत्गृहहरू उत्पादन गरिएका छन्। हालसम्म ८३ किलोवाट क्षमताको विद्युत् उत्पादन भइसकेको ऊर्जा विकास शाखाका प्रमुख राम तिवारी बताउँछन्। ग्रामीण क्षेत्रमा विद्युतीकरण पुऱ्याउने उद्देश्यअनुरूप निर्माण गरिएका सबै विद्युत्गृहबाट विद्युत् उत्पादन गरी वितरण गरिसकिएको छ। तिवारीका अनुसार सदरमुकाम फुङलिङवासीले फावा खोलाबाट विद्युत् उत्पादन गरी ट्रान्समिटरमार्फत सदरमुकाममा विद्युत् प्रसारण गरिदिन आग्रह गरेका छन्, तर ऊर्जा विकास शाखाको नियमानुसार सदरमुकाममा विद्युत् दिन मिल्दैन।

समुदायको अनुरोधका आधारमा जिल्लाका एक दर्जनभन्दा बढी गाविसमा विद्युत् उत्पादन गर्न लागिएको छ। ताप्लेजुङको ग्रामीण क्षेत्रमा खोलाहरू प्रशस्त भएकाले विद्युत् उत्पादनमा कुनै कठिनाइ नभएको समुदाय मिलेर आएमा काफी हुने बताउँछन्, ऊर्जा विकास शाखा समुदाय परिचालनका संयोजक घनश्याम खतिवडा। हालसम्म किलोवाट क्षमताको आधारमा १५ देखि ४१ लाख रुपैयाँसम्म लगानी हुँदै आएको छ। ऊर्जा विकास शाखाका अनुसार १ करोड ३२ रुपैयाँको लागतमा कुल विद्युत् उत्पादन गरिएको हो। शाखाका अनुसार निकट भविष्यमै थप विद्युत् उत्पादन हुन लागेको छ।

आफ्नो गाउँमा विद्युत् आउला भन्ने कल्पनासमेत नगरेका वृद्धवृद्धाहरू अहिले विद्युत् बाल्न पाएर मखख छन्। तिरिंगेकी ८४ वर्षीया रनोमती लिम्बू अब ढुक्कले सास जानेमा विश्वस्त छन्। रनोमती भन्छिन्, 'अब त गाउँमा सडक र टेलिफोन पनि आउँछ होला।

सदरमुकाम फुङलिङ बजारमा भने हालसम्म भरपर्दो विद्युतीकरण हुन सकेको छैन। हाङपाङ गाविसको सोभुवाखोलाबाट उत्पादित १२५ किलोवाट क्षमताको विद्युत्गृहबाट करिब ७५ किलोवाट विद्युत् मात्रै उत्पादन गर्दै आएको छ। यसले पाँच सयभन्दा बढी ग्राहक र सदरमुकाममा संचालित उद्योग कलकारखाना, प्रेसलगायतको काम भ्याउनु पर्ने हुन्छ। थोत्रो मेसिन भएकाले संचालन हुने अवधिभन्दा बन्द हुने अवधि बढी हुन्छ, जसलाई सदरमुकामवासीले उपयोग गर्न धौधौ पर्छ।

■ **आनन्द गुरुङ/ताप्लेजुङ** (तस्वीर पनि)








# भुटानी पत्रकारहरू आन्दोलनमा सक्रिय

**भुटानी शरणार्थी** पत्रकारहरूले समस्याको दीर्घकालीन समाधानका रूपमा एउटै अडान राखेका छन्, सुरक्षित रूपमा आफ्नो भूमि फिर्ता हुन पाउने अधिकारको सुनिश्चितता ।

शनिश्चरे शिविरमा वैशाख संक्रान्तिका दिन भएको कार्यक्रममा भुटान पत्रकार संघका अध्यक्ष सिएन तिम्सिनाले भुटानमा प्रेस स्वतन्त्रता बहाल नहुन्जेल प्रजातन्त्र सम्भव नहुने बताए ।

१६ वर्षदेखि नेपालमा बसिरहेका शरणार्थीहरूमाझ स्वदेश फिर्ती, अमेरिका लगायत तेस्रो राष्ट्रमा पुनर्वास र नेपालमै विलय हुने तीनवटा विकल्पहरूमाथि लामो समयदेखि छलफल र बहस गरिरहेका छन् । यीमध्ये पहिलो र दोस्रो विकल्पका पक्ष र विपक्षमा प्रशस्त वाक्युद्ध भइरहेको छ ।

भुटान पत्रकार संघको पाँचौं वार्षिक उत्सवका अवसरमा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ मोरङ जिल्ला सभापति शिवबहादुर कार्कीले भुटानी पत्रकारहरूलाई निडर भएर स्वदेश फिर्ती र स्वतन्त्रताका लागि कलम चलाउन झकझक्याए । नेपाली आन्दोलनको उदाहरण दिँदै उनले भुटानी पत्रकारहरूले जस्तोसुकै जोखिम मोलेर भए पनि जनतालाई सु-सूचित पार्ने काममा पछि हट्न नहुने सल्लाह पनि दिए ।

भुटान कम्युनिष्ट पार्टी माओवादीका प्रकाश अधिकारीले भने भुटानमा निरंकुश राजतन्त्रको अन्त्य नगरेसम्म प्रेस स्वतन्त्र हुन नसक्ने धारणा व्यक्त गर्दै यसका लागि पत्रकारहरू सचेत भएर लाग्नुपर्ने बताए ।

निरंकुश राजतन्त्र रहेको भुटानमा अहिलेसम्म सरकारको नियन्त्रणमा रही क्युन्सेल साप्ताहिक पत्रिका मात्र प्रकाशन हुँदै आएको छ । तीन वर्षअगाडि स्थापना भएको भुटान टेलिभिजन र भुटान ब्रोडकास्टिङ सर्भिस (रेडियो) पनि पूर्णरुपमा सरकार नियन्त्रित छ ।

तर नेपालमा बस्दै आएका शरणार्थीहरूले द भुटान रिपोर्टर, भुटान जागरण, सन्देश साप्ताहिक, विद्यार्थी प्रतिरोध लगायत करिब एक दर्जनभन्दा बढी मासिक पत्रिकाहरू प्रकाशन गर्दै आएका छन् । स्वदेश फिर्ती र भुटानमा क्रान्ति गर्ने मिसनका रुपमा प्रकाशन हुँदै आएका यी पत्रिकाहरूमा काम गर्ने करिब ३ सय पत्रकारहरू संघमा आबद्ध भएको उपाध्यक्ष रूपनारायण पोखेल बताउँछन् ।

नेपाल, भारत र लुकिछिपी भुटानबाट प्रकाशित पत्रिकामा काम गर्ने पत्रकारहरूलाई हौसला प्रदान गर्ने उद्देश्यले वार्षिकरुपमा उत्कृष्ट पत्रकारिता पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष तिम्सिनाले जनाए ।

वार्षिकोत्सवका अवसरमा दुई भुटानी सर्जकहरूले निरंकुश भुटान सरकारले दिएको यातना समेटेर तयार पारिएका दुई पुस्तक पनि लोकार्पण गरिए । भुटान सरकारले पक्राउपछि दिएको कठोर यातना समेटेर शनिश्चरे शिविरमा बस्दै आएका भविलाल रसाइलीले लेखेको 'यातना' कविता संग्रह र टीकादत्त घितालले लेखेको 'आँसु' कथासंग्रह सार्वजनिक गरिएको थियो ।

■ **अर्जुन जम्नेली राई/मोरङ** (तस्वीर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# बरण्डाभारमा गैंडा घटे



**घाँस र वासका** हिसाबले उपयुक्त चितवनको बरण्डाभार जंगलमा पनि गैंडा घटेका छन्। निकुञ्जसँगै जोडिएको यो जंगलमा गैंडाको चहलपहल राम्रो भए पनि सौराहास्थित राष्ट्रिय प्रकृति संरक्षण कोषले गरेको गणनामा चार वर्षयताकै सबैभन्दा कम गैंडा फेला परेका छन्।

कोषले बरण्डाभारमा बाघ-गैंडा संरक्षण आयोजना संचालन गरेकाले सन् २००२ देखि प्रत्येक वर्ष प्रत्यक्ष अवलोकन विधिबाट गैंडा गणना गर्दै आएको छ। वर्षायामअघि, वर्षायाममा र पछि गरी वर्षको तीनपटक गैंडा गणना गरिन्छ। भरखरै वर्षायाममा र पछि गरिएको गैंडा गणनामा गत वर्षका तुलनामा संख्या घटेको छ।

यो वर्ष वर्षायाममा साउन २२-३० मा गणना हुँदा बरण्डाभारमा १९ गैंडा भेटिए। वर्षायामपछि मंसिर २०-२९ मा भएको गणनामा २६ गैंडा फेला परे। वर्षायामअघिको गणना भने बाँकी छ। तर, यसअघिका तथ्यांकमा वर्षायाम र पछिकै अवधिमा गैंडा बढी पाइने गरेको छ।

कोषबाट प्राप्त तथ्यांकअनुसार सन् २००२ मा बरण्डाभारमा वर्षायाममा ३४ र पछि ३२ गैंडा थिए। अर्को वर्ष ३० र ३५ भेटिएकामा सन् २००४ मा वर्षायाममा २१ र पछि ३१ गैंडा पुगेका थिए। अघिल्लो वर्ष गैंडाको संख्या वर्षायाममा २९ र पछि २८ थियो।

बरण्डाभार जंगलले चितवन निकुञ्जलाई चुरे र महाभारत पर्वतसँग जोड्ने जैविक मार्गको काम गरेको छ। भरतपुर र रत्ननगर नगरपालिका छोएर गएको यो जंगललाई महेन्द्रराज मार्गले दुई भाग बनाएको छ। पूरै जंगललाई सात प्लटमा बाँडेर गैंडा गनिन्छ। हिउँदमा भएको गणनामा ३ र ६ नम्बर प्लटमा गैंडा नै भेटिएनन्, जसमा सत्रहजारी ताल क्षेत्र र खोरसोर पर्छन्।

बराण्डाभारमा निकुञ्जभित्रभन्दा राम्रो चरन क्षेत्र भए पनि सुरक्षा संयन्त्र सशक्त छैन। त्यसैले आहाराका लागि यता छिरेका गैंडा चोरी सिकारीको फन्दामा पर्ने गरेका छन्। यो वर्ष साउनदेखि खाग बिक्री गर्ने चोरी सिकारी गिरोहको फन्दामा परेका ११ मध्ये ६ वटा गैंडा बरण्डाभारकै थिए। चितवन निकुञ्जमा भने पाँच वर्षअघि ५ सय ४४ गैंडा भेटिएकोमा अहिले यो संख्या ३ सय ७२ छ।

■ **रमेशकुमार पौडेल/चितवन** (तस्वीर पनि)

# क्षमताभन्दा बढी भारीले दुर्घटना

**सिद्धिचरण मार्गको** मिर्चैया-कटारी सडकखण्डमा मालवाहक ट्रकहरूले क्षमताभन्दा बढी ढुवानी गर्ने गरेकाले दैनिकजसो दुर्घटना हुने गरेको छ। लहानस्थित पूर्वाञ्चल डिभिजन सडक कार्यालयकाअनुसार १० टन ढुवानी क्षमताको यो सडकमा ट्रक तथा टिपरहरूले २६ टनभन्दा बढी माल ढुवानी गर्दै आएका छन्। कटारीस्थित ॐ हलेसी ट्रक व्यवसायी संघका अनुसार कालोपत्रे भइरहेको यो सडकमा अहिले दैनिक डेढ सय मालवाहक ट्रक, ३२ टिपर र ५० जति बस चल्छन्।

ट्रकचालकका अनुसार उक्त संघका १ सय ३१ ट्रकहरूले १६ देखि २६ टनसम्म सामान ढुवानी गर्दै आएका छन्। पाँच महिनादेखि यो बाटोमा चल्न थालेका काठमाडौंस्थित अम्लेश्वर कन्ट्रक्सनका १९ ठूला टिपरहरूले ३६ टनभन्दा बढी माल ढुवानी गर्ने गरेको स्वयं चालकहरू नै स्वीकार गर्छन्। बेलसोत-मिर्चैया सडकखण्डको चुरेमा दिनहुँ टोचन लगाएर मालवाहक ट्रक तानिरहेका दृश्यहरूले यसको पुष्टि गर्छन्।

गाडी साहुहरूको दबाबले गर्दा क्षमताभन्दा बढी ढुवानी गर्न बाध्य हुनु परेको चालकहरू बताउँछन् भने ट्रक व्यवसायीहरू क्षमताभन्दा बढी माल ढुवानी गर्ने गरेको स्विकार्न हिच्किचाउँदैनन्। ॐ हलेसी ट्रक व्यवसायी संघका पूर्व उपाध्यक्ष तेजबहादुर थापा भन्छन्, 'सम्बन्धित निकायले आँखा चिम्लिरहे २६ टन मात्रै होइन, अब ४० टन माल ढुवानी गरिन्छ।'

व्यवसायीहरूका अनुसार यो सडकमा वर्षायाममा दैनिक उपभोग्य तथा निर्माण सामग्री ढुवानी हुन्छन् भने हिउँदमा बढी मात्रामा सिरहा चोहोर्वास्थित मारुती सिमेन्टका कंक्रिट ढुंगा। अहिले यो मार्ग हुँदै दैनिक सय जति ट्रकहरूले कंक्रिट ढुंगा ढुवानी गरिरहेका छन्। कालोपत्रे भइरहेको यो सडक क्षमताभन्दा बढी ढुवानीकै कारण अहिलेदेखि नै चर्कन र भत्कन थालेको छ।

सिद्धिचरण मार्गमा दुर्घटना बढे पनि सरोकारवाला निकाय मौन छन्। मिर्चैया- सुनकोशी ७२ किमी सडकखण्ड ट्राफिक प्रहरीविहीन छ।

■ **सन्तोष बराइली/कटारी**



# कम्युन बसोवास

■ छत्र कार्की/काठमाडौं

तस्वीरहरू : निरज सापकोटा



विधायक रुपा चौधरी



विधायकहरू तीलक परियार, सरस्वती मोहोरा, मंगल विक र सत्य पहाडी





विधायकहरू पुरन राना थारु र मञ्जु बम

**एघार वर्षको सशस्त्र युद्धपछि प्रतिस्पर्धात्मक राजनीतिमा आएको माओवादीका विधायकहरू कम्युन शैलीमा बसोवास गरी सरल जीवनको अभ्यास गरिरहेका छन् ।**

**पलङ सामान्य छ,** दुईवटा साधारण कुर्सी । सानो टी टेबलमा केही किताब छन् । भित्तामा साटफेरका एकदुई जोर कपडा झुन्ड्याइएका । यो कोठा क्याम्पस पढ्न भर्खरै राजधानी छिरेको कुनै विद्यार्थीको त हैन ?

तीनकुने सुविधानगरस्थित उक्त कोठा सिन्धुलीका माओवादी विधायक गंगा श्रेष्ठको हो । भान्साकोठा पनि त्यत्तिकै सामान्य छ । डाइनिङ टेबुल, फ्रिज केही पनि छैन, अत्यावश्यक भाँडाकुँडामात्र छन् ।

सदनमा जनआवाज उठाउनेमात्र दायित्व छैन, माओवादी विधायकहरूको, खाना पकाउने, सरसफाइदेखि लिएर किनमेल गर्ने काममा पनि उनीहरू सक्रियतापूर्वक सरिक हुन्छन् । श्रेष्ठ र उनका सहकर्मी विधायकहरूले खाना पकाउन आलोपालो समय मिलाएका छन् ।

वैशाख १ गते *समय*सँग कुराकानीको सिलसिला अघि बढिरहेका बेला भान्साकोठाबाट खाना तयार भएको जनाउ आयो । नयाँ वर्ष भनेर भान्सामा कुनै परिकार थपिएको थिएन । दालभात तरकारीसहितको साधारण खाना थियो । श्रेष्ठ र सिन्धुलीकै अर्का विधायक बुद्धिमान माझीले कुनै ठाँटबाँठविना पलेँटी कसेर खाना खान सुरु गरे । थपुवा दालभात पनि सँगै राखिएको छ । पेटभरि खाना खाएपछि थाल उनीहरू आफैंले सफा गरे । तीनकुने सुविधानगरस्थित ६ कोठाको एउटा फ्ल्याटलाई माओवादीका सगरमाथा जनकपुर क्षेत्रका विधायकहरू श्रेष्ठ, माझी र मणि खम्बूले सामूहिक थलो बनाएका छन् ।

अधिकांश माओवादी विधायकको बसाइँ यस्तै छ । नयाँ बानेश्वरचोकबाट शंखमूलतिर दुई सय मिटर अघि बढ्दा सेती-महाकालीका विधायकहरू पुरन राना थारू, रूपा चौधरी, नन्दसिंह सार्की र मञ्जु बम कम्युन शैलीमा बसेको घर पुगिन्छ । एउटै क्षेत्रका भए पनि केन्द्रीय सदस्य लेखराज भट्टचाहिँ बेग्लै बस्छन् । विधायक मञ्जु भन्छिन्, 'एउटा केन्द्रीय सदस्यको जिम्मेवारी एउटा विधायकको भन्दा अवश्य बढी हुन्छ, त्यही भएर पनि उहाँ बेग्लै बस्नु भएको हो ।' उनीहरूको बसाइँ अति साधारण छ ।

सुत्ने खाटसमेत छैन । कार्पेट ओछ्याइएको भुइँमै दुइटा बिस्तरा छन्, विधायक र निजी सहायकका लागि । प्लास्टिकको झोलामा लुगाफाटा कसिएको छ । माओवादी मुखपत्र जनादेश, संश्लेषण लगायत अरू पत्रपत्रिका असरल्ल छन् । यो विधायक पुरनको कोठा हो ।

एउटा पलङ पनि किन नराखेको ? विधायक पुरन भन्छन्, 'हिजो जनयुद्धका क्रममा अत्यन्त कष्टप्रद जीवन बितायौं, हामी अहिलेको अवस्थामा आउन हजारौं जनताको बलिदानी भएको छ । त्यसैले सकेसम्म सरल जीवन बिताउँछौं र आफूलाई फरक पार्न चाहँदैनौं ।'

मेची-कोशी क्षेत्रका विधायकहरू टंक आङ्बुहाङ, पूर्णसिंह राजवंशी, धर्मशीला चापागाई र पदम राई पनि सामूहिकरूपमा शंखमूलमा बसेका छन्, तर मोरङका शिवकुमार मण्डलचाहिँ व्यवहारिक कारणले गर्दा बालाजुमा छुट्टै बस्छन् । राईले यो समूहको नेताको भूमिका निर्वाह गर्दै आएका छन् । उनी छुट्टै बसे पनि उनीहरूको हिसाबकिताब सामूहिकरुपमा नै पार्टीमा पेस गर्नुपर्छ । विधायक राई भन्छन्, 'आर्थिक भार कम पर्ने र राजनीतिक रुपले प्रस्तुत हुनसमेत सजिलो हुने भएकाले सकेसम्म सामूहिक जीवन बिताउने पार्टीको निर्णय हो, तर कसै कसैलाई व्यवहारिक अप्ठ्यारो पर्दा बेग्लै पनि बस्न सकिन्छ ।' उनीहरूले बजारबाट सरसामान किनमेलका लागि एउटा साइकल जोडेका छन् । केही सामान खरिद गर्नुपर्‍यो भने विधायक वा उनीहरूका निजी सहायक साइकल लिएर पसलतिर दौडन्छन् ।

माघ १ गते अन्तरिम व्यवस्थापिकाको गठनसँगै माओवादीले विधायकहरूका लागि आचारसंहिता जारी गरेको थियो । त्यसमा आर्थिक व्ययभार कम गर्न सामूहिक बसाइँलाई प्राथमिकता दिने उल्लेख भएबमोजिम विधायकहरू सामूहिक जीवनशैली अपनाउनतर्फ लागेका थिए । भेरी र कर्णाली क्षेत्रका विधायकहरू भर्खरैमात्र कालोपुलमा सरेका छन्, घरको निर्माण सकिन बाँकी छ । त्यसैले होला, विधायकहरूको कोठाको रुपरेखाले अन्तिम रुप पाउन अझै केही दिन लाग्ने देखिन्छ । केही कोठामा कार्पेट बिछ्याउनै पनि बाँकी छ । यो क्षेत्रका विधायकहरूको बसाइँ पनि तात्त्विक रुपमा केही फरक छैन ।

अन्तरिम व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने भेरी र कर्णलीका भक्तबहादुर शाह, रामचरण चौधरी, मंगल विक, सत्य पहाडी, सरस्वती मोहोरा, पूर्णा सुवेदी, सरला रेग्मी र परमानन्द वर्मा कुर्मी सामूहिक रूपमा कालोपुलमा बसेका छन् ।

भेरी-कर्णाली विधायकका संयोजक खड्गबहादुर विक मन्त्री भएर क्वार्टरमा बस्न थालेपछि उक्त क्षेत्रको संयोजनको जिम्मेवारी विधायक सुवेदीले वहन गर्दै आएकी छन् । बाँकेका विधायक तिलक परियार भने दलित मुक्तिमोर्चाको कार्यालयमै बस्छन् ।

बागमतीका क्षेत्रका विधायकहरू हितबहादुर तामाङ, सूर्यमान दोङ तामाङ, देवी खड्का र भगवती प्रधानको शान्तिनगरमा सामूहिक बसाइँ छ । यही क्षेत्रबाट प्रतिनिधित्व गर्ने मजदुर नेता शालिकराम जमरकट्टेलचाहिँ विधायक हुनुअघि नै आफ्नै हिसाबले राजधानी बस्दै आएकाले समूहमा बस्दैनन् । यीबाहेक उपत्यकाबाट प्रतिनिधित्व गर्ने अरू विधायक पनि व्यक्तिगतरूपमा बसेका छन् ।

राप्तीका विधायकहरू सन्तोष बुढा मगर, लोकेन्द्र विष्ट, दामा शर्मा, सीता विक र इन्द्रजित चौधरीको सामूहिक बसाइँको नेतृत्व विधायक विष्टले गरेका





विधायक हितबहादुर तामाङ

छन् । उनीहरू सिनामंगलमा बस्छन् । टीका बुढाथोकी र जयपुरी घर्तीले महिला संघको कार्यालयमै डेरा जमाएका छन् । त्यही क्षेत्रका केन्द्रीय सदस्य जनार्दन शर्मा अलग्गै बसेका छन् ।

मिथिलाञ्चल क्षेत्रका विधायकहरू महेन्द्र पासवान, सरस्वती चौधरी, सूर्यनाथप्रसाद यादव, रामकुमारी यादव, कृष्णदेवसिंह दनुवार र भरत शाहले पुरानो सिनामंगल, पेप्सीकोलामा डेरा जमाएका छन् । मन्त्री हुनुअघि उनीहरूसँगै रहेका मातृका यादव अहिले मन्त्री क्वार्टरमा बस्न थालेपछि विधायक पासवानले संयोजकको काम गर्दै आएका छन् ।

नारायणी क्षेत्रका सत्यनारायण भगत र रामआश्रय राम छुट्टै बस्छन् भने कुमारी मोक्तान र शोभा कट्टेल बालाजुमा बसेका छन् । उनीहरूको टिम लिडरको काम प्रभु साहले गर्दै आएका छन् । गण्डकी र लुम्बिनी क्षेत्रका अधिकांश विधायक पनि सामूहिकरूपमा बसेका छन् । नयाँ बानेश्वरमा लुम्बिनीका विधायकहरू चिनक कुर्मी, विनोद उपाध्याय, रामलौटन तिवारी, वामदेव क्षेत्री र सुदर्शन बराल मगर एक समूह र उमा विक, रूपा विक र इलियाद मुसलमानको अर्को समूह सामूहिक रूपमा बसेको छ ।

धौलागिरीका दीनानाथ शर्मा केन्द्रीय सदस्य र वार्ताटोली सदस्यका हैसियतले पहिलेदेखि छुट्टै बस्दै आएका छन् । पार्टीको बुद्धिजीवी संगठनको केन्द्रीय नेतृत्वमा रहेकी वलावती शर्मा भने गौशालामा आफन्तसँग मिलेर बसेकी छन् । मगर मुक्तिमोर्चाका केन्द्रीय उपाध्यक्ष गमबहादुर श्रीस मोर्चाको कार्यालयमा बस्छन्, तर धौलागिरीबाट प्रतिनिधित्व गर्ने कुनै पनि विधायक सामूहिकरूपमा बसेका छैनन् ।

माओवादीका विवाहित विधायकहरू पनि राजधानीमा एक्लै बस्दै आएका छन् । अधिकांश विधायेकहरूको विवाह पार्टीका जिल्ला र क्षेत्रीयस्तरका नेता कार्यकर्तासँग भएको र उनीहरू संगठनको जिम्मेवारी वहनका क्रममा विभिन्न क्षेत्रमा रहेकाले दम्पतीहरू छुट्टिन बाध्य भएका हुन् । ताप्लेजुङका विधायक आङवुहाङ भन्छन्, 'हामी पनि पार्टीको जिम्मेवारीमा छौं, हाम्रा जीवनसाथी कमरेडहरू पनि आफ्नो कर्मक्षेत्रमा खटिनुभएको छ ।'

माओवादी विधायकहरूमध्ये जनयुद्धमा जीवनसाथी गुमाउनेको संख्या एक दर्जनभन्दा बढी छ । जीवनसाथी गुमाएपछि केही विधायकहरूले दोस्रो विवाहसमेत गरेका छन् । टंक आङवुहाङ, भगवती प्रधान, देवी खड्का, पुरन राना थारू, मञ्जु बम, रूपा चौधरी, उमा विक, सीता विकलगायत करिब एक दर्जनभन्दा बढी विधायकहरूको उमेर तीन दशक पनि नाघेको छैन ।

## खर्चको चाँजोपाँजो

अन्तरिम व्यवस्थापिकाका प्रत्येक विधायकले खानपिन, घरभाडा, सञ्चार, यातायात, निजी सहायकसहित मासिक ३७ हजार २ सय रुपैयाँ पाउँछन् । माओवादी विधायकहरू उक्त रकम आफूखुसी बुझ्दैनन् । माओवादीका सबै विधायकहरूको सामूहिक मन्जुरीनामा अनुसार महिनावारी पारिश्रमिक पार्टी संसदीय दलका नेता कृष्णबहादुर महराले एकमुष्ट बुझ्छन् । प्रत्येक सदस्यलाई दैनिक खर्च चलाउन रकम बाँडफाँडको काम संसदीय दलको निर्देशनअनुसार गरिन्छ । विभिन्न क्षेत्रका विधायकहरू समूह बनाएर भिन्नाभिन्नै ठाउँमा बसे पनि हरेक समूहको नेतामार्फत पार्टीले खर्च निकासा गर्छ ।

घरभाडा, बिजुली, टेलिफोन, मोबाइल, लत्ताकपडा, खानपिनलगायत सामूहिक प्रयोजनका कामका लागि सामूहिकरुपमा खर्च गर्छन् । त्यसबाहेक पकेट खर्चको रूपमा प्रत्येक विधायकले मासिक ५ सयदेखि १ हजार रुपैयाँसम्म लिन्छन् । यसरी आफ्नो पारिश्रमिक पार्टीले बुझेर खटनपटन गरेकामा विधायकहरूलाई कुनै आपत्ति छैन । जनताको मुक्तिको लागि ज्यान माया मारेर आन्दोलनमा होमिएको र आफूहरूलाई सुविधा भोग र विलासिताको कुनै तृष्णा नभएकाले पार्टीले गरेको निर्णय सर्वस्वीकार्य भएको उनीहरू एक स्वरमा बताउँछन् ।

'जनयुद्धमा होमिएदेखि नै हामी सामूहिक बसाइँको संस्कार विकास भइसकेकाले यही सजिलो लाग्छ', विधायक सत्य पहाडी भन्छिन्, 'राज्यसत्तादेखि स्थानीय तहसम्म हावी भइरहेको व्यक्तिवादी संस्कारविरुद्ध समेत यो गतिलो उदाहरण हुने हामीले ठानेका छौं ।'

अधिकांश माओवादी विधायकहरूको जीवनशैली सामान्य भएकाले औसतमा मासिक १० हजार रुपैयाँ हाराहारी खर्च हुने उनीहरू बताउँछन् । सोही रकमबाट उनीहरूको निजी सहायकको खानपिन, बसाइँदेखि पकेट खर्च समेत व्यहोरिन्छ । बाँकी रकम पार्टी कोषमा जम्मा गरी सहिद र घाइते उपचार कोषलगायत विभिन्न सामूहिक काममा खर्च गरिने उनीहरू बताउँछन् ।

सुरुमा कोठाका लागि केही सरसमान जोड्नुपर्ने भएकाले अलि बढी रकम छुट्याइएको थियो । विधायक मंगल विश्वकर्मा भन्छन्, 'कुनै बेला निकासा भएको रकम नपुग्ने भयो भने कुन प्रयोजनको लागि रकम चाहिएको हो त्यो खुलाएर पेस्की स्वरूप पनि लिन सकिन्छ ।'

हरेक समूहले प्रत्येक महिनाको अन्त्यमा खर्चको विवरण अनिवार्यरुपमा संसदीय दलको कार्यालयमा



विधायकहरू बायाँबाट गंगा श्रेष्ठ र बुद्धिमान माझी

**अधिकांश माओवादी विधायकहरूको जीवनशैली सामान्य भएकाले औसतमा मासिक १० हजार रुपैयाँ हाराहारी खर्च हुने उनीहरू बताउँछन् । सोही रकमबाट उनीहरूको निजी सहायकको खानपिन, बसाइँदेखि पकेट खर्च समेत व्यहोरिन्छ । बाँकी रकम पार्टी कोषमा जम्मा गरी सहिद र घाइते उपचार कोषलगायत विभिन्न सामूहिक काममा खर्च गरिने उनीहरू बताउँछन् ।**

बुझाउनुपर्छ । हरेक विधायकले राखेका निजी सहायक पार्टीकै कार्यकर्ता छन् । सरकारी नियमानुसार सांसदको निजी सहायकले मासिक ९ हजार रुपैयाँ तलब पाउँछ, तर माओवादी विधायकका निजी सहायकले फुटकर पकेट खर्चबाहेक कसैले पनि तलब लिँदैनन् ।

विधायक गंगा श्रेष्ठका निजी सहायक गोविन्द बुढाथोकी (गरुड) भन्छन्, 'अहिले युद्धको मोर्चा बदलिएको मात्र हो, आन्दोलन जारी छ । त्यसैले पनि पार्टीलाई सघाउन हामी तलब नलिई काम गरिरहेका छौं ।' निजी सहायकको खानपिन, लत्ताकपडा, यातायात, पकेटलगायत सबै खर्च विधायेकले पार्टीबाट बुझ्ने रकमबाटै गरिन्छ । सामूहिक बसाइँको क्रममा घरभाडाको लागि न्यूनतम ८ हजारदेखि २० हजार रुपैयाँसम्मका सामूहिक फ्ल्याट लिएर बसे पनि एकजना विधायकले एउटाभन्दा बढी कोठा लिएका छैनन् ।

सरकारी सुविधाअन्तर्गत सांसदलाई एक लाइन टेलिफोन र मासिक १ सय कलसम्म नि:शुल्क सेवा र इन्टरनेट सुविधा पनि उपलब्ध हुन्छ । सामूहिक बसाइँ अझै व्यवस्थित नभइसकेकाले सबैले व्यक्तिगत टेलिफोन जडिसकेका छैनन्, तर मोबाइल भने सबै विधायकसँग छ । सादा जीवनका पक्षपाती हुँदाहुँदै पनि उनीहरूको बढी खर्च मोबाइलमै हुने गरेको छ । 'मोबाइलबाटै जिल्लामा पनि सम्पर्क गर्नुपरेकाले महिनामा २ देखि ३ हजार रुपैयाँ खर्च हुन्छ', नुवाकोटबाट प्रतिनिधित्व गर्ने विधायक हितबहादुर तामाङ भन्छन् ।

**योजनाबद्ध दैनिकी**

विधायकहरू प्रायजसो बिहान सबेरै उठ्छन् । हिजोका दिनमा युद्धमोर्चामा कठिन शारीरिक अभ्यासमा पारंगत उनीहरू अहिले बिहान उठेपछि सामान्य शारीरिक कसरत, एरोबिक्स, योगासन गर्ने गर्छन् । सिन्धुलीका विधायक श्रेष्ठ भन्छन्, 'अहिले पहिलेको भन्दा शारीरिक काम एकदमै कम छ, शरीर तन्दुरुस्त राख्न पनि बिहान केही समय योगासन गर्ने गरेको छु ।' बिहानका तमाम नित्यकर्म सिध्याएपछि उनीहरू चिया पिउँछन् । व्यवस्थापिका संसद्को बैठक चलेको दिन उनीहरू खाना खाएर बिहान साढे ९ बजे कोठाबाट निस्कन्छन् । संसद्को बैठक सुरुहुनुभन्दा एक घन्टाअगाडि संसदीय दलको कार्यालयमा पुग्छन् । सदनमा उठाउनुपर्ने विषयमा एक घन्टाजति संसदीय दलका नेता र सचेतकसँग कार्यालयमा छलफलमा सरिक हुन्छन् ।

विभिन्न जिल्लाबाट प्रतिनिधित्व गर्ने माओवादी विधायकहरूमध्ये अधिकांशसँग गाडी छैन । त्यसैले नयाँबानेश्वर, शंखमूल, बुद्धनगर क्षेत्रमा बस्ने विधायकहरू हिँडेरै सदन ओहोरदोहोर गर्छन् । व्यवस्थापिका संसद्को बैठक सकिएपछि कुनै कार्यक्रम नभए उनीहरू सीधै कोठामा आउँछन् । विधायक रूपा चौधरी भन्छिन्, 'कोठामा आएपछि राजनीतिशास्त्रका पुस्तक, विधेयक, पार्टीका मुखपत्र र अरू पत्रपत्रिका पनि पढ्छौं ।'

हरेक समूहले सामूहिकरूपमा टेलिभिजन राखेका छन् । केहीले कम्प्युटर जोडे पनि अधिकांश कम्प्युटर साक्षरताबाट टाढा छन् । पार्टीले आवश्यकतानुसार सामूहिक गाडी किन्न सक्ने व्यवस्था खुला राखे पनि अहिलेसम्म सगरमाथा-जनकपुरबाहेक अरू क्षेत्रका विधायकले गाडी किनेका छैनन् । विधायिका पूर्णा सुवेदी भन्छिन्, 'अहिले यही रूपमै काम चलिरहेको छ, तत्काल गाडी किनिहाल्ने योजना बनाएका छैनौं ।'

माओवादी विधायकहरू अहिलेको सामूहिक बसाइँलाई जनयुद्धले सिकाएको कम्युन संस्कृतिको उपजको रूपमा लिन्छन् । साम्यवाद स्थापनार्थ लडेको माओवादीले जनयुद्धले विस्तारित रूप लिँदै गएपछि २०५९ साल भदौमा रुकुमको छिप्खोलामा बलिदान जनकम्युन सुरु गरेका थिए, जहाँ सहिदपरिवार, पूर्णकालीन कार्यकर्ता गरेर ७५ जना बसोवास गर्दै आएका छन् । त्यसलगत्तै २०६० सालमा रोल्पाको जेलवाङमा जलजला जनकम्युन र थवाङमा अजम्बरी जनकम्युन सुरु गरेका थिए । यसरी औपचारिक रुपमा माओवादीले कम्युनमार्फत सामूहिकताको अवधारणालाई संस्थागत विकास गर्दै आएको थियो । सबै सम्पत्ति पार्टीकरण गरी कम्युनमा आफ्नो क्षमतानुसार विभिन्न काम सञ्चालन गर्दै आएका थिए । त्यसो त जनयुद्धका बेला उनीहरूको खवाइ र बसाइँ सामूहिक हुने गरेको विधायिका कमला रोक्का बताउँछिन् । विधायिका रोक्का भन्छिन्, 'यो हिजो हामीले अपनाएको सामूहिक कम्युनको निरन्तरता हो, अहिले समूहमा मिलेर बस्दा त्यस्तो नयाँ खालको अनुभूति केही भएको छैन ।'

माओवादी विधायकहरूको जीवनशैली सरल भए पनि यसले कतिसमयसम्म निरन्तरता पाउला आँकलन गर्न गाह्रो छ । माओवादी विधायकहरूको वासस्थान हेरेका अधिकांश सञ्चारकर्मीको उस्तै जिज्ञासा रहने गरेको छ- माओवादी विधायकहरूको जीवनशैली कहिलेसम्म यही रूपमा चल्छ ? विधायिका भक्तबहादुर शाह भन्छन्, 'हामीले हजारौं सहिदको बलिदानीलाई ख्यालख्याल ठानेका छैनौं । हामी विचारबाट निर्देशित भएकाले पनि यसलाई लत्याउने कुरा आउँदैन ।' ■

# प्रचण्डको प्रतिबद्धताकै विपरीत




सार्वजनिक प्रदर्शनमा उत्रिएका माओवादी कार्यकर्ता

निजी सम्पत्ति अझै पनि फिर्ता नभएका धेरै घटनामा पश्चिमाञ्चलको हकमा नवलपरासी, रूपन्देही र कपिलवस्तुमा बढी रहेको बताउँछन्, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका पश्चिमाञ्चल क्षेत्रीय संयोजक जीवन्त वाग्ले । माओवादीले आफ्ना विभिन्न जिल्ला कार्यालयहरूमा सम्पर्क गरेको खण्डका त्यस्ता मुद्दाहरूमाथि सुनवाइ गर्ने बताएको छ ।

**नेकपा माओवादीको** भातृ संगठन योङ कम्युनिष्ट लिग कास्कीले सरकारी जग्गा कब्जा नछाड्ने अडान राखेको छ । माओवादी अध्यक्ष प्रचण्डले आफ्नो पार्टीले कब्जामा लिएका सबै जसो जग्गाजमिन र घर फिर्ता गर्ने प्रतिबद्धता गरेविपरीत लिगले सरकारी जग्गा कब्जा गरिरहने अडान सार्वजनिक गरेको हो ।

योङ कम्युनिष्ट लिग कास्की पोखराको चल्तीको व्यापारिक केन्द्र नजिकै सरकारी जग्गा तथा भवनमा रहँदै आएको छ । ती भवन तथा जमिन नेसनल ट्रेडिङ कम्पनीको स्वामित्वमा छन् । माओवादी पार्टी भूमिगत राजनीतिबाट सार्वजनिक भएलगत्तै पार्टीले पोखराको एकदमै केन्द्र भागमा पर्ने पृथ्वीचोकको उक्त स्थानबाट आफ्ना कार्य गर्दै आएको हो । नेसनल ट्रेडिङका गोदाम घरहरू लामो समयदेखि रित्ता र काममा नरहेको भेटेपछि माओवादीले आफ्नो कार्यस्थल बनाएको थियो ।

गत चैतको अन्तिम दिन कास्की जिला प्रशासन कार्यालयले माओवादीको भातृ संगठन योङ कम्युनिष्ट लिगका नाममा पत्र काटी तीन दिनभित्र ठाउँ छाड्न चेतावनी दिएको थियो । लिगले भने अहिले तत्काललाई ठाउँ नछाड्ने बताएको छ । प्रशासनले पत्र काटेको भोलिपल्टै भने उसले क्याम्पको बाहिर रहेको गेट भत्काएको थियो ।

जनवर्गीय संगठनहरूका कार्यालयहरू भने पोखरामा माओवादीले भाडाका घरहरूमा संचालन गर्दै आएको छ, तर लिग भने नेसनल ट्रेडिङका गोदाम घरहरूमा रहँदै आएको छ । गोदाम घरहरूमा प्रशिक्षणहरूसहित निकै ठूला सभासमेत गर्न सकिने भएकाले पनि आफ्ना कार्यक्रमका लागि लिगलाई उक्त स्थान कामयावी भएको छ ।

काठमाडौंमा लिगका कार्यालयमा प्रहरीले छापा मारेको अवस्थामा पोखरामा कास्की प्रशासनले लिगलाई सरकारी ठाउँ कब्जा गरी नराख्न मात्रै उर्दी जारी गरेको हो । यता पोखरामा पनि प्रशासनले लिगलाई ठाउँ नछाडे बल नै प्रयोग गर्नेसम्मको संकेत दिएको छ ।

सरकारी जग्गा कब्जाको विषयमा सरकारी निकायबाटै फिर्ता गर्ने पहल सुरु भए पनि निजी सम्पत्ति फिर्ताका हकमा भने निरीह नागरिकहरूले माओवादीकहाँ गएर माग्न सकेका छैनन् । कास्कीको घान्द्रुकका एक होटलबाट लुटिएको ६० तोलाभन्दा बढी सुन र अरू सरसामान फिर्ताका लागि कुनै पहल कदमी चालिएको छैन । यस्ता मुद्दामा के कसरी कुरा गर्ने र कहाँ गएर गुहार माग्ने भन्नेसम्मको ज्ञान धेरै पीडितहरूमा छैन ।

निजी सम्पत्ति अझै पनि फिर्ता नभएका धेरै घटनामा पश्चिमाञ्चलको हकमा नवलपरासी, रूपन्देही र कपिलवस्तुमा बढी रहेको बताउँछन्, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका पश्चिमाञ्चल क्षेत्रीय संयोजक जीवन्त वाग्ले । माओवादीले आफ्ना विभिन्न जिल्ला कार्यालयहरूमा सम्पर्क गरेको खण्डका त्यस्ता मुद्दाहरूमाथि सुनुवाइ गर्ने बताएको छ । तर पीडितहरूलाई त्यस प्रक्रियाबाट थाहा नभएकै कारण न्यायमा पहुँच नभएको अनुभव सुनाउँछन्, वाग्ले । उनी भन्छन्, 'त्यस्ता केही घटना सार्वजनिक भएकोमा इन्सेक लगायतका मानवअधिकारवादी संस्था आफैंले चासो दिएर न्यायका लागि पहल गर्दै आएका छन्, तर धेरैको सम्पत्ति फिर्ता हुन सकेको छैन ।'

पर्वतको शालीग्राम गाविसका कमल भट्टराईको एक करोडभन्दा बढीको सम्पत्ति लुटिएको थियो । अहिलेसम्म त्यसबारे पनि कुनै पहल भएको छैन । यसअघि भट्टराई परिवारले पटक पटक हार गुहार गरेको थियो ।

मंसिर ५ गते नेपाल सरकार र विद्रोही माओवादी तथा संयुक्त राष्ट्रसंघबीच त्रिपक्षीय बृहत् शान्ति सम्झौता भएको थियो । त्यसपछि अन्तराष्ट्रिय कानुन लाग्दैन । माओवादीहरू विद्रोही वा राजनीतिक शक्तिबाट नागरिकसरह नै भएका छन् । त्यसैले उनीहरूले गर्ने सबै काम कारबाहीमा नागरिकहरूलाई सरह नै नेपाल सरकारको कानुन लाग्छ, तर यो राजनीतिक ज्ञान माओवादी कार्यकर्ताहरूले व्यवहारमा प्रकट गरेको भने भेटिन्न । पोखरामा कास्की प्रशासनले तीन दिनभित्र छाड्न भनेको सरकारी जग्गा कब्जामै लिइरहनु त्यसको जल्दोबल्दो उदाहरण हो ।

■ **केशव लामिछाने/पोखरा** (तस्विर:सुदर्शन रञ्जित)




प्रहरी प्रधान कार्यालय

खेलकुद र पत्रपत्रिका कोषको नाममा मासिक तलबबाट कटाएर उठाइएको रकम हिनामिना भएको खुलेपछि अहिले प्रहरी जवानहरू आक्रोशित छन् ।

# खेलकुद कोषमा गोलमाल

■ ज्योति देवकोटा/काठमाडौं

**लोकतन्त्रको** उदयपछि प्रहरी प्रशासनभित्र भ्रष्टाचारको सञ्जाल झन् मौलाउन थालेपछि प्रहरी प्रधानकार्यालयअन्तर्गत कार्यरत जवानहरू अहिले भ्रष्टाचारको विरोधमा मुख फोर्ने तयारीमा छन् । विगत लामो समयदेखि ५३ हजार प्रहरीजवान र अधिकृतको तलबबाट मासिक खेलकुद र पत्रपत्रिका कोषको नाममा रकम कट्टा गरिने भए पनि यसको उपयोगिताबारे प्रश्नहरू खडा भएका थिए ।

प्रहरी प्रधानकार्यालयमा अहिले ५३ हजार कर्मचारी छन् भने प्रत्येक जवानबाट खेलकुद कोषको नाममा मासिक ६५ देखि १ सय ५० रुपैयाँसम्म कटाइन्छ भने पत्रपत्रिकाको कोषको लागि मासिक ८ कटाइने गरिन्छ । 'प्रत्येक कर्मचारीबाट एक प्रतिशत उठाइन्छ, तर कति उठ्छ भन्नेबारे पूर्ण जानकारी छैन', प्रहरी प्रवक्ता सुशीलवर थापा भन्छन् ।

खेलकुद कोषका लागि प्रत्येक जवानबाट मासिक ६५ रुपैयाँ र अधिकृतस्तरका कर्मचारीहरूबाट १ सय ५० रुपैयाँ कट्टा गरिन्छ । नेपाल प्रहरीको संख्या करिब ५३ हजार छ । निरीक्षकभन्दा माथिल्लो तहमा करिब १४ सय प्रहरी कर्मचारी छन् ।

प्रहरी जवानहरूबाट मासिक करिब २३ लाख उठ्छ भने अधिकृतस्तरका कर्मचारीहरूबाट २ लाख १० हजार उठ्ने गरेको छ, तर यो पैसाको बारेमा भने स्पष्ट हिसाबकिताब प्रहरी प्रधानकार्यालयसँग छैन । गृहमन्त्रालयले खेलकुद र पत्रपत्रिका कोषका बारेमा आएका गुनासाहरूलाई सम्बोधन गर्न प्रहरी प्रधानकार्यालयले आधा रकम प्रहरी कल्याणकोषमा जाने र बाँकी खेलकुद क्रियाकलापमा सकिने बताएको थियो । 'हाम्रो आन्तरिक लेखापरीक्षण हुने गरेको छ । यो रकम हिनामिना भएको छैन', प्रवक्ता थापा भन्छन् । तर, पत्रपत्रिका र खेलकुद विकास कोषको नाममा उठेको रकमको बारेमा आफू पनि जानकारविहीन भएको बताउँदै थापा भन्छन्, 'कति पैसा उठ्छ भन्ने मलाई छैन । मेरो तलबबाट पनि कटाइन्छ ।

जे उद्देश्यका लागि जवानहरूसँग पैसा कटाइन्छ, उनीहरू अधिकांश खेलकुदमा सहभागिता हुन पाउँदैनन् । पत्रपत्रिका कोषका लागि प्रत्येक जवानबाट ८ रुपैयाँका दरले उठाइने मासिक चार लाख रुपैयाँको समेत हिसाबकिताब प्रस्ट छैन ।

प्रहरी प्रधानकार्यालयले प्रहरी दर्पण, प्रहरी मिरर, साप्ताहिक प्रहरी म्यागजिन जस्ता पत्रपत्रिका निकाल्नका लागि उक्त रकम प्रयोग गरिने बताइए यी कुनै पनि पत्रपत्रिका नियमित निस्कँदैनन् । प्रहरी प्रधानकार्यालयमा कार्यरत एक प्रहरी अधिकृत भन्छन्, 'प्रहरीहरूका लागि निस्कने कुनै पनि पत्रिका नियमित छैनन् । निस्किहाले पनि सीमित निस्किन्छन् । उच्च अधिकृत र प्रहरी प्रधानकार्यालयमा कार्यरत कर्मचारीहरूकहाँ बाहेक अन्यत्र ती पत्रिका पुग्दैनन् ।'

नाम लेख्न नचाहने प्रहरी प्रधानकार्यालयका अधिकृतका अनुसार ठूला अधिकृतहरूले जवानहरूलाई ब्याटमिन्टिङको कक र ब्याट बोकाउँछन् । जवानहरू खेल खेल्नु त के खेलमैदानमा छिर्न समेत पाउँदैनन् ।

खेलकुद र पत्रपत्रिकाको लागि भनेर प्रहरी संस्थामा कार्यरत जवानहरूको पेट काटेर जम्मा गरिएको रकम व्यापक हिनामिना हुने गरेको भन्ने कुरा बाहिर आएपछि गृहमन्त्रालयले समेत प्रहरी प्रधानकार्यालयसँग सोधपुछ गरेको भन्दै मन्त्रालयका प्रवक्ता वामनप्रसाद न्यौपाने भन्छन्, 'उठेको आधा रकम प्रहरी कल्याणकोषमा जम्मा गरिने जवाफ आएको छ ।'

खेलकुदका लागि मात्र मासिक करिब २७ लाख ९० हजार उठ्ने गरेको छ भने पत्रपत्रिका कोषको लागि भनेर मासिक ४ लाख रुपैयाँ उठ्ने गरेको छ । यो कोष प्रहरी महानिरीक्षक र प्रशासन अधिकृतको मातहतमा चल्ने हुँदा खेलकुद र पत्रपत्रिका कोषको नाममा वार्षिक रूपमा उठ्ने करिब ३ करोड पचास लाख हिनामिना हुने आशंका व्यक्त गर्दै एक अधिकारीले *समय*सँग भने, 'आन्तरिक रूपमै रकम उठाइने भएका कारण महालेखापरीक्षकको विभागले समेत यसको हिसाबकिताब हेर्न मिल्दैन । भित्र लेखापरीक्षण गर्ने बताइए पनि यो सबै मिलोमतोमा हुने गरेका कारण रकम हिनामिना हुने तथ्य प्रमाणित हुन्छ ।' तर, यसलाई अस्वीकार गर्दै अहिले प्रहरी प्रशासनको जिम्मा सम्हालिरहेका श्यामसिंह थापा भन्छन्, 'प्रहरीलाई चाहिने ज्ञानवर्धक सामग्री यही पैसाबाट किनिन्छ, राष्ट्रिय खेलकुद समिति पनि यहीबाट चलेको छ ।'

गृहमन्त्रालय अन्तर्गत प्रहरी प्रधानकार्यालयलाई करिब चार करोड छपाइ र मसलन्द खर्चको नाममा जाने गरेको छ । यसलाई नजिर गर्ने हो भने पनि प्रहरी जवानहरूबाट उठाइएको रकम सिंगै दुरुपयोग हुने गरेको देखिन्छ । प्रहरी महानिरीक्षक र प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रणमा यी कोष लगायत अन्य प्रशासकीय कामहरू संचालन हुने गर्छन् । प्रहरी जवानका लागि खरिद गरिने कपडामा समेत प्रतिमिटर ३ डलरको टेन्डर आह्वान गरे २ डलरमा खरिद गरेका उदाहरणहरू पनि प्रहरी प्रधानकार्यालयमा छन् । पछिल्लो समयमा प्रशासनको जिम्मा श्यामसिंह थापाले लगेका भए पनि बढी सक्रियता एसएसपी शारदाभक्त र महानिरीक्षकको रहने गरेको प्रहरी प्रधानकार्यालयका एक वरिष्ठ अधिकृतले *समय*लाई बताए ।

खेलकुद र पत्रपत्रिका कोषको नाममा मासिक तलबबाट कटाएर उठाइएको रकम हिनामिना भएको खुल्न आएपछि अहिले प्रहरी प्रधानकार्यालयभित्रैका जवानहरू आक्रोशित भएका छन् । गत महिना मात्र एक जवानले अधिकृतसामु यसैको विषयलाई लिएर कुरा गर्न खोज्दा सरुवा गरिएको विषय सम्झँदै प्रधानकार्यालयका अधिकारी भन्छन्, 'प्रहरी प्रधानकार्यालयभित्रै जवानहरू माथिल्ला तहका अधिकृतहरूको सामन्तवादी सोचको सिकार भइरहेका छन् ।'

प्रवक्ता सुशीलवर थापाका अनुसार महेन्द्र पुलिस क्लब पनि यसै पैसाले चल्ने गरेको छ । महेन्द्र पुलिस क्लबका लागि मासिक करोड खर्च उठ्ने गर्छ । खेलकुद कोषको लागि उठेको रुपैयाँ मासिक रूपमा २५ लाख उठ्ने गर्छ । प्रहरी अधिकृतहरूभित्रैको दोहोरो भनाइले जवानहरूलाई खेलकुदमा सामेल गराउने र मुलुकको जानकारीका लागि पत्रपत्रिका उपलब्ध गराउने भनेर उठाइएको रकम हिनामिना भएको हुनुपर्छ भन्ने तथ्य उजागर गर्छ ।

प्रहरीमा देखिएको नातावाद र कृपावादले प्रहरी मनोबललाई धराशायी बनाएका भनाइ सार्वजनिक भइरहेका बेला प्रहरी जवानहरूमाथि प्रशासनबाट गरिएका यस्ता शोषणले प्रहरीहरूमा हुनु पर्ने देशप्रेमको अंकुर झन् मरेर जाने देखिएको छ । ■



गतवर्षको अन्तिम दिन कर्णालीमा मोटर पुऱ्याउने सिलसिलामा जुम्ला नजिक सवारीसाधनका लस्कर

# साकार भयो सपना

■ ज्योति देवकोटा/जुम्ला (तस्बिर पनि)

**'हुम्ला जुम्ला गाडीमा कहिले गुड्ने हो डुंगा चढी राराताल कहिले घुम्ने हो'**

**कर्णाली** कति टाढा छ भन्ने बुझ्नलाई गायिका कुन्ती मोक्तानले गाएको यो गीत सम्झे मात्र पुग्छ। सडकमार्ग हुँदै दूरदराजमा रहेको मुगुको रारामा डुंगा चढ्ने सपना तत्कालै पूरा नभए पनि मोटर चढेर जुम्ला घुम्ने सपना भने पूरा हुने भएको छ। कर्णाली राजमार्गको ट्र्याक खोल्ने काम सकिएलगत्तै सुर्खेत हुँदै एक दर्जन जिपको ताँती जुम्लामा पुगेपछि यो गीतले सार्थकता पाएको हो।

चैत्र मसान्तको एक साता अगाडिसम्म कर्णाली राजमार्ग हुँदै मोटर जुम्लाको खलंगा आइपुग्छन् भन्दा कमैले विश्वास गरे। काठमाडौंबाट कालिकोट हुँदै जुम्ला सदरमुकाम पुगेका गाडीहरूको लामले कालिकोट र जुम्लावासीको हर्षको सीमा रहेन। एकदिन अगाडिसम्म बाटो खोलिने कुराको पत्तो नपाएका स्थानीय बासिन्दाले एकै रातमा सयौं स्वागतद्वारहरू बनाए। 'यति चाँडो यी गुड्न्या गाडी देखूला भन्न्या सोच्याकै थिएनम्', कालिकोटको मान्ममा एकाबिहानै गाडीलाई पूजा गर्न पर्खिएकी स्थानीय ६७ वर्षीया कल्पना शाहीले बताइन्।

सायद यसैले होला पहिलोपटक गत साता सुर्खेतबाट कर्णाली राजमार्ग हुँदै जुम्लाको खलंगा पुगेका गाडीहरूलाई त्यहाँका जनताले पूजाआजा गरे। सुरुदेखि नै धर्मनिरपेक्षताको वकालत गर्दै आएका माओवादीले समेत जुम्लामा पुगेको मोटरमाथि सिन्दूर र फूल चढाए। यो सिद्धान्तसँग नभएर भावनासँग जोडिएको कुरो थियो।

कर्णाली राजमार्गको सम्बन्ध सधैं त्यहाँको जनताको भावनासँग गाँसियो। गिरिजा, राजा जो पुगे पनि 'म बाटो ल्याइदिन्छु' भन्दा जनताले त्यो विचारलाई सधैं सम्मान गरे। कर्णालीमा रहेको बाटोको समस्या समाधानको चर्को नारा ल्याउनेलाई भगवान् माने। कर्णालीमा राजनीति गर्नेका लागि पनि यो विषय सधैं मसलाका रूपमा प्रयोग भयो। २०३२ सालदेखि सरकारले अनुदान दिँदै आएको चामल बहिष्कार र बाटो प्राथमिकता कर्णाली विकासका लागि सधैं बहसको विषय बन्यो।

पछिल्लो दशकमा चुलिँदै गएको माओवादी द्वन्द्वसँगै कर्णाली राजमार्गले पनि प्राथमिकता पाउन थालेको थियो। 'काम गर्न सक्ने अवस्था नभए पनि माओवादी द्वन्द्वसँगै कर्णाली विकासको विषयले प्राथमिकता पाएको हो', कांग्रेसका मनोनीत केन्द्रीय सदस्य तथा अन्तरिम संसद्का विधायक दिनबन्धु श्रेष्ठ भन्छन्। केन्द्रले दिएको रकम खर्च हुन नसके पनि सरकारले हरेक पक्षमा कर्णालीलाई

प्राथमिकतामा राख्यो। 'काम गर्न सक्ने अवस्था नभए पनि राज्यले एक दशकदेखि प्राथमिकतामा राख्न छाडेको छैन। यसलाई सरकारको कर्णालीप्रति सकारात्मक हेराइ मान्न सकिन्छ, तर कर्णालीको विकासका लागि ट्र्याक खोल्ने कामलाई मात्र सफल मान्न मिल्दैन', विधायक देवीलाल थापा भन्छन्।

मुलुकमा प्रजातन्त्रको बीउ रोपिएलगत्तै राज्यको प्राथमिकतामा परेको कर्णाली राजमार्गको सुर्खेत-जुम्ला सडकखण्डको २ सय ३२ किलोमिटर सडकले पूर्णता पाएपछि कर्णालीवासीको मुहारमा चमक देखिएको छ। सँगै चुनौतीसमेत थपिएको गहन भनाइ राख्छन् कर्णालीवासी। 'सडक बन्नु मात्र ठूलो होइन, हामीले सडकको सदुपयोग कति गर्छौं भन्ने कुरा महत्त्वपूर्ण हो', जुम्लाका अन्तरिम विधायक थापा भन्छन्।

सडकको अभावका कारण कर्णालीमा उत्पादन हुने वस्तुहरूले बजार पाउन नसकेको दुखेसो कर्णालीवासीको रहँदै आएको थियो। सडक पुग्ने हो भने जिल्लामा उत्पादन हुने स्याउले मात्र कर्णालीलाई सम्पन्न बनाउने बहसले सधैं ठाउँ पाउने गरेको थियो। 'सरकारले जसरी पछिल्ला वर्षहरूमा कर्णाली राजमार्गलाई प्राथमिकतामा पार्‍यो, त्यसैगरी कर्णालीको आर्थिक विकासमा समेत प्राथमिकता पार्न सक्नु पर्छ अनि मात्र अञ्चलले विकासमा फड्को मार्न सक्छ', माओवादी जिल्ला सेक्रेटरी नरेश भण्डारी भन्छन्।

अथक प्रयासपछि बजेट छुट्याउन थालिएको १६ वर्षमा सडकखण्डको ट्र्याक खोल्ने कामले पूर्णता पाएको हो। 'तर, यति मात्र सफलता होइन। सुर्खेत हुँदै जुम्लासम्म नियमित सडक आवतजावत गर्न अझ धेरै काम गर्नु पर्नेछ।' सडकमार्ग हुँदै जुम्लाको सदरमुकाम खलंगा पुगेका योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलले *समय*सँग बताए।

नियमित रूपमा जुम्लामा सडक यातायात सुचारु हुन थाल्यो भने कालिकोट र जुम्लाका जनताले महँगो हवाइभाडाको मारबाट राहत पाउनेछन् भने सधैं खाद्यान्नमाथि हुँदै आएको राजनीति पनि अन्त्य हुनेछ। नेपालगन्जबाट जुम्ला हवाइजहाजमार्फत सामान ओसार्नका लागि सर्वसाधारणले प्रतिकिलो ३३ देखि ४८ सम्म तिर्नु पर्छ भने भाडादरमा पनि कुनै एकरूपता छैन। 'बाटो नियमित रूपमा चल्न थाल्यो भने ५ सयमा नेपालगन्जबाट जुम्ला पुग्न सकिनेछ।' उद्योग वाणिज्यसंघका जुम्लाका अध्यक्ष गोविन्द शाही भन्छन्। नेपालगन्जबाट जुम्ला जानका लागि स्थानीयले प्रतिव्यक्ति ४ हजार रुपैयाँसम्म तिर्दै आएका छन्।

दोलखाको जिरीमा स्विस सरकारले बाटो बनाएर पाँच वर्षपछि सर्वेक्षण गर्दा बाटो पुगिसकेपछि त्यहाँका जनता झन् गरिब भएको रिपोर्ट सार्वजनिक भएको थियो। 'अब कर्णालीवासी यो नियतिबाट बच्नेतर्फ अग्रसर हुन सक्नु पर्छ', योजना आयोगको तर्फबाट कर्णाली क्षेत्रको विकासलाई हेरिरहेका भीमप्रसाद न्यौपाने भन्छन्।

विशेष गरी जुम्लामा उत्पादन हुने स्याउ र सिमीको बजारलाई सडकको विकाससँगै विस्तार गर्नु पर्ने न्यौपानेको धारणा छ। 'जसोतसो

## कर्णाली राजमार्गका लागि अहिलेसम्म खर्च भएको रकम

| आर्थिक वर्ष | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|
| २०४८/४९ | २ करोड | १ करोड ६१ लाख |
| २०४९/५० | २ करोड | ८२ लाख |
| २०५०/५१ | ६ करोड | ३ करोड ८५ लाख |
| २०५१/५२ | १० करोड | ९ करोड ८९ लाख |
| २०५२/५३ | १० करोड | ९ करोड ९१ लाख |
| २०५३/५४ | १० करोड | ६ करोड ९८ लाख |
| २०५४/५५ | १० करोड | ९ करोड ६६ लाख |
| २०५५/५६ | ११ करोड | ५ करोड ९९ लाख |
| २०५६/५७ | २५ करोड ८ लाख ४२ हजार | ७ करोड ८७ लाख |
| २०६७/५८ | ३५ करोड ३१ लाख ६० हजार | १४ करोड ७ लाख |
| २०५८/५९ | ३२ करोड ६१ लाख ६९ हजार | ८ करोड ९७ लाख |
| २०५९/६० | १४ करोड ५४ लाख ७ हजार | ३ करोड ५२ लाख |
| २०६०/६१ | ४६ करोड | ७ करोड १० लाख |
| २०६१/६२ | २५ करोड ५६ लाख १५ हजार | ९ करोड ९३ लाख |
| २०६२/६३ | २४ करोड ५० लाख | १३ करोड १२ लाख |
| २०६३/६४ | ७ करोड | २ करोड २७ लाख |

## अभाव सुरु

**जुम्लामा** सडकरेखा जोडिँदै गर्दा सदरमुकाम खलंगामा दैनिक उपभोग्य सामानको अभाव देखिन थालेको छ। व्यापारीहरूले गत एक महिनादेखि महँगो हवाइभाडा तिरेर दैनिक उपभोग्य सामान झार्न छोडेपछि अहिले सदरमुकाममा उपभोग्य वस्तुको अभाव देखिन थालेको हो।

अहिलेसम्म कर्णालीका सबै जिल्लामा वायुमार्ग हुँदै दैनिक उपभोग्य सामानको ओसारपसार गरिँदै आइएको थियो। नेपालगन्जबाट जुम्लाका लागि हवाइयातायातमा सामान ओसार्दा व्यापारीले प्रतिकिलो २६ देखि ४० रुपैयाँसम्म तिर्नु पर्छ। सडक यातायात खुलेपछि व्यापारीहरू सस्तोमा सडकमार्ग हुँदै सामान भित्र्याउने योजनामा बुन्न थालेपछि सदरमुकाममा दैनिक उपभोग्य वस्तुको अभाव देखिन थालेको हो। 'व्यापारीहरूले चाँडै सडकमार्ग हुँदै सामान भित्र्याउन सपना बुन्न थालेपछि बजारमा सामान अभाव देखिन थालेको हो।' उद्योग वाणिज्य संघ जुम्लाका अध्यक्ष गोविन्द शाही भन्छन्।

बाटोको अवस्था हेर्ने हो भने तुरुन्तै मालवाहक सवारीसाधनहरू गुड्न सक्ने देखिँदैन। चैत्र मसान्तभित्र सडक सकाउनै पर्ने दबाब आएका कारण सेनाले ट्र्याक मात्र खोलेको छ। कडा र विशाल चट्टानहरू फोरेर बनाएको बाटोलाई निरन्तर रूपमा सवारीसाधन गुडाउने अवस्थामा पुर्‍याउन अझै ६ महिना लाग्ने देखिन्छ। 'सबैको उत्साहले हामीलाई काम गर्न थप जाँगर थपेको छ। त्यसैले आगामी तीन महिनाभित्र कर्णाली राजमार्गलाई निरन्तर सवारीसाधन कुद्ने अवस्थामा पुर्‍याउनेछौं', नेपाली सेनाको निमार्णकार्य हेरिरहेका उद्धव विष्ट भन्छन्।

जुम्लामा उडान भर्ने विमानहरूले प्रतिदिन हवाइ कार्गोमार्फत लाखौं रुपैयाँबराबरको मालसमान जुम्ला भित्रिने गर्छ। सडकबाटो खुल्ने कुराले चर्चा पाएपछि नेपालगन्ज र सुर्खेतबाट व्यापारीहरूले दैनिक उपभोग्य सामान बुक गराउन छाडेका हुन्। 'सडक बाटो हुँदै सामान भित्र्याउने हो भने अझै ६ महिना कुर्नु पर्ने हुन्छ। त्यति बेलासम्म जुम्लामा हाहाकार हुनसक्छ', उद्योगवाणिज्य संघका गोविन्द शाहीको कथन छ।

अहिले जिल्लामा सामान भित्रिन छोडेपछि साबुन, चिनी, बिस्कुट, चाउचाउ जस्ता वस्तुको मूल्य बढ्न थालेको छ भने केही दिनमै अन्य सामानको पनि अभाव हुने बताउँछन्, शाही। तुरुन्तै सामान ओसार्न सक्ने ठूला साधनहरू गुडिहाले भने सस्तोमा परिने भएका कारण व्यापारीहरू पनि हवाइ यातायातमा सामान झिकाउन तत्पर देखिएका छैनन्। बाटोको अवस्था हेर्दा भने तुरुन्तै ठूला यातायातका साधनहरू गुड्न सक्ने अवस्था छैन। 'अबको तीन महिनाभित्र नेपाली सेनाले जुम्लामा सामान ओसार्ने ठूला यातायातका साधन गुड्न सक्ने बाटो निर्माण गर्नेछ', प्रधानसेनापति रुक्मांगत कटवालले भने। ■



कर्णालीमा पुगेको सेनाको मोटरलाई स्वागत गर्दै स्थानीयवासी

सडकरेखा कोरिएको छ। यसमा मालवाहक साधन चल्न केही महिना लाग्छ।' ठूला कडा चट्टानलाई सोचेभन्दा अगाडि नै सेनाले सकाए पनि बाटो साँगुरो र कतिपय ठाउँमा सडकले अझै पूर्णता नपाएका कारण तुरुन्तै कर्णाली राजमार्गमा यात्रुवाहक र मालवाहक गाडी चल्न सक्ने अवस्था छैन।

'अझै धेरै ठाउँमा बाटोलाई स्तरीय बनाउनु पर्नेछ। कर्णालीवासीको चासो र उत्साह समेट्न हामीले सुर्खेत हुँदै जुम्लामा कमसेकम जिप मात्र भए पनि पुऱ्याउने योजना बनाएका हौं', नेपाली सेनाअन्तर्गत निर्माण कार्य हेरिरहेका उद्धव विष्ट भन्छन्।

कर्णालीमा राजनीति गर्नेहरूका लागि सुर्खेत-जुम्ला सडक र खाद्यान्नको राजनीति सधैं फलिफाप भयो। केन्द्रले छुट्याएको रकम समयमा नपुग्ने र पुगेको रकम पनि खर्च नहुने परिपाटीले बाटोको सपना बुनेको १६ वर्षपछि कर्णाली राजमार्गले पूर्णता पायो। सुर्खेत-जुम्ला सडकअन्तर्गत बाँकी रहेको कालिकोटखण्डको ८८ किलोमिटर साढे दुई वर्षअगाडि सेनालाई जिम्मा दिएको थियो। नाग्मदेखि जुम्लाखण्ड र सुर्खेतदेखि कालिकोटको खिड्कीज्युलासम्मको सकड सकिएको भए पनि बाँकी भएको कडा चट्टानयुक्त सडक नसकिएका कारण बाटोले पूर्णता पाएको थिएन। 'विगतमा माओवादी समस्याले गर्दा हामीले त्यति सक्रिय हुन सकेनौं। जनआन्दोलन-२ सफल भएलगत्तै सेनामाथि आएको आदेशलाई हामीले पूर्णता दिएका हौं', विकास निर्माण कार्यदलका प्रमुख उद्धव विष्ट बताउँछन्। ■

## बिचरा कार्यदल

कालिकोटको चट्टान देखेपछि चिनियाँ ठेकेदार २०६१ ताका फर्कियो। सरकारले कर्णाली राजमार्गको सबैभन्दा अप्ठ्यारो चट्टानयुक्त ८८ किलोमिटर खण्ड निर्माणका लागि नेपाली सेनालाई जिम्मा दिएको थियो। त्यसै बेलादेखि कर्णाली राजमार्गमा रहेको चट्टानसँग रातदिन लागिरहने सेना सडक निर्माणका लागि सबैभन्दा बढी घोटिनु पऱ्यो।

नेपाली सेनाअन्तर्गत रहेको विकास निर्माण कार्यदलमा रहेका करिब १ हजार सैनिक करिब साढे दुई वर्ष कर्णाली राजमार्गमा खटिएका थिए। पिली आक्रमणपछि कार्यदलले ५५ सैनिक गुमाएपछि करिब पाँच महिना बन्द भएको बाटो निर्माण कार्य पुनः १ हजार कार्यदल सैनिक दाखिला गराएर कार्यलाई तीव्रता दिइएको थियो।

बिहान ४ बजेदेखि राति ११ बजेसम्म सबैभन्दा जोखिम मानिएको बाटोको काममा खटिएका सिपाहीले जोखिम मोलेबापत दैनिक ३० रुपैयाँ खाजाभत्ताबाहेक अन्य केही पाउँदैनथे। 'जोखिममा काम गरेबापत शान्ति सेनामा उनीहरूलाई प्राथमिकतामा राख्ने गरेका छौं', सैनिक अधिकृत उद्धव विष्ट बताउँछन्।

'माथिल्ला हाकिमले काम गर् भने पुग्ने। गत पाँच महिना त हामीले खानासमेत राम्ररी खान पाएनौं', कर्णाली राजमार्गको नाग्मगाड खण्डमा कार्यरत एक सिपाहीले बताए। बाटोमा पाल टाँगेर हिलो, धुलो र चट्टानमा खटिएबापत कतिपय सिपाहीलाई सेनाले आश्वासन दिएबमोजिम बाहिर समेत नपठाएको गुनासो समेत पोखे कालिकोटखण्डमा कार्यरत एक सिपाहीले।

स्थानीय बासिन्दाहरूले समेत बाटो निर्माणमा सबैभन्दा सक्रिय तल्लो तहका सिपाहीहरू रहेको र उनीहरूको योगदान कदरयोग्य रहेको बताए। 'मध्य रातसम्म पनि विस्फोट गराएर काँधमा ढुंगा बोक्थे', बाटोको कामका स्थानीयस्तरबाट लागेका भर्ता गाविस-८ कालिकोटका अमरबहादुर विकले बताए। बाटो निर्माणका लागि सेनाले ११ हजार क्विन्टल विस्फोटक प्रदार्थ प्रयोग गरेको थियो भने ४ लाख थान डेटोनेटरले कडा चट्टानलाई धुल्याएको थियो। त्यसैगरी ४ किलोमिटर सेफ्टी फ्युज प्रयोग गरिएको थियो। साढे दुई वर्षको दौरानमा प्रतिवर्ष ३५ किलोमिटरको गतिमा निर्माण गरिएको थियो। 'हामीले कार्यदलका सेनाको कामलाई कदर गरेका छौं', विष्ट भन्छन्। सेरीगाड र नाग्मको बेलीब्रीजसहित ५७ करोड ४७ लाख खर्च भएको थियो। राजमार्ग निर्माणमा संलग्न सैनिकहरूमाथि माओवादी विद्रोहीले कालिकोटको पिलीमा आक्रमण गर्दा एक करोडको क्षति भएको सेनाको दाबी छ। ■

## आयोगको विशेष बैठक जुम्लामा

सिंहदरबारभित्र बसेर दूरदराजमा रहेको कर्णालीको विकासको रेखा कोर्ने योजना आयोगको परिपाटी यो पाला अन्त्य भएको छ। कर्णालीराजमार्ग हुँदै जुम्लाको सदरमुकाम खलंगा पुगेको योजना आयोगको टोलीले पहिलोपटक कर्णालीको विकासका लागि जिल्लास्तरमै बसेर योजनाहरूबारे छलफल गरेको हो।

'अहिलेसम्मको ऐतिहासिक इतिहास हेर्ने हो भने सिंहदरबारभन्दा बाहिर योजना आयोगको बैठक बसेको छैन। केन्द्रमै बसेर योजना बन्छन् भन्ने खप्पी खाइरहेका बेला योजना आयोगले मुलुककै दुर्गमामा रहेको जुम्लामा बैठक गर्ने निर्णय गरेको हो', योजना आगोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेल भन्छन्।

जुम्लामा बसेको योजना आयोगको बैठकले आगामी तीनवर्षे योजनाअन्तर्गत कर्णाली अञ्चलका पाँचैवटा जिल्लामा सडक यातायात पुऱ्याउने, सडकको १ सय ३५ किलोमिटर सडक कालोपत्रे गर्ने, आगामी कार्तिकभित्र कर्णाली राजमार्ग सडकविभागलाई हस्तान्तरण गर्ने, सडकको अनुगमन समिति गठन गर्ने जस्ता निर्णयहरू गरेको छ।

'हामी जिल्लामा भएका निर्णयलाई केन्द्रमा गएर लागू गराउनेतर्फ सक्रिय हुनेछौं', आयोगका प्रवक्ता श्यासुन्दर शर्मा बताउँछन्। आयोगले ल्याउन लागेको त्रिवर्षीय अन्तरिम योजनाको लागि पहिलोपटक स्थानीयस्तरमा गएर जिल्लावासीलाई चाहिने योजनासम्बन्धी छलफल गरेको हो।

आयोगले तीनवर्षे योजनाका लागि मुगुमा समेत सडक यातायातलाई जोड्न नाग्मगाडदेखि मुगुसम्मको ८८ किलोमिटर सडकलाई समेत पूरा गर्ने र जुम्ला हुँदै डोल्पाको लागि सडक जोड्ने योजनालाई प्राथमिकता दिने बताएको छ। ■


प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला


वनमन्त्री मातृका यादव

तस्वीरहरू : समय

# सहकार्य टुट्ने स्थिति

**प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको हैकमवादी शैली र संविधानसभाको निर्वाचन गर्न नदिने तत्त्वहरूको षड्यन्त्रको चुरो बुझ्न नसक्दा आठ दलको एकता धरापमा पर्दै गएको छ । वैशाख ५ गते मन्त्रिपरिषद्को बैठकमा वृद्ध प्रधानमन्त्री कोइरालाको उनीभन्दा आधा उमेर कान्छा माओवादीका मन्त्री मातृका यादवले ठाडो भाकामा विरोध गरेपछि आठ दलको एकता धर्मराएको स्पष्ट देखिएको छ ।**

■ **किरण भण्डारी/काठमाडौं**

**दक्षिण एसियाली** राजनीतिमा आफूले गरेको गल्तीको जिम्मेवारी नलिई दृश्यभन्दा अदृश्य शक्तिलाई दोषारोपण गर्ने प्रवृत्ति व्याप्त छ । आफ्नो अकर्मण्यताले भएका त्रुटिहरूको बचाउका लागि स्वदेशी र विदेशी अदृश्य र अमूर्त शक्तिहरूलाई खलनायकको रूपमा उभ्याउने प्रवृत्ति पनि यथावत् नै छ ।

निर्वाचन आयोगले २०६३ साल अन्तिम दिन यथेष्ट कारणसहित असार पहिलो साताभित्र संविधानसभाको निर्वाचन सम्भव छैन भनी सार्वजनिक अभिव्यक्ति दिएपछि नेपालका राजनीतिक दलहरूबीच पुनः आरोप-प्रत्यारोपको सिलसिला सुरु भएको छ ।

आयोगले पटक पटक सचेत गराउँदा समेत निर्वाचन हुन सक्ने वातावरणका निम्ति पूर्वसर्त परिपूर्ति गर्न तत्पर नदेखिने तर संविधानसभाको निर्वाचन सार्नुपर्ने परिस्थितिबाट समेत राजनीतिक लाभहानिको दाउपेचमा दलहरू लागेका छन् । हाम्रा यी यी कमजोरीले निर्वाचन हुन नसकेको हो भनी जनतासँग माफी माग्नुको साटो दलहरू आफ्नै दुनो सोझ्याउन कस्सिएका छन् ।

'एक वर्षमा हामीले संसारले उदाहरण मान्ने गरी राजनीतिक उपलब्धि हासिल गरेका छौं, सबैलाई सहमत गराएर संविधानसभाको निर्वाचन पनि गराउँछौं भन्न सक्नुपर्थ्यो', राजनीतिक विश्लेषक दुर्गा सुवेदी भन्छन्, 'तर फेरि पनि अर्कालाई मात्र दोषको भागिदार बनाउने कोसिस सुरु भएको छ ।'

अन्तरिम संविधान जारी र सरकार निर्माण सहमतिको तालिकाभन्दा चार महिना ढिलाइ भएको प्रतिविम्ब संविधानसभाको निर्वाचन गर्ने तिथिमा झल्कने निश्चित थियो । यस विषयमा अग्रिम जानकारी हुँदाहुँदै आयोगले तिथि सार्न माग गर्नेबित्तिकै वामपन्थीहरूले कोकोहोलो मचाएर नाटक मञ्चन गरिरहेका छन् ।

क्रान्तिकारी देखिने होडमा संसद्बाटै लोकतान्त्रिक गणतन्त्रको घोषणादेखि राजाको विषयमा तुरुन्त जनमतसंग्रह हुनुपर्ने विषय जोडदार रूपमा उठेको छ, अहिले । एमाले र माओवादीले यो विषय अन्तरिम संविधान निर्माणकै क्रममा जोडदार रूपमा उठाएका थिए । त्यति बेलै सहमति हुन नसकेको यो विषय फेरि दोहोऱ्याउनुले ढिलाइलाई मलजल मात्र हुन्छ । दुवै कांग्रेस यस विषयमा सहमत हुने लक्षण देखिएको छैन ।

सत्तारुढ कांग्रेस पनि निर्वाचनको उपयुक्त तिथि घोषणाका लागि आम सहमति जुटाउन खासै चासो देखाइरहेको छैन । दलित, जनजाति, कर्णाली, मधेसी, महिला लगायत सीमान्तकृत वर्गको सहमतिमा निर्वाचन तिथिको घोषणा गर्नुको साटो राजनीतिक खेलाडीहरू विभिन्न अड्को थापेर ढिलाइ निम्त्याउन उद्यत भएको आरोप लागेको छ ।

'राज्यबाट ठगिएका सबै वर्गको प्रतिनिधित्वको ग्यारेन्टी हुनेगरी सहमति कायम गरी संविधानसभाको लक्ष्यमा अघि बढ्नुबाहेक विकल्प छैन', पूर्व प्रमुख निर्वाचन आयुक्त वीरेन्द्रप्रसाद मिश्र भन्छन्, 'सहमति कायम गरेर जतिसक्दो चाँडो निर्वाचन गर्नुपर्छ ।'

आयोगले कम्तीमा साढे तीन महिना निर्वाचन नहुने घोषणा गरेको एक साता बितिसक्दा पनि राजनीतिक सहमति जुट्न सकेको छैन । जिम्मेवार दलहरू नै 'गुमनाम' देशी-विदेशी प्रतिक्रियावादीहरूको चलखेल भन्दै षड्यन्त्रको लागि 'स्पेस' दिइरहेका छन् । 'एक-अर्कालाई दोष लगाएर कसैलाई उन्मुक्ति हुँदैन', नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुननरसिंह केसी भन्छन्, 'राज्य पक्ष, माओवादी र संयुक्त राष्ट्रसंघको प्राविधिक र प्रशासनिक ढिलाइ उत्तिकै जिम्मेवार छ ।' आठ दलको एकता झनै अपरिहार्य भएको बताउँदै तिक्तता मेट्न नयाँ बाटो र विकल्प खोज्नुपर्ने उनले बताए । 'तर टुंगो लागिसकेका विषयलाई फेरि उठाएर भाँजो हाल्नुको केही अर्थ छैन', उनी भन्छन् ।

# 'एमाले सरकारबाट बाहिरिन पनि सक्छ'



■ वामदेव गौतम

**संविधानसभाको निर्वाचन असारमा हुन नसकेको विषयमा जिम्मेवारी लिनुको साटो षड्यन्त्र भयो भन्नु पानीमाथिको ओभानो बन्न खोजेको भएन र ?**

संविधानसभाको निर्वाचन जेठभित्रै सम्पन्न गर्ने विषयमा हामीबीच सहमति भएको जगजाहेरै छ। जिम्मेवार दल र सरकार त्यहीअनुरूप क्रियाशील हुनुपर्थ्यो। समयमा गृहकार्य गर्न नसकिएकाले अहिले निर्वाचन सम्भव भएन। आयोगले बाध्य भएर विभिन्न प्राविधिक कारण दर्शाएर पूर्वघोषित समयमा निर्वाचन हुन नसक्ने बतायो। जे कारणले निर्वाचन नहुने अवस्था सृजना भएको त्यो वास्तविकता बाहिर आएको छैन। वास्तविक तथ्यहरू ढाकछोप गरेर प्राविधिक कारणमात्र बाहिर ल्याइएका छन्। यसले आठ दलभित्रै गम्भीर आशंका र अविश्वास उत्पन्न भएको छ। जनतामा झनै शंका र विभिन्न भ्रम पैदा भएको छ।

**समय अभाव होइन भने निर्वाचन किन हुन नसकेको त ?**

जे सत्य हो, त्यो अहिले प्रस्टै भन्न सकिने अवस्था पनि छैन। तर यो ढिलाइमा षड्यन्त्रको प्रशस्त गन्ध छ। अब भविष्यमा कुनै तिथिमिति तोक्दैमा सहज ढंगले संविधानसभाको निर्वाचन हुन्छ भनेर पत्याउने अवस्था छैन। आठ दलीय एकताको सुनिश्चितता र निर्वाचनको ग्यारेन्टीका निम्ति संसदबाट लोकतान्त्रिक गणतन्त्रको घोषणा वा जनमतसंग्रहबाट राजाको स्थानको टुंगो लगाउनैपर्छ। तर कांग्रेस र कांग्रेस प्रजातान्त्रिक जस्ता दलहरू त्यसमा तयार भइरहेका छैनन्। यसलाई पनि षड्यन्त्रको अर्को हिस्सा मान्न सकिन्छ।

**के कस्तो षड्यन्त्र भयो स्पष्ट पार्दिनुस् न ?**

स्पष्टै संकेत गरिसकें नि। यतिभन्दा बढी भन्न मिल्दैन। त्यसो भए त सडकमा नांगै हिंडे भइहाल्यो नि। अरूको लाज जोगाइदिनु पनि जिम्मेवार दलको कर्तव्य हो।

एमालेले जनमतसंग्रह र माओवादीले संसद्बाटै गणतन्त्रको घोषणाको मुद्दा अन्तरिम **संविधान जारी हुनुअघि नै त्यागिसकेकोमा फेरि दोहोर्‍याउनु भाँजो हालेको भएन र ?**

जनआन्दोलन-२ को मूल लक्ष्य संविधानसभाको निर्वाचन जेठभित्रै गर्ने सहमतिअनुसार हामीले त्यति बेला फरक मत हुँदाहुँदै पनि सबैको निर्णय मानेका हौं, तर प्रतिबद्धता व्यक्त गरिएको मितिमा निर्वाचन नभएपछि नयाँ परिस्थिति सृजना भएको छ। निर्वाचन स्थगित गर्नुपरेको विषयमा आठ दलको सहमति जुटाइएको छैन।

**यो परिस्थिति सृजना हुनुमा को जिम्मेवार छ त ?**

- प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला प्रमुख दोषी हुन्। अन्तरिम सरकार निर्माणलगत्तै संसद्लाई संशोधन गर्दै तोकिएको मितिमा निर्वाचन नभए राजीनामा दिन्छु भनेका थिए, उनले। अब त्यो उनको नैतिक जिम्मेवारीमा पर्ने विषय हो, तर संविधानसभाको निर्वाचन समयमै हुन नसक्नुमा उनी सर्वाधिक जिम्मेवार भएको उक्त भनाइले नै पुष्टि गर्छ। राष्ट्रिय प्रतिबद्धता हुँदाहुँदै संविधानसभाको निर्वाचन हुन नसकेको सत्यले निर्वाचनको तिथि घोषणाभन्दा पनि राजाको विषयमा निर्णय हुनुपर्ने मुद्दालाई प्रधान बनाएको छ। कुनै पनि विधिबाट लोकतान्त्रिक गणतन्त्रको घोषणापछि मात्र संविधानसभाको निर्वाचन हुन सक्छ भन्ने हाम्रो ठहर हो।

**आठ दल गठबन्धनको टोकरीमा कुहिएको आलु छ भन्ने थाहा भए त्यसलाई टिपेर फालिदिनुपर्ने होइन ? किन राजाको विषयमा निर्णय नगरी संविधानसभा हुन सक्दैन भनी विषयान्तर गरिएको ?**

राजनीतिमा सबै निर्णय लिन त्यति सजिलो हुँदैन। प्रधानमन्त्री बनाइहालियो, हटाउन त्यति सजिलो छैन। प्रधानमन्त्रीको सहकार्यको संस्कृति नभएकाले नै यो अवस्था आएको हो। त्यसैले यस विषयमा कुरा राखिरहेका छौं र सबैलाई भनिरहेका छौं।

होइन, साझा सहमति तोड्दै हुकुमी शासन चलाउने वा एउटा दलको विचार मात्र लाद्ने काम हुन्छ भने सरकारबाट हट्नेभन्दा हामीसँग अरू विकल्प रहँदैन। सहकार्यको राजनीतिक संस्कार विकास नभए धेरै दिन निरंकुश शासन व्यहोरेर बसिँदैन।

**त्यसो भए सबैभन्दा जरुरत भएका बेला आठ दलको एकता अब धरापमा परेको छ ?**

भिन्नाभिन्नै राजनीतिक आस्था र विश्वास भएका दलहरू सदाका लागि एक भएका होइनन्। साझा उद्देश्य प्राप्तिपछि आ-आफ्नै किसिमले अघि बढ्नु त छँदै छ, तर संविधानसभाको निर्वाचन हुन नदिन षड्यन्त्रका अनेकौं तानाबाना बुनिन्छ र सहकार्य तथा सहमतिको संस्कार अनुकरण हुँदैन भने सत्तामा टासिइरहनु पर्छ भन्ने छैन।

**एमाले अडान राख्न र त्याग्न उत्तिकै जोडदार छ भनिन्छ, यसपालि पनि त्यही क्रम दोहोरिएला नि ?**

समयमा संविधानसभाको निर्वाचन होस् भन्ने पवित्र चाहनाले हामीले जनमतसंग्रहको अडान त्यागेका थियौं। निर्वाचन समयमा नहुने निश्चित भइसकेपछि पनि लत्रिरहनुपर्छ भन्ने जरुरी छैन। स्थिति नसुध्रिएमा संविधानसभा गराइछाड्न सशक्त जनआन्दोलन गरेर दबाव सृजना गर्छौं।

**जनआन्दोलन एमालेको संस्थागत धारणा हो कि तपाईंको व्यक्तिगत विचार ?**

अहिलेसम्म औपचारिक निर्णय भइसकेको छैन, तर घटनाक्रमले जनआन्दोलनमै जाने निर्णय गर्नुपर्ने परिस्थिति सृजना गरिसकेको छ।

संविधानसभाको तिथि घोषणाअघि नै राजाको थान्को लगाउनु पर्ने माग वाम खेमाबाट जोडदार रूपमा उठिरहेको छ। नत्र भने संविधानसभा विभिन्न षड्यन्त्रको सिकार हुने तर्क पेस गरिएको छ।

संविधानसभाको निर्वाचनसम्म आठ दलको एकता अक्षुण्ण भएमा निर्वाचन सम्पन्न गर्न धेरै सहज हुन्थ्यो भन्ने धारणा आयोगको पनि छ। तर काम गर्ने वातावरणको निर्माणप्रति कोही पनि इमानदार नदेखिएको आयोग उच्च स्रोतले दुःख प्रकट गरेको छ।

'आठ राजनीतिक दलको एकता टुटेमा संविधानसभाको निर्वाचन आकाशको फल पनि हुन सक्छ', आयोग स्रोतको आँकलन छ, 'एक वर्षमा यत्रो चमत्कार गर्न सफल दलहरू किन अलमलिएका हुन्, केही बुझ्न सकिएन।'

एमालेका नेता वामदेव गौतमले आठ दलभित्रैका घटकहरूलाई षड्यन्त्रको गोटी बनेको आरोप लगाएका छन्। नाम नलिई प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र दुवै कांग्रेसलाई संविधानसभाको निर्वाचन हुन नदिने षड्यन्त्रमा फसेको आरोप उनले लगाएका छन्।

राजा रहेसम्म त्यस्तो षड्यन्त्रको गुन्जायस रहिरहने हुँदा गणतन्त्र स्थापना गरेर मात्र संविधानसभाको

मार्ग तय गर्नुपर्ने गौतमको धारणा छ । एमालेका नेता झलनाथ खनालले निरंकुश हुकुमी शैलीको प्रधानमन्त्री अग्रगमनको बाधक भएमा विकल्प खोज्ने बेला भइसकेको बताएका छन् ।

माओवादीको धारणा पनि एमालेको भन्दा खासै फरक छैन । प्रधानमन्त्रीको हेपाहा र एकोहोरो तानाशाही शैलीले यो अवस्था ल्याइपुर्‍याएको भन्दै सत्ताका घटकहरू यसबाट उत्पन्न हुने असरहरूको जिम्मा पनि कोइरालाले नै लिनुपर्ने बताउँछन् ।

राजनीति शास्त्रका प्राध्यापक कृष्ण पोखरेलको विश्लेषणमा जेठ-असारमै चुनाव नहुँदैमा विघ्न हुन्छ भन्नु दलहरूको आफूमाथिको अविश्वास हो र आफ्नै अक्षमता हो । अहिलेका राजनीतिक खेलाडीहरू अर्थात् आठ दलबीचको एकता कायम रहेसम्म कसैको षड्यन्त्र पनि सफल नहुने उनको ठोकुवा छ । त्यति मात्र हैन, प्रतिगमनको अभीष्ट दलहरूभित्र घुसपैठ नगरी सम्भव छैन ।

आयोगले निर्वाचन सार्नुपर्ने औपचारिक घोषणा गरेपछि विकसित राजनीतिक घटनाक्रमले संविधानसभासम्मको यात्रा धेरै अवरोधपूर्ण भएको देखाएको छ । जनआन्दोलन-२ को सफलतापछि 'सर्वमान्य नेता'को हैसियत बनाएका कोइरालामाथि विभिन्न कोणबाट आक्रमण हुन थालेको छ ।

सत्ताका प्रमुख घटकहरूबीच बढ्दो तिक्तता कोइराला र माओवादी मन्त्री मातृका यादवबीचको घम्साघम्सीपछि छताछुल्ल भएको छ । यो विवादले चैत ५ गतेको मन्त्रिपरिषद् बैठक स्थगित भएको मात्र हैन, सदन समेत अवरुद्ध भएको छ । मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री कोइराला मन्त्री यादवसँग रुष्ट हुनुको प्रमुख कारण सेनाको विषयमा जथाभावी बोलेको र माओवादी मन्त्रीको अपरिपक्व र ठाडो शैली मानिएको छ ।

यादवले रक्षा मन्त्रालयको कार्यक्षेत्रमा जथाभावी टिप्पणी गरेको भन्दै औपचारिक रूपमा बैठक सुरु नहुँदै प्रधानमन्त्री कोइरालाले चेतावनीयुक्त भाषा प्रयोग गरेपछि उत्पन्न विवादले बैठक नै अवरुद्ध भयो ।

कोइरालाले आफ्नो मन्त्रालयभन्दा अन्यत्रको विषयमा जथाभावी नबोल्न आग्रह गरेपछि यादवले 'तपाईंले मन्त्री बनाएको हैन, त्यसैले मन लागेको कुरा बोल्न पाउनुपर्छ' भनेका थिए । आक्रोशित स्वभावका कोइरालाले 'उसो भए जसले मन्त्री बनाएको त्यहीँ जाने' भनेपछि माओवादी मन्त्रीहरू बैठक बहिष्कार गरेर बाहिरिएका थिए ।

वन फडानी र वन्यजन्तु विनाशमा सेनाका जर्नेलहरू मतियार रहेको यादवको केही दिनअघिको भनाइप्रति आपत्ति जनाउँदै सैनिक मुख्यालयले रक्षा मन्त्रालयको ध्यानाकर्षण गराएको थियो । रक्षा सचिवालय मौन रहेपछि प्रधानसेनापति कटवालले चैत ४ गते प्रधानमन्त्रीसमक्ष यस्तो भनाइले सेनाको छवि धुमिल बनाउने भन्दै आपत्ति प्रकट गरेपछि त्यसकै प्रतिक्रिया स्वरूप यो मुद्दा आएको हो । मातृकाले उक्त घटनाबारे 'राजा गिरिजाको विरोध गरेको हुँ' भन्ने भनाइ सार्वजनिक गरेका छन् ।

कुनै तहमा कोही सैनिक अधिकृत त्यस्तो क्रियाकलापमा संलग्न भए कारबाही गर्न तयार रहेको बताउँदै कटवालले पूरै संगठनलाई मुछ्न नपाइने जिकिर गरेको बालुवाटार स्रोतले जानकारी दिएको छ । असार २ गते पनि प्रचण्डले नेपाली सेनालाई बलात्कारीको आरोप लगाएर पछि माफी मागेका थिए ।

माओवादीका तर्फबाट महिला, बालबालिका तथा समाज कल्याणमन्त्री खड्गबहादुर विश्वकर्माले यादवको अभिव्यक्ति छलफलको विषय हुन सक्ने भए पनि प्रधानमन्त्रीले निरंकुश हुकुमी शैली लाद्न खोजेकाले मन्त्रिपरिषद्को बैठक बहिष्कार गरेको बताएका छन् ।

माओवादी मन्त्री र प्रधानमन्त्रीबीचको यो तनावलाई प्रचण्डसँग ५ गते अपरान्हको भेटघाटपछि कोइरालाले अवतरण गराएका छन् । नीतिगत नभई शैलीको विषयमा आपत्ति भएकाले व्यवहार परिष्कृत हुँदै जाने आश्वस्त पारेपछि यो विवादको आगो निभेको छ । तर, वृद्ध र सम्मानित नेता प्रधानमन्त्री कोइरालासँग मन्त्री यादवले गरेको ठाडो व्यवहारले आठ दलको एकतामा उब्जिएको तिक्तताकै प्रमाण दिएको छ ।

पश्चिमा मात्र हैन, भारतका शक्तिशाली शक्तिहरूले नै माओवादी र कांग्रेसको निकटताप्रति असन्तुष्टि जाहेर गरिरहेका छन् । सार्क शिखर सम्मेलनमा दिल्ली भ्रमणमा रहेका कोइरालासँग भेटघाटका क्रममा पूर्व प्रधानमन्त्री एवं भारतीय जनता पार्टीका नेता अटल बिहारी बाजपेयीले माओवादीहरूसँग धेरै नझुक्न भनेका थिए ।

त्यति मात्र हैन, जायज मागलाई लिएर भइरहेको तराईको आन्दोलन माओवादीकै दबाबका कारण ओझेलमा परेको भन्दै बाजपेयीले राजाप्रति समेत सहानुभूति दर्शाएका थिए । 'माओवादीले व्यवहार नसुधारे तपाईंहरूका लागि सर्वाधिक प्रत्युत्पादक हुन्छ', कोइरालासँग बाजपेयीले भनेको अभिव्यक्ति उद्धृत गर्दै दिल्लीस्थित समाचार स्रोतले भनेको छ ।

निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन, चुनावको मिति घोषणा, वाइसिएलमा छापा मारेकोमा गृहमन्त्री र प्रधानमन्त्रीले माफी माग्नुपर्ने लगायतका परस्पर विरोधी मागकै कारण वैशाख ५ को सदन बैठकसमेत अवरुद्ध भएको थियो । संविधानसभाको निर्वाचन समयमै गराउन नसके राजीनामा दिने सार्वजनिक घोषणा गरेका प्रधानमन्त्रीको घेरा परिस्थितिहरूका कारण साँघुरिदै गएको छ । ■



# प्रचण्ड चढेको गाडी फिर्ता


भास्कर ओझा

**काठमाडौं** बूढानीलकण्ठका राजु श्रेष्ठले सात महिनादेखि माओवादी कब्जामा रहेको गाडी फिर्ता लिएका छन् । आफ्नो निसान जिप बागबजारको अशोका होटलमा रहेको जानकारी वैशाख ४ गते पाएपछि बहादुरीका साथ फिर्ता लिएका थिए । सात महिनादेखि आफ्नो गाडीमा माओवादी नेता सयर गरेको दृश्य टेलिभिजनमा देखे पनि फिर्ता लिन भने बल्ल सफल भएका छन् । माओवादीले नम्बर प्लेट फेरेकाले गाडीमा टाँसेको साइबाबाको स्टिकरका आधारमा पहिचान गरी फिर्ता लिएको राजु बताउँछन् । उनले गाडी फिर्ता लिन खोज्दा माओवादीबाट प्रतिरोध पनि भयो । प्रहरीले जिल्ला प्रहरी कार्यालयमा एक दिन राखेर कागजात र प्रमाणका आधारमा चैत ५ गते राजुलाई नै फिर्ता दिएको हो ।

गाडी फिर्ता लिएपछि राजु आफ्ना समर्थकहरूको मोटरसाइकलको स्कर्टिङ सहितको जुलुस लिएर नेपाली कांग्रेस (प्रजातान्त्रिक)को केन्द्रीय कार्यालय पुगेका थिए । राजु पार्टीको महाकाल गाउँ एकाइका पूर्व अध्यक्ष हुन् । पार्टी सभापति शेरबहादुर देउवा र उपसभापति प्रकाशमान सिंहले गाडी फर्काउने पटक पटक पहल गरिदिएका थिए । मानवअधिकार आयोग, राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय, पार्टी कार्यालय र गृहमन्त्री कृष्णप्रसाद सिटौलासमक्ष गाडी फर्काइदिन धाए पनि अन्त्यमा आफ्नै पौरखबाट सफल भए ।

जिल्ला प्रहरी कार्यालय, काठमाडौंका प्रमुख ढकबहादुर कार्की प्रमाणका आधारमा गाडी राजुलाई जिम्मा लगाएको बताउँछन् । त्यस्ता उजुरी अरू पनि छन् भन्ने प्रश्नमा कार्की भन्छन्, 'डरले कसैले उजुरी गरेका छैनन् ।'

माओवादी केन्द्रीय सदस्य देवेन्द्र पौडेलको मागअनुसार गाडीमा भएको कागजपत्र फिर्ता गरिएको छ ।

राजुलाई गुन्डागर्दीको आरोप लगाउँदै माओवादीले कात्तिक २, २०६३ मा घरबाटै कब्जामा लिई चरम यातना दिएर ३६ घन्टापछि श्रीमतीको जिम्मा लगाइदिएका थिए । सुरु सुरुमा राजुको सानदार गाडीमा माओवादीका अध्यक्ष प्रचण्ड सयर गर्ने गर्थे । शिखर वार्ताका क्रममा र भारतीय राजदूत शिवशंकर मुखर्जीसँग भेटवार्ता गर्दा पनि प्रचण्ड र बाबुरामले राजुकै गाडी प्रयोग गरेका थिए ।

राजुले गाडी नियन्त्रणमा लिँदा भने माओवादी केन्द्रीय नेता पौडेल र टोपबहादुर रायमाझी त्यसका उपयोगकर्ता थिए । माओवादीले आफूखुसी गाडीका नम्बरहरू फेर्ने गरेको राजुको दाबी छ । उनी भन्छन्, 'मेरो गाडीको खास नम्बर बा. ५ च १८१७ हो, तर त्यो कहिले बा. ५ च ८९३५ र ८९१६ मा बदलिने गरेको थियो ।' गाडी फिर्ता लिइएको यो प्रकरणले अरूको सम्पत्तिमाथि रजाइँ गर्ने माओवादी दुर्व्यवहारबाट असह्य भएपछि पीडितपक्ष जाइलाग्दो रहेछ भन्ने देखाएको छ ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**



# फेरि सदन अवरुद्ध

अन्तरिम सरकारका प्रधानमन्त्रीको शपथ ग्रहण गरेलगत्तै चैत १८, २०६३ मा गिरिजाप्रसाद कोइरालाले रोस्टमबाट भनेका थिए, 'विशेषगरी नयाँ सांसदलाई म आग्रह गर्छु, उत्तेजनामा नआई जनताप्रति सदनमार्फत उत्तरदायी हुनुपर्छ, संसद् अवरोध नगरेर हामी लक्ष्यमा पुग्छौं।'

उनको आग्रहको दुई साता बित्न नपाउँदै माओवादी सांसदहरूले वैशाख ५ गतेको व्यवस्थापिका बैठक रोस्टम घेरेर स्थगित गरे। कारबाही सुरु पनि हुन नपाउँदै नियमापत्ति गर्नेहरूमा सत्ता, सडक र सदनबाट विद्रोह गर्दै गणतन्त्र घोषणा गर्ने सोचका माओवादीका सांसद मात्र थिएनन्, सत्तारुढ दलका मधेसी मूलका केही सांसदहरू पनि कस्सिएका थिए।

संसद्मा माओवादीको रोस्टम घेराउ र नाराबाजी ५ वैशाखमै अवरुद्ध भएको मन्त्रिपरिषद्को बैठकको प्रतिविम्ब थियो। माओवादीले व्यवस्थापिका संसद्मा उठाएका चार राजनीतिक मागहरूले अन्तरिम व्यवस्थापिका सञ्चालन उल्झनमा पर्ने सम्भावना छ। माओवादीले अस्थायी शिविरमा राखिएका आफ्ना 'जनमुक्ति सेना'को व्यवस्थापनको जिम्मा सरकारले लिनुपर्ने, निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन खारेज गर्नुपर्ने, माओवादी कम्युनिष्ट लिग (वाइसिएल)माथिको सरकारी हस्तक्षेप बन्द गर्नुपर्ने, प्रहरीले वाइसिएलका काठमाडौंमा कार्यालयमा छापा मारेको विषयमा संसद्मा उपस्थित भएर गृहमन्त्री कृष्णप्रसाद सिटौलाले माफी माग्नुपर्ने, संविधानसभाबारे सरकारी धारणा सार्वजनिक गर्नुपर्ने माग राखेका छन्।

संसद् बैठकको प्रारम्भमै माओवादी सांसद प्रभाकरले भनेका थिए, 'हाम्रा जनमुक्ति सेना पानी, झरी, हुरी, बतासमा बस्न सक्ने अवस्था छैन। जनमुक्ति सेनाको मानवअधिकार हनन भएको छ, उनीहरूलाई कहाँ कसरी राख्ने हो, स्पष्ट व्यवस्था हुनुपर्छ, सरकारको जवाफ चाहियो।'


प्रधानमन्त्री कोइरालाले दुईपटकको सम्बोधन र अन्तरिम संविधानमा संशोधन गरेर मधेसका प्रमुख मागहरू पूरा भएको स्थितिमा मधेसी सांसदहरूले नयाँ अस्त्र फ्याँकेका छन्, जसमा अर्जुनप्रसाद सिंहको संयोजकत्वको समितिले बुझाएको निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन खारेज गर्ने र संविधानसभाको निर्वाचनअगाडि नै जनगणना गर्ने छन्।

नेपाली कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय सदस्य एवं सांसद विजयकुमार गच्छदार मधेसका मुद्दा उछाल्ने अगुवामध्येका हुन्। आफ्नै दलभित्र 'राजावादीको आक्षेप' खेप्दै आएका गच्छदारले समयसँग भने, 'मधेसको आन्दोलनमा ठूलो धनजनको क्षति भयो, त्यसको छानबिन गर्न न्यायिक आयोग गठन गरिनुपर्छ, मधेस आन्दोलनमा मारिएकालाई क्षतिपूर्ति र घाइतेहरूको निःशुल्क उपचार हुनुपर्छ, निर्वाचन क्षेत्र आयोगको प्रतिवेदन खारेज हुनुपर्छ, नत्र हामी सदन अवरुद्ध गर्छौं, त्योभन्दा कडा कार्यक्रम ल्याउँछौं।'

मधेसी मूलका सांसदहरूमा 'सार्वजनिक नभएको' प्रतिवेदनमा चैत १८ मा निर्वाचन क्षेत्र हेरफेर गर्दा गाउँहरू यताउता पारेको सामान्यखाले असन्तोष र गुनासो राख्ने खाले पनि छन्, क्षेत्र निर्धारण गर्दा मधेसीहरू निर्वाचित कम होऊन् भन्ने नियतबाट काम भएको आरोप लगाउनेहरू पनि छन्। संसद्मा रहेका माओवादीबाहेकका सात राजनीतिक दलका करिब ७० मधेसी सांसदहरूमध्ये २३ जना मात्र मोर्चाबन्दीमा उत्रिएका छन् जसमा सबैभन्दा धेरै मधेसी सांसद भएको नेपाली कांग्रेसका सांसदहरूको संख्या तुलनात्मक रूपमा कम छ।

माओवादीसमेतले प्रतिवेदन खारेजीको मुद्दा उठाएको अवस्थामा पनि अन्य दलका मधेसी सांसद र उनीहरूबीच सहकार्यको स्थिति छैन, तर प्रमुख राजनीतिक दलहरूभित्र पनि प्रशस्त विरोधाभास छन्। गच्छदार रोस्टम घेर्नेसम्मको तयारी रहेको बताउँछन् भने एमाले सांसद डा. वंशीधर मिश्र सुरु दिनदेखि नै सदनको कारबाही अवरुद्ध गर्ने पक्षमा एमालेका सांसद नभएको दाबी गर्छन्। मिश्र माओवादीको मधेसमा स्थिति कमजोर रहेकाले सहकार्यको अवस्था नभएको बताउँछन्।

■ विश्वमणि पोखरेल/काठमाडौं



# मुद्दा क्षेत्रीय प्रधिनिधित्वको

**हतारिएर यति दिन वा महिनाभित्र संविधानसभाको निर्वाचन गराउँछु भनेर अड्डी लिएर मात्र हुँदैन। संविधानमा सबैको अपनत्व हुने वातावरण नबनेसम्म वा सहमति नजुटेसम्म ६ वर्ष लागे पनि कुर्नैपर्छ।**

**असार ६ गते** चुनाव सम्भव नभएको निर्वाचन आयोगको औपचारिक घोषणापछि केही महिनाका लागि संविधानसभा सर्ने निश्चित भएको छ। नयाँ राजनीतिक घटनाक्रमअनुसार संविधानसभाको निर्वाचनको तिथि घोषणा गर्ने पहल तत्काल सुरु भए पनि दलहरू टुंगोमा पुगिसकेका छैनन्।

एमाले, माओवादीसहितका वाम शक्तिहरूले संविधानसभाको निर्वाचनअघि नै राजाको अवस्थाबारे टुंगो लगाउन जनमतसंग्रह हुनुपर्ने माग अघि सारेका छन्। अर्कोतिर जनजाति, आदिवासी, दलित, मधेसी, कर्णाली लगायत उत्पीडित उपेक्षित वर्गले संविधानसभामा आफूहरूको समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी नभई मिति नतोक्न अनुरोध गरेका छन्।

नयाँ राजनीतिक घटनाक्रमको विकाससँगै 'समय शोध केन्द्र'ले वैशाख ३ गते गोलमेच (राउन्ड टेबुल) आयोजना गरेको छ। निर्वाचनप्रणाली विज्ञ, नागरिक समाज, जातीय मोर्चा र कर्णालीका प्रतिनिधिहरू सरिक उक्त सम्मेलनका सहभागीहरूले संविधानसभाको आवधिक निर्वाचनजस्तो नभई दशकौंका लागि भएकाले सबै जात, भाषा, वर्ग, क्षेत्रको समानुपातिक प्रतिनिधित्व अनिवार्य सर्त भएकोमा जोड दिए।

समानुपातिक प्रतिनिधित्व हुने खालको निर्वाचनप्रणाली अंगीकार गरी सबैको सहभागिताको सुनिश्चितता गर्न सकेमात्र संविधानमा सबैको अपनत्व हुन सक्ने बताउँदै उनीहरूले अहिलेकै अवस्थामा संविधानसभाको निर्वाचनको तिथि नतोक्न अनुरोध गरे।

गोलमेच वा सर्वपक्षीय सम्मेलन गरी सबैको सहमतिमा न्यायिक प्रतिनिधित्व हुने कुरामा आन्दोलनरत पक्षहरूलाई सहमत गराएपछि मात्र निर्वाचनको मिति तोक्नुपर्ने उनीहरूको धारणा छ। जनसंख्याको एकोहोरो रटानमा फराकिलो भूगोलबाट हुने प्रतिनिधित्वलाई यथावत् राखेमा नीति निर्माण तहमा फेरि पनि कर्णालीको आवाज नगुन्जने र उसले झनै सौतेनी व्यवहार भोग्नुपर्ने खतरा उत्पन्न हुने दाबी गर्दै उचित प्रतिनिधित्वको माग गरिएको छ।

संविधान संशोधन गरेर सम्पूर्ण पक्षलाई सहमत गराई संविधानसभाको निर्वाचनमा जान सके पुनर्संरचना गरी समावेशी राज्य स्थापना गर्ने इच्छा साकार हुने सबैको ठहर छ। प्रस्तुत छ, *समय* गोलमेचमा सहभागीले व्यक्त गरेका विचारको सारसंक्षेप।

## वीरेन्द्रप्रसाद मिश्र
पूर्व निर्वाचन आयुक्त



कुनै पनि प्रजातान्त्रिक मुलुकमा निर्वाचन पद्धति महत्त्वपूर्ण हुन्छ। यसले प्रजातन्त्र कति मजबुत छ भन्ने कुराको समेत संकेत गर्छ। अहिले विश्वमा नै निर्वाचन पद्धतिका बारेमा धेरै मतमतान्तर देखिएका छन्। यस अर्थमा नेपालमा कुन निर्वाचन पद्धतिको आवश्यकता छ भन्दा पनि नेपालका सबै जाति, क्षेत्र र भाषाभाषीलाई कसरी संविधानसभाको निर्वाचनमा समावेश गराउन सकिन्छ त्यो पद्धति नै नेपालको लागि अपरिहार्य छ।

नेपालमा २०१५ सालदेखि निर्वाचनको सुरुवात भएको हो। त्यहाँबाट सुरु भएको निर्वाचन पद्धति २०४६ सालको प्रजातन्त्रपछि पनि सुधार भएन। जहाँ ३६ प्रतिशत मत प्राप्त गर्ने दलहरूले ५६ प्रतिशत सिट प्राप्त गरेका थिए भने विभिन्न उत्पीडित जाति र समुदायको प्रतिनिधित्व शून्यजस्तै थियो। यसले विगतको निर्वाचन पद्धतिमा कमजोरी थियो भन्ने कुरालाई स्पष्टरूपमा देखाएको छ। अहिले विश्वका करिब ७५ वटा देशमा विगतमा हामीले प्रचलनमा ल्याएको निर्वाचन पद्धति लागू भए पनि नेपालको भौगोलिक, जातीय, क्षेत्रीय लगायतका विविधताले असफल भएको छ। यो निर्वाचन पद्धतिको एउटा मात्रै फाइदा सरकार बनाउन सजिलो हुने हो। तर अहिले हाम्रो मुलुकमा संविधान बनाउनको लागि निर्वाचन गर्न लागेकाले समावेशी मोडलको निर्वाचन पद्धतिलाई लागू गर्नुपर्छ। निर्वाचन पद्धति विशिष्ट समावेशी खालको हुनुपर्छ। जाति विशेष, स्थान विशेष लगायत नेपालको विविधताको प्रतिनिधित्व हुँदैन भने त्यो निर्वाचन पद्धतिको अर्थ हुँदैन। नेपालको सन्दर्भमा क्षेत्रीय प्रतिनिधित्व निर्धारण गरेर त्यहाँभित्र त्यहाँको परिवेशलाई हेरेर बढी समावेशी बनाउने निर्वाचन पद्धति संविधानसभाको निर्वाचनमा लागू गर्नुपर्छ। अन्य संसदीय निर्वाचनभन्दा संविधानसभाको निर्वाचन फरक भएको र यसले देशको संविधान कोर्ने प्रतिनिधिको चयन गर्ने भएकाले सबै उत्पीडित क्षेत्र, जाति र समुदायको समानुपातिक प्रतिनिधित्वसहितको समावेशी विधि बनाउनु पर्छ।

हतारिएर यति दिन वा महिनाभित्र संविधानसभाको निर्वाचन गराउँछु भनेर अड्डी लिएर मात्र हुँदैन। संविधानमा सबैको अपनत्व हुने वातावरण नबनेसम्म वा सहमति नजुटेसम्म ६ वर्ष लागे पनि कुर्नैपर्छ।

संविधानसभाको निर्वाचन भनेको के हो भन्ने अझै धेरैले बुझेका छैनन्। यो विषयमा नबुझीकन मत खसाल भन्नु मान्य हुनै नसक्ने विषय हो।

## दुर्गा सुवेदी
राजनीतिक विश्लेषक



**नेपालको राजनीतिमा विपी कोइरालादेखि अहिलेसम्म हिंसा नै निर्णायक शक्ति बन्दै आएको छ। यस्तो परिप्रेक्ष्यमा सरकार कुनै पनि हालतमा प्रजातन्त्र र मानवअधिकारको पृष्ठपोषक हुनुपर्छ। यसलाई अन्तर्राष्ट्रिय रूपमै सर्वस्वीकार्य बनाइसकेको छ।**

निर्वाचन पद्धतिको कुरा गर्दा आठ दलबीच सम्पन्न शान्ति सम्झौतालाई आधार मान्नुपर्छ। नेपालमा २०१५ सालदेखि निर्वाचन हुँदै आए पनि मतको अधिकारको कुरा बल्ल उठ्न थालेका छन्। जनताको मत हाल्ने अधिकारलाई आधारभूत मानवअधिकारको रूपमा लिन थालिएको छ, अहिले। संविधानसभाको निर्वाचनले संसद् बनाउने होइन, संविधान बनाउने भएकाले यसको बारेमा सम्पूर्ण जनताले सही अर्थ बुझ्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। अहिले राजनीतिक दलका नेताबाहेक सामान्य जनताले संविधानसभाको अर्थ बुझेका छैनन्। जसले मतदान गर्ने हो उसलाई नै यसको बारेमा थाहा नभएको विद्यमान अवस्थालाई निर्मूल गरेर मात्र निर्वाचन गराउनु पर्छ। यसको जिम्मेवारी राजनीतिक दलले बोकेर संविधानसभाको बारेमा जनतालाई वास्तविक सूचना प्रवाह गरेर उनीहरूको हक र अधिकारको सुनिश्चितताका लागि प्रतिनिधि रोज्ने वातावरण बनाउनु पर्छ। यसका साथै सञ्चार क्षेत्र र नागरिक समाजको पनि यसमा महत्त्वपूर्ण भूमिका हुनुपर्छ। यो अवस्था बनेमा मात्र संविधानसभाले नेपालले खोजेको संविधान बनाउन सक्छ। जनजातिले आन्दोलन गरे भने जातीयता फैलायो, तराईले आन्दोलन गरे भने प्रान्तीयता फैलायो भन्ने तत्त्वहरू अझै सक्रिय छन्। यसैले उत्पीडित समुदायको जायज मागलाई सरकारले सम्बोधन गरेर संविधानसभाको वातावरण तयार गर्नु पर्छ। राज्यलाई निकास दिनको लागि सामूहिक प्रयत्न गर्नु पर्छ। अहिले संसदीय व्यवस्थाको विकल्पमा माओवादीहरू आएका छन्। यो अन्य मुलुकमा भएका राजनीतिक अभ्यासभन्दा भिन्न पनि छ।

नेपालको राजनीतिमा विपी कोइरालादेखि अहिलेसम्म हिंसा नै निर्णायक शक्ति बन्दै आएको छ। यस्तो परिप्रेक्ष्यमा सरकार कुनै पनि हालतमा प्रजातन्त्र र मानवअधिकारको पृष्ठपोषक हुनुपर्छ। यसलाई अन्तर्राष्ट्रिय रूपमै सर्वस्वीकार्य बनाइसकेको छ। कुनै पनि शक्तिले अबको दुनियाँमा एकतन्त्रीय निरंकुश शासन चलाउँछु भन्ने अवस्था छैन। विगतको द्वन्द्वलाई समाधान गर्दै नयाँ नेपालको रेखा कोर्ने बाटोमा हामी प्रवेश गरेका छौं। यो अवस्थामा राज्यमा भएका सबै शक्ति वा समूहले सामूहिक जिम्मेवारी बोध गराएर संविधानसभाको निर्वाचन गराउनु पर्छ।

आठ दलले आफ्नो जमिनदारी चलाएर मात्र हुँदैन, आठ दल मिल्दैमा चुनाव हुने वातावरण बन्दैन। महिला, दलित, जनजाति, मधेसी, कर्णाली सबैलाई समावेश गरी गोलमेच वा कुनै प्रकारको सम्मेलन आयोजना गरी त्यसको समेत सहमति लिएपछि मात्र संविधानसभाको निर्वाचनको तिथि तय हुनुपर्छ।

यहाँसम्म कि राजालाई हटाउने प्रक्रिया पनि प्रजातान्त्रिक र सभ्य हुनुपर्छ। राजा पक्षले पनि मत माग्न पाउनुपर्छ। मतदान नै नगरी जनताको नाममा मनपरी गर्न पाइन्न। आठ दलबाहेक अरूले दलसमेत खोल्न नपाउने नियम-कानुन हटाउनुपर्छ। अरूले १० हजार संकलन गर्नुपर्ने आठ दललाई मालिक मानिरहनुपर्ने विडम्बनाको अन्त्य आवश्यक छ।

## आहुति

महासचिव, नेपाल दलित मुक्ति संगठन



कुनै पनि देशको निर्वाचनप्रणाली त्यो देशको राजनीतिक पद्धति वा प्रणाली कुन वर्गको हित गर्नको निम्ति संरक्षित गरिएको छ भन्ने आधारमा तय गरिएको हुन्छ। त्यसैले आजभन्दा पहिलेका निर्वाचनप्रणालीहरू नेपालमा जसको हुकुम थियो, त्यसैलाई फाइदा हुने गरी तयार गरिएको छ। त्यसैले निर्वाचनप्रणालीलाई राजनीतिक पद्धतिसँग अलग गरेर हेर्न हुँदैन। २०६२-६३ को जनआन्दोलनले मूलभूत रुपमा तीनवटा उद्देश्य प्राप्ति गरेको थियो। एउटा राजाको निरंकुशतालाई अन्त्य गर्ने। दोस्रो माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने र तेस्रो संविधानसभाको निर्वाचनमार्फत अग्रगामी राजनीतिक परिवर्तनमा जाने र राज्यको पुनर्संरचना गर्ने। तर जनआन्दोलनपछि राजाको निरंकुशता ठेगान लगाइयो, त्यसैगरी संविधानसभामार्फत जाने भएपछि शान्ति प्रक्रिया पनि सुरु भयो, तर आठ राजनीतिक दलको मूल नेतृत्वले संविधानसभाको निर्वाचनमार्फत अग्रगामी राजनीतिक परिवर्तन गर्नु पर्छ अथवा राज्यको पुनर्संरचना गर्नु पर्छ भन्ने जनआन्दोलनको प्रमुख मुद्दालाई छोडिदियो। त्यसलाई सकेसम्म कम आँक्ने प्रयत्न गर्‍यो।

अहिले जनजाति, दलित, महिला, मधेसी यसै आन्दोलनमा आएका होइनन्। आठ दलको नेतृत्वले संविधानसभाको निर्वाचनमार्फत सबैको माग पूरा गरौंला भनेर गल्ती सुरु गरिसकेको छ र यसलाई प्रचार गर्न समेत सुरु गरेको छ। संविधानसभापछि यो गरिदऊँला भनेर समस्याको हल हुँदैन। संविधानसभामा नै जातीय, भाषिक र उत्पीडित समुदायको प्रतिनिधित्वको ग्यारेन्टी गरिनु पर्छ। जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गर्नेबित्तिकै नयाँ बन्ने संविधानमा मेरो हिस्सेदारी कायम भयो भन्ने आभास सबै समुदायलाई हुन्छ। त्यसैले अहिलेको मुख्य विवाद रहेको कति सिटको संविधानसभा बनाउने भन्ने होइन। निर्वाचन क्षेत्रको संख्या थपघट गरेर समस्या हल हुने होइन। निर्वाचन प्रक्रियामै जनसंख्याको आधारमा उत्पीडित समुदायको प्रतिनिधित्वको ग्यारेन्टी गरिनु पर्छ। राज्यको अग्रगामी राजनीतिक परिवर्तन गर्ने कुरालाई बाह्रबुँदे समझदारीले पनि उल्लेख गरेको थियो भने शान्ति सम्झौतामा पनि यो कुरा सपष्ट छ। तर अहिले के देखिएको छ भने अग्रगामी परिवर्तनको दिशा र यथास्थितिवादको बीचमा तीव्र संघर्षको रुपमा नेपाली राजनीति अगाडि बढिरहेको छ। यथास्थितिवादी धारले निर्वाचन पद्धतिलाई हास्यास्पद ढंगले मिश्रित बनाउँदै छ।

आदिवासी, जनजाति, दलित महिला र मधेसीको अधिकारलाई कटौती गर्ने प्रक्रिया चालू भइरहेको छ। यो हिजोको जो दुईखालको राज्य संरचना हो। त्यसलाई पूरै उल्टाएर अग्रगामी परिवर्तनमा जान नदिने धार छ, नेपाली राजनीतिमा। त्यसको प्रतिबिम्ब अहिले देखापरेको छ। त्यसैले दलहरूले जनआन्दोलनको मूल मर्मलाई मद्देनजर गरेर उत्पीडित समुदायको प्रतिनिधित्वको ग्यारेन्टी गराएर मात्र संविधानसभाको निर्वाचन गराउनु पर्छ। जनआन्दोलन २०६२-६३ ले विद्रोह जन्मायो। यो विद्रोहलाई अब क्रान्तिमा रूपान्तरण गर्न जरुरी थियो र यसको लागि नेतृत्वले महानतम भूमिका खेल्नु पर्थ्यो, तर यसबीचमा अन्तरविरोध के छ भने नेतृत्वचाहिँ यथास्थितिवादमा रमाउन चाहने, तर परिस्थितिको माग भने अग्रगामी परिवर्तनमा जान चाहनेछ। त्यसैले आन्दोलनको नेतृत्वको बारेमा पनि गम्भीररुपमा सोच्नु पर्ने अवस्था आएको छ।

उत्पीडित समुदायका वस्तुगत मागका आधारमा स्थिति बिथोल्न सक्ने आत्मगत कारणहरू पनि छन्। यो आत्मगत कारणको केन्द्रविन्दु राजतन्त्र हो र राजतन्त्र राख्नु पर्छ भन्ने राजावादीहरू यसका सहयोगी हुन्। जनताको भावना र दलको नेतृत्वमा देखिएको अन्तरविरोधलाई हल गर्नु पर्छ। उत्पीडित समुदायको वास्तविक मागलाई निर्वाचनप्रणालीमार्फत सम्बोधन गरिनु पर्छ। यसको एउटा मात्रै विकल्प भनेको उनीहरूको जनसंख्याको आधारमा संविधानसभामा उनीहरूको प्रतिनिधित्वलाई ग्यारेन्टी गर्ने हो।

## जीवनबहादुर शाही

केन्द्रीय सदस्य, नेका प्रजातान्त्रिक



अहिलेको अवस्थामा पनि भोलि कहाँ पुग्ने हो भन्ने अन्योलको अवस्थामा कर्णालीवासीमा कायमै छन् । २०१५ सालमा १५ प्रतिशत भूगोल ओगटेको कर्णालीमा एउटा मात्रै निर्वाचन क्षेत्र थियो । अहिले मुलुक अग्रगमनमा जाने अवस्थामा आउँदा समेत कर्णालीलाई अझै यथास्थितिमा राखिएको छ । आन्दोलनको हिसाबले हेर्ने हो भने कर्णालीका मानिसहरू धेरैले नेपालको राजनीतिक परिवर्तनका लागि आहुति दिएका छन् । कर्णाली पिछडिएको क्षेत्र भएकाले समान प्रतिनिधित्व अहिले पनि हुन सकेको छैन । अहिले जब निर्वाचन क्षेत्र बन्ने क्रम जारी रहे पनि कर्णालीको सन्दर्भमा कुनै परिवर्तन भएको छैन । राजनीतिको अग्रपंक्तिमा रहेका दलका नेतृत्वले जुन ठाउँको प्रतिनिधित्व कम छ, त्यसलाई कुनै हेक्का नराखी जनसंख्यालाई मात्रै आधार बनाएर निर्वाचन क्षेत्र तोक्न खोजेका छन् । यसले कर्णालीवासीलाई लोकतन्त्र आएपछि पनि हर्ष न विस्मात्को अवस्थामा पुऱ्याएको छ । कर्णालीवासीको अहिलेको माग भनेको निर्वाचन क्षेत्रको एउटा आधार जनसंख्या होला, तर भूगोल पनि हुनुपर्छ भन्ने हो । जमिन नभए जनता कहाँ हुन्छ । त्यसैले जमिन र जनता दुवैलाई आधार बनाउनु पर्छ, निर्वाचन क्षेत्रको निर्धारण गर्दा । यदि यो हुनसक्दैन भने जनता नै जनता भएर राज्यसंचालन हुने भएको भए दलाई लामा बाहिरिएर भारतमा बस्नु पर्दैनथ्यो ।

कर्णालीको विकास र अधिकारको लागि त्यहाँ थोरै मानिस भएकाले गर्दा आवाज पुगेन र कर्णालीवासीहरू अगाडि बढ्न पनि सकेनन् । काठमाडौंमा बस्ने मानिसले ४० रुपैयाँ प्रतिकिलो चिनी खान्छ भने कर्णालीमा बस्नेले एक सय दस रुपैयाँ तिर्नु पर्छ । यो असमानता किन ? त्यसैले १५ प्रतिशत भूगोल ओगटेको कर्णालीलाई कम्तीमा पनि १५ प्रतिशत सिट छुट्याएर त्यसभित्र त्यहाँका उत्पीडित समुदायको समानुपातिक वितरण गर्ने संरचना तयार गर्नु पर्छ । तर अहिलेको अवस्थामा आएर जसको शक्ति छ त्यसैको हालीमुहाली बढ्न थालेको छ । अहिले संसद् र दलमा सबै ठाउँमा कर्णालीबाट ज्यादै न्यून संख्यामा मात्रै प्रतिनिधित्व छ । त्यसैले अग्रगामी भएको बताउने दलहरूले त्यहाँका दलित, जनजाति, महिला र उत्पीडित समुदायलाई हेरेर संविधानसभाको निर्वाचनको संयन्त्र तयार गर्नु पर्छ ।

कर्णालीको उचित प्रतिनिधित्व नभएकाले नै हाम्रा आवाजहरू दशकौंदेखि दबिएको हो । तोडफोड, भौतिक आन्दोलन वा जोड जबरजस्ती गर्नेको मात्र सुनुवाइ हुने अवस्थाको पनि अन्त्य हुनुपर्छ । त्यसैले कर्णालीसहित विरोधमा रहेका सबै पक्षहरूसँग गोलमेचमा बसेर मात्र निर्वाचनको तिथि घोषणा हुनुपर्छ । हामीलाई कर्णालीको आवाज सिंहदरबार पुऱ्याउन धेरै मानिसहरू चाहिएको छ ।

## पासाङ शेर्पा

अध्यक्ष, आदिवासी/जनजाति महासंघ

अहिलेको अवस्थाको विश्लेषण गर्दा सात दल र माओवादीबीच सम्पन्न बाह्रबुँदे सहमतिदेखि केलाउँदै हेर्नु पर्छ । यो सहमतिलाई टेकेर नै जनआन्दोलन सफल भएको हो । त्यसपछि जनआन्दोलनले के उपलब्धि हासिल गऱ्यो र के म्यान्डेट दियो भन्ने कुरा अहिले बिर्सिरहेका छन्, सत्तासीन राजनीतिक दलहरूले । जनआन्दोलनले तीनवटा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको थियो । पहिलो निरंकुश राजतन्त्रलाई परास्त गरेको छ । दोस्रो दलहरूका



यथास्थितिवादी मानसिकतामाथि जनआन्दोलनले विजय प्राप्त गरेको छ र तेस्रो हतियार र हिंसाको भरमा परिवर्तन गराउन सकिन्छ भन्ने माओवादीको मानसिकतामाथि पनि जनआन्दोलनले विजय प्राप्त गरेको छ । यी तीनैवटा विजयलाई संस्थागत गर्न दलहरू अहिले पूर्णरूपमा चुकेका देखिन्छन् । माओवादीको हतियार व्यवस्थापन गर्ने बेलामा फलामको बन्दुक वा बारुदलाई मात्र व्यवस्थापन गरेर द्वन्द्वको उठानको समस्या समाधान हुँदैन भनेर हामीले भनेका थियौं । द्वन्द्व किन चर्कियो भन्ने कारणहरूलाई सम्बोधन नगरे फेरि पनि हतियार

**कर्णालीवासीको अहिलेको माग भनेको निर्वाचन क्षेत्रको एउटा आधार जनसंख्या होला, तर भूगोल पनि हुनुपर्छ भन्ने हो । जमिन नभए जनता कहाँ हुन्छ । त्यसैले जमिन र जनता दुवैलाई आधार बनाउनु पर्छ, निर्वाचन क्षेत्रको निर्धारण गर्दा । यदि यो हुनसक्दैन भने जनता नै जनता भएर राज्यसंचालन हुने भएको भए दलाई लामा बाहिरिएर भारतमा बस्नु पर्दैनथ्यो ।**

उठ्न सक्छ भन्ने कुरालाई सरकारले बुझ्नु पर्छ ।

अहिले सरकारको मानसिकता मागे भने दिन हुने पनि दिने, दिन नहुने पनि दिने तर नमागी बस्यो भने दिनै पर्ने पनि नदिने देखिएको छ । यो प्रवृत्तिबाट दलहरू अझै माथि उठ्न सकेका छैनन् । तसर्थ अबको निकास भनेको सबैको सहमतिबाट अन्तरिम संविधानलाई पुनर्संशोधन गर्नु नै हो । निर्वाचन क्षेत्रको संख्यामा विवाद गर्ने पनि होइन, सिंगो नेपाललाई एउटा निर्वाचन क्षेत्र बनाएर सबै जातजाति, क्षेत्र लिंगलाई आधार बनाएर समानुपातिक निर्वाचनप्रणालीमार्फत प्रतिनिधि चयन गर्नु पर्छ । यसको लागि संविधानसभाको निर्वाचन गराउनुअघि यसमा भाग लिने सबै समुदाय समेट्ने आमनेपालीको पहिचान हुनु पऱ्यो र यो समुदायलाई यो विधिबाट संविधानसभामा सहभागी गराउने भन्ने कुरा उल्लेख गराएर सबैको सहमतिबाट मात्रै निर्वाचन गराउनु पर्छ । त्यसैले अब अन्तरिम संविधानको सहमति, निर्वाचन प्रक्रियाको सहमति र निर्वाचनमा भाग लिनेहरूको सहमति आठ दलले सबैभन्दा पहिला गर्नु पर्छ । जनजातिले अगाडि सारेको जातीय स्वशासन र क्षेत्रीय भाषिक आधारमा समानुपातिक निर्वाचन पद्धति हो । यदि यो कुरा बेठिक छ भने यो कारणले बेठिक छ भनेर भन्नु पऱ्यो । चित्तबुझ्दो कारण भएका हामी त्यसलाई संशोधन गर्न तयार छौं । तर दलहरूले अधिनायकवादी शैलीमा निर्वाचन गराउन खोजे भने प्रतिगमनको भूत देखाएर अधिनायकवाद लाद्न खोजियो भने समस्याको समाधान हुँदैन । निर्वाचन क्षेत्र तोक्नु र चाँडै निर्वाचन गराउनु समस्याको समाधान होइन, त्यसलाई वैज्ञानिक बनाएर राज्यको साँच्चिकैको पुनर्संरचना गर्नु अहिलेको आवश्यकता हो ।

राजा महेन्द्रले बनाएको १४ अञ्चल र ७५ जिल्लाको अवधारणाभन्दा माथि नउठी केही पनि रूपान्तरण हुनेवाला छैन । सिंगो नेपालको पुनर्संरचना हुनुपर्छ ।

***(समय शोध केन्द्रका लागि गोविन्द परियारद्वारा प्रस्तुत)***

# कसरी समेट्ने मधेसी महिलालाई ?

■ रञ्जु ठाकुर

**मधेसी महिलालाई आफ्नो अधिकारको बारेमा थाहा नभएका कारण आज ती वर्गभित्रका सम्पूर्ण महिलाहरू उपेक्षित अवस्थामा छन् । सम्पूर्ण मधेसी महिलालाई संविधानसभासम्बन्धी जानकारी दिई जनसंख्याको आधारमा संविधानसभाको निर्वाचनमा सहभागी गराउनु अत्यावश्यक देखिन्छ ।**

**हाम्रो देशमा** २००७ सालदेखि उठेको संविधानसभाको प्रसंग, २०६२/६३ को जनआन्दोलनको परिणामस्वरुप देशको मूल मुद्दाको रूप लिएको छ । संविधानसभा भनेको संविधान निर्माण गर्ने एउटा विधि हो । संविधानसभामा जानुअगाडि हामीलाई संविधान भनेको के हो जान्नु पर्ने आवश्यक पर्छ । संविधानको परिभाषा जति बृहद् भए पनि मुख्य रुपले संविधान भनेको कुनै पनि देशको सर्वोच्च कानुन हो, मूल कानुन हो र सार्वभौमसत्ता सञ्चालन गर्ने दस्तावेज हो । संविधान भनेको राज्य र व्यक्तिबीचको अधिकार र कर्तव्यलाई निर्धारण गरी सञ्चालन र नियन्त्रण गर्ने लिखित दस्तावेज हो । हाम्रो देशमा २०६३ सालको अन्तरिम संविधान छैटौं संविधान हो २००४ सालमा प्रथम संविधानको निर्माण भएपछि २००७, २०१५, २०१९, २०४७ र हाल अन्तरिम संविधान २०६३ हो । यसरी देशमा पटक पटक संविधान निर्माण कार्य सम्पन्न भए पनि जनताको प्रत्यक्ष सहभागिताको कमीका कारण संविधानको निर्माण पक्षले पूर्णता पाएन ।

अहिले देशमा चारैतिर संविधानसभाको कुरा उठिरहेको छ । संविधानसभाको बारेमा पनि हामीलाई जान्नु पर्ने हुँदा संविधानसभा जनताद्वारा जनइच्छा, चाहनालाई समावेश गरी संविधान निर्माण गर्ने एउटा थलो हो । यस प्रक्रियाभित्र देशका विभिन्न जातजाति, भाषाभाषी, वर्ग र समुदायलाई निर्वाचनद्वारा एक ठाउँमा ल्याई संविधान बनाइन्छ । यसरी बनाइएका देशको सर्वोच्च कानुनलाई संविधानसभाद्वारा बनाइएका संविधान भनिन्छ । यसप्रकार संविधान निर्माण गर्नको निम्ति मात्र जनप्रतिनिधिद्वारा गठित प्रतिनिधिहरूको थलो नै संविधानसभा हो । संविधानसभाको नमुनाबारे कुनै निश्चित अर्थात् ठोस प्रणाली छैन । सबभन्दा सान्दर्भिक संविधानसभाको गठन समावेशी आधार र मान्यतामा हुनु पर्छ । अन्तरिम संविधान २०६३ मा संविधानसभाबारे निम्न बमोजिमको व्यवस्था गरिएको पाइन्छ, 'धारा ६३ मा २०५ जनप्रतिनिधि निर्वाचनद्वारा, २०४ समानुपातिक विधिद्वारा र १६ जना सरकारद्वारा मनोनीत गरी जम्मा ४२५ सदस्यीय संविधानसभाद्वारा संविधान निर्माण गरिनेछ ।' संविधानसभा गठनमै (४) उपधारा (३) को खण्ड (क) बमोजिम राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई दिनु पर्नेछ र खण्ड (ख) बमोजिम राजनीतिक दलहरूले उम्मेदवारको सूचीकृत गर्दा महिला, दलित, उत्पीडित आदिवासी, जनजाति, पिछडिएको क्षेत्र, मधेसी लगायत अन्य वर्ग समेतको कानुनमा व्यवस्था भएबमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ ।

यस उपधारामा जुनसुकै कुरा लेखिएको भए पनि महिलाको हकमा उपधारा (३) को खण्ड (ख) बमोजिम समानुपातिक प्रतिनिधित्वमा हुने संख्यामा उपधारा (३) को खण्ड (क) अनुसार दिइने उम्मेदवारीको संख्या जोडेर कुल संख्याको न्यूनतम एक तिहाइ महिला उम्मेदवारी दिनुपर्नेछ । महिलाको हकमा संविधानसभामा जाने व्यवस्था उक्त उपधाराले गरेको छ । अब हामी संविधानसभाबारे अरु देशहरूका जानकारी लिँदा नेपालको लागि सबैभन्दा उपयुक्त दक्षिण अफ्रिकालाई नै लिन सकिन्छ । संविधानसभाद्वारा निर्माण सन् १९९६को दक्षिण अफ्रिकाको संविधान नमुनाको रूपमा विश्वभर प्रख्यात छ । रंगभेदी शासनको दमनबाट लोकतन्त्रमा सफलतापूर्वक अवतरण गर्नका लागि अपनाइएको संविधानसभाको प्रक्रियाको सबैले प्रशंसा गरेका छन् । दक्षिण अफ्रिकाको संविधान निर्माणको कार्य धेरै चरणहरूमा सम्पन्न गरिएको थियो । समय र स्रोतहरूको पर्याप्त प्रतिबद्धताले मात्रै संविधानसभाको प्रक्रियामा व्यापक जनसहभागिता सम्भव हुन्छ र परिणामस्वरूप राम्रो संविधान निर्माण हुन्छ भन्ने उदाहरण पनि दक्षिण अफ्रिकाको संविधान निर्माण प्रक्रियाबाट सिक्न सकिन्छ ।

हाम्रो देशमा हुन गइरहेको संविधानसभामा एक तिहाइ महिला सहभागिताभित्र मधेसका महिलाको सहभागिताको सवालमा कुरा गर्दा निकै चुनौतीपूर्ण अवस्था रहेको देखिन्छ । मधेसी महिलालाई आफ्नो अधिकारको बारेमा थाहा नभएका कारण आज ती वर्गभित्रका सम्पूर्ण महिलाहरू उपेक्षित अवस्थामा छन् । सम्पूर्ण मधेसी महिलालाई संविधानसभासम्बन्धी जानकारी दिई जनसंख्याको आधारमा संविधानसभाको निर्वाचनमा सहभागी गराउनु अत्यावश्यक देखिन्छ । किनभने आज मधेस आन्दोलनमा मधेसी पुरुष मात्र सहभागी नभएर मधेसी महिलाको पनि पूर्ण रूपमा सहभागिता थियो । यस आन्दोलनले मधेसी महिलाहरू जागरुक भएका छन् र साथै आफूलाई पर्दाभित्र मात्र सीमित नराखी पर्दाबाहिरको अधिकारको खोजीमा अग्रसर छन् । बेलैमा राजनीतिक दल तथा संघसंगठनहरू सतर्क हुनु पर्ने अवस्था छ । मधेसी आन्दोलनको परिणामस्वरूप अन्तरिम संविधानमा संशोधन भई देशको पुनर्संरचना संघीय प्रणालीको आधारमा हुनुपर्छ । यसरी नयाँ नेपाल संघात्मक कुन आधारमा हुनेबारे गहन अध्ययन र अनुसन्धानको विषय रहेको छ । मधेसी, आदिवासी, जनजाति, महिला, दलित तथा उपेक्षित वर्गको माग र पहिचानलाई सम्बोधन गर्ने नयाँ नेपाल बन्नु आजको आवश्यकता हो । देशमा लोकतान्त्रिक सरकार गठन भए पनि सोचमा लोकतन्त्र र व्यवहारमा समावेशीपन आउन सकेको छैन । संविधानसभाको निर्वाचनमा जान देशमा जनता भयभीत छ, शान्तिको महसुस गरिरहेका छैन । संशोधन भएको संविधानले तराईका निर्वाचन क्षेत्र ४९% गरेकोमा तराईभित्रका मधेसी समुदायले जनसंख्याको आधारमा पाउने उम्मेदवारीमा, त्यस समुदायभित्रका आधी जनसंख्याको स्थानमा रहेका मधेसी महिलाको संविधानसभा निर्वाचनमा कसरी समावेशी गर्ने हो गहन विषय रहेछ ।

त्यसकारण अहिले विभिन्न राजनीतिक दल र सरकारलाई बढी गम्भीर हुनु पर्ने हो । नवनिर्मित अन्तरिम सरकारबाट पनि के बुझ्नु पर्छ हामी महिला र उपेक्षित वर्गलाई भन्ने राजनीतिक दलहरूमा सामन्ती र पुरुषवादी सोचमा कुनै परिवर्तन भएको छैन । देशमा संविधानसभाको निर्वाचनमा पनि महिलाको सहभागिता ३३ प्रतिशत होला भने हामी महिलालाई कल्पनाको विषय मात्र होला जस्तो लाग्छ । चाहे समुदाय होस् अथवा राजनीतिक दल संविधानसभाको निर्वाचन समानुपातिक प्रणालीको आधारमा गरेन भने समस्या जहाँको त्यही रहनेछ । जसको परिणाम स्वरूप देशमा फेरी जनविद्रोह मच्चिनेछ । किनभने अहिले सबै वर्ग, जात, समुदाय आ-आफ्ना अधिकारबारे सचेत र सजग भएको छ । ■

# मिल्यो भागबन्डा

**चारवटै विश्वविद्यालयका उपकुलपतिको विषयमा लगभग सहमति कायम भए पनि त्रिभुवन विशवविद्यालयको रजिस्ट्रार पदमा कांग्रेस, माओवादी र कांग्रेस प्रजातान्त्रिकले आ–आफ्नो दाबी पेस गरेकाले पनि सहमतिले अन्तिम रूप भने लिन सकेको छैन ।**

■ छत्र कार्की/काठमाडौं

**एक वर्षदेखि** पदाधिकारीविहीन भएका त्रिभुवन, नेपाल संस्कृत, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयमा उपकुलपति, रजिस्ट्रार, रेक्टरलगायत पदाधिकारी नियुक्ति प्रक्रिया अब चाँडै अघि बढ्ने भएको छ। गत मंगलवार त्रिभुवन विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र शिक्षामन्त्री प्रदीप नेपालबीचको भएको भेटवार्तापछि चारवटा विश्वविद्यालयका उपकुलपति भागबन्डाका आधारमा चाँडै नियुक्त गर्ने सहमति बनेको उच्च स्रोतले जनाएको छ। स्रोत भन्छ, 'त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा कांग्रेसले आफ्नो हकदाबी छोडेपछि सहमति कायम भएको हो। अब सम्भवतः दुई साताभित्र विश्वविद्यालयमा पदाधिकारीहरूको नियुक्ति भइसक्नेछ।'

सहमतिअनुसार एमाले, कांग्रेस, माओवादी र कांग्रेस प्रजातान्त्रिकलाई एक-एकवटा विश्वविद्यालयको उपकुलपति र अरू पदहरूको बाँडफाँड गरिनेछ, जसअनुसार एमालेको सिफारिसमा डा. माधव शर्मा त्रिभुवन विश्वविद्यालयको उपकुलपति बन्ने निश्चित भएको छ। पूर्वाञ्चलमा कांग्रेस, पोखरामा माओवादी र नेपाल संस्कृतमा कांग्रेस प्रजातान्त्रिकले नाम तोकेपछि उपकुलपतिको हैसियतले प्रधानमन्त्री कोइरालाले ती नामलाई अनुमोदन गर्नेछन्। उपकुलपति पाइसकेपछि त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार, रेक्टरमा एमालेले दाबी नगर्ने जनाइएको छ। परीक्षा नियन्त्रकमा भने उपकुलपतिले नै नियुक्ति गर्ने परम्परालाई निरन्तरता दिन लागेको बुझिएको छ।

सहमति बनिसकेपछि त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार, रेक्टर र सेवा आयोग अध्यक्ष कांग्रेस, माओवादी र कांग्रेस प्रजातान्त्रिकलाई बाँडिनेछ। निवर्तमान सरकारका शिक्षामन्त्री मंगलसिद्धि मानन्धरको सिफारिसमा त्रिभुवन विश्वविद्यालय अनुदान आयोगको अध्यक्षमा डा. कमलकृष्ण जोशी नियुक्त भइसकेका छन्। त्रिभुवन विश्वविद्यालयको पद बाँडफाड सिद्धिएपछि पोखरा, नेपाल संस्कृत र पूर्वाञ्चल विश्वविद्यालयका रजिस्ट्रार, रेक्टरलगायत पदको हकमा भने सजिलै सहमतिमा पुग्न सकिने जनाइएको छ।

परिवर्तित शिक्षा ऐनअनुसार विश्वविद्यालयका उपकुलपतिलगायत अरू उच्च पदाधिकारी नियुक्तिको लागि सहकुलपतिको हैसियतले शिक्षामन्त्रीको अध्यक्षतामा शिक्षा सचिव, विश्वविद्यालय प्रज्ञासभाको सदस्य रहेको तीनसदस्यीय समिति बनाउनुपर्ने प्रावधान छ, त्यो समितिलाई कुलपतिको हैसियतले प्रधानमन्त्रीले अनुमोदन नगरेसम्म छनोट प्रक्रिया अघि बढ्न सक्दैन। स्रोत भन्छ, 'खरो स्वभावका शिक्षामन्त्री नेपाल उपकुलपतिको अडानबाट अलिकति पनि तल नओर्लिएपछि कांग्रेसी प्राध्यापकहरूको व्यापक दबाब हुँदाहुँदै पनि प्रधानमन्त्री कोइराला उक्त पद एमालेलाई दिन बाध्यतावशः राजी भएका हुन्।' एमालेको तर्फबाट शिक्षामन्त्रीको कार्यभार


शिक्षामन्त्री प्रदीप नेपाल

भास्कर ओझा

सम्हाल्नेबित्तिकै नेपालले विश्वविद्यालयमा पदाधिकारी नियुक्तिलाई प्राथमिकतामा राखेर काम गर्ने जानकारी दिएका थिए। चैत २६ गते प्रधानमन्त्रीसँगको भेटमा शिक्षामन्त्री नेपालले आफूलाई 'मंगलसिद्धि सर'लाईजस्तै अल्सल्याङ नपार्न आग्रह गरेका थिए। त्यतिखेर मन्त्री नेपालले एक महिनाभित्र विश्वविद्यालयका पदाधिकारी नियुक्ति गर्न नसके आफूले पदबाट राजीनामा दिने जानकारी गराएका थिए।

अहिलेको विश्वविद्यालय ऐनअनुसार शिक्षामन्त्रीले गरेका हरेक सिफारिस कुलपतिको हैसियतले प्रधानमन्त्रीले अनुमोदन नगरेसम्म वैधानिकता पाउने अवस्था छैन। त्यसैले पनि शिक्षा मन्त्रालय एउटा प्रधानमन्त्री कार्यालयअन्तर्गतको शाखा जस्तै रहेको देखिन्छ। विश्वविद्यालयका जस-अपजसको भागीदार कुलपतिको हैसियतले प्रधानमन्त्री र सहकुलपतिको हैसियतले शिक्षामन्त्रीको थाप्लोका बराबर जाने भएकाले पनि प्रधानमन्त्री कोइराला सहमतिमा पुग्न राजी भएका थिए। कुनै स्वार्थको बीचमा चलखेल हुन नपाए अहिलेको सहमतिलाई मूर्तरूप दिन तत्काले प्रधानमन्त्री छनोट समितिलाई वैधानिकता दिने पक्षमा रहेको बताइएको छ।

चारवटै विश्वविद्यालयका उपकुलपतिको विषयमा लगभग सहमति कायम भए पनि त्रिभुवन विशवविद्यालयको रजिस्ट्रार पदमा कांग्रेस, माओवादी र कांग्रेस प्रजातान्त्रिकले आ-आफ्नो दाबी पेस गरेकाले पनि सहमतिले अन्तिम रूप भने लिन सकेको छैन। आफूले त्रिभुवन विश्वविद्यालयको उपकुलपति छोडेपछि दोस्रो महत्त्वपूर्ण पद रजिस्ट्रार पाउनु पर्ने कांग्रेसले दाबी गरिरहेको छ भने माओवादी र कांग्रेस प्रजातान्त्रिक पनि सजिलै उक्त पद त्याग्ने मानसिकतामा नभएको बुझिएको छ। उपकुलपतिको बाँडफाँड लगभग मिलिसकेपछि पनि रजिस्ट्रार र रेक्टरको निहुँ झिकेर नियुक्ति प्रक्रिया विलम्ब हुन सक्ने सम्भावना पनि त्यत्तिकै प्रबल छ।

निवर्तमान शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले नयाँ विश्वविद्यालय ऐन बन्नेबित्तिकै गत कात्तिकमा नै विश्वविद्यालयका उपकुलपति छनोट गर्न सिफारिस समिति गठन गरे पनि प्रधानमन्त्रीले त्यसलाई अनुमोदन नगरेकाले त्यस बेला पदाधिकारीको नियुक्ति हुन सकेको थिएन। यसरी राजालाई विश्वविद्यालयको कुलपतिबाट हटाएर उक्त पदमा आसीन प्रधानमन्त्री कोइरालाको कांग्रेस समर्थकलाई उपकुलपति बनाउने लालसा र तत्कालीन विभागीय मन्त्री मानन्धरले एमाले समर्थकबाटै उपकुलपति हुनुपर्ने अडान नछोडेपछि ऐन बनेपछि पनि विश्वविद्यालय पदाधिकारीविहीन रहन पुगेको थियो।

चौधौं सार्क शिखर सम्मेलन सकिएर मुलुक फर्केपछि चैत २६ गते प्रधानमन्त्री कोइराला र शिक्षामन्त्री नेपालबीच विश्वविद्यालय पदाधिकारी नियुक्तिको विषयमा केन्द्रित भएर थियो। स्रोतका अनुसार त्यस बेला मन्त्री नेपालले शिक्षा मन्त्रालय एमालेको भागमा परेकाले कांग्रेसले उपकुलपतिमा दाबी गर्न नमिल्ने र अरू विश्वविद्यालयको हकमा भने सहमतिका आधारमा नियुक्ति गरिनुपर्ने विचार राखेका थिए। प्रधानमन्त्री कोइरालाले भने विश्वविद्यालयका प्राध्यापकवर्गमा आफ्नो दलको पकड राम्रो रहेकाले एमालेले त्रिभुवन विश्वविद्यालयको उपकुलपति छोड्नु पर्ने बताएका थिए। ■

दैनिक अठार घन्टा काम गर्दा पनि सल्यानको डाँडागाउँका महिलाले खान पुग्ने कमाउन सक्दैनन् । त्यसमाथि खतरनाक काम गर्नुपर्दा अकालैमा उनीहरूको ज्यान जान्छ ।

# सधैं जोखिममा

■ रुद्र खड्का/सल्यान (तस्वीर पनि)

**कहिले रूखबाट** लडेर त कहिले खोलाले बगाएर अनि कहिले डाँडाबाट चिप्लेर महिलाहरूले ज्यान गुमाउने कुरो सल्यानको यो विकट गाउँमा कुनै नौलो कुरो होइन, त्यसैले पनि चैतमा पाँचजना महिला माटोमा पुरिएर ज्यान गुमाउँदा न त त्यो राष्ट्रिय चासोको विषय बन्यो न स्थानीय नै । परिवारले शोक मनाए, छिमेकीले आँसु पुछे ।

डाँडागाउँका ती ५ महिला चैत ६ गते घर लिप्ने रातोमाटो लिन गएका थिए, माटोको ढिस्का भत्कियो, उनीहरू पुरिएर मरे ।

गत वर्ष पनि त्यही ठाउँमा दुई महिलाहरू माटो लिन गएका बेला पुरिएका थिए, गत वर्ष घाँस काट्न गएका बेला चिप्लिएर दुई महिला त्यतैतिर मरेका थिए । स्थानीय बासिन्दाहरूका अनुसार डाँडागाउँमा अकालमै ज्यान गुमाउने महिलाको संख्या बर्सेनि थपिँदै गएको छ, तर रोक्ने कसरी ? यहाँ कसैलाई थाहा छैन न त राजधानीमा कोठेगोष्ठी र विरोध कार्यक्रमहरूमा रम्ने महिला अधिकारवादीहरूले नै त्यतातिर सोचेका छैनन् ।

यस्ता दुर्घटनामा महिलाहरू किन बढी पर्छन् त ? स्थानीय दिलमाया शर्मा भन्छिन्, 'अधिकांश जोखिमपूर्ण काम महिलाले गर्नुपर्छ, तसर्थ महिलाहरूले अकालमा ज्यान गुमाउने गरेका छन् ।' बालबालिकाहरूको लालनपालनदेखि गाईवस्तुको रेखदेख र अन्य कामको लागि महिलाहरू नै लाग्नु पर्ने भएका कारण उनीहरूको अकालमा मृत्यु हुने गरेको दिलमाया बताउँछिन् ।

गत साल घाँस काट्न गएका बेला रूखको गिन्डाले दुईजना, शारदा नदीले बगाउँदा दुई तथा माटो लिन गएका बेला दुई महिलाले ज्यान गुमाएको घटना बिर्सन नपाउँदै यसपालि डाँडागाउँ-६ का १७ वर्षीया शर्मिला नेपाली, ३० वर्षीया गुरी नेपाली, २८ वर्षीया झुमा भण्डारी, ४५ वर्षीया बेलमती चलाउने र ४२ वर्षीया सुन्तली चलाउनेको माटोको ढिस्काले पुरिएर मृत्यु भएको थियो । उनीहरू बिहान सबेरै चैतेदसैंका लागि घर लिप्नलाई रातोमाटो निकाल्ने प्रयास गर्दै थिए । पटक-पटक यस्ता घटना दोहोरिने गरे पनि अन्य महिलाहरूसँग सुरक्षित रहने कुनै उपाय भने छैन । स्थानीय गोमा भण्डारी भन्छिन्, 'सजिलो भए पनि गाह्रो भए पनि सबै काम महिलाले नै गर्नुपर्छ । त्यसकारण जति होसियारी पुऱ्याए पनि अकालमा ज्यान गुमाउने घटना रोकिएका छैनन् ।'

आर्थिक अवस्था कमजोर रहेका ग्रामीण भेकका महिलाहरूले बाँच्नकै लागि भए पनि जोखिमपूर्ण काम गर्नुपर्ने अवस्था त छँदै छ । त्यसमा नेपाली समाजको परम्परागत सोचाइ र लोग्नेहरू कामको लागि भारत पस्ने चलनले गर्दा ग्रामीण भेकका महिलाहरू सधैं जोखिमपूर्ण काम गर्न बाध्य छन् । रातिको ११ बजेपछि मात्र सुत्ने गरेकी डाडागाउँ-४ की कमला घर्ती बिहान ३ बजे नउठ्ने हो भने दिनभर उनलाई बोल्ने फुर्सदसम्म हुँदैन । सधैं घरको काममा व्यस्त भइरहने तीन छोराछोरीहरूकी आमा २७ वर्षीया कमला भन्छिन्, 'हरेक राति ११ बजे सुत्दा र बिहान ३ बजे उठ्दासमेत कामको चाप कहिले घट्दैन ।'

आर्थिक विपन्नताका कारण कामको लागि उनका श्रीमान् भारत पसेको एक वर्ष भएको छ । श्रीमान् भारत पसेपछि उनको काँधमा यतिखेर तीनवटा बच्चाको लालनपालनको जिम्मेवारी मात्र



सल्यानका महिला र बालबालिका

होइन, घरमा रहेका आठवटा गाई, एक हल गोरु तथा एक दर्जन बाख्राको लागि पनि घाँस र पानी दिनु पर्छ। बाँच्नको लागि एक मात्र स्रोत खेती लगाउने, गोडमेल गर्ने र भित्र्याउने काम नगरे त भोकै बस्नुको विकल्प छैन।

एकजना महिलाले तीनजना बच्चाको लालनपालन, गोठभरिका गाईवस्तुको रेखदेख तथा खेतीको काम कसरी भ्याउन सकिरहेकी छन् ? कमला भन्छिन्, 'अझ त्यसमा पानी लिने ठाउँ त एक घन्टा टाढा छ, जसका कारण दिनमा दुई-तीन घन्टा पानी बोक्दैमा बित्छ।'

'श्रीमान् भारतबाट वर्षमा एकपटक आउँछन्', कमला भन्छिन्, 'घर भित्र र बाहिरको सबै काम एक्लै गर्नुपर्छ।' खेतीपातीको लागि हलो जोत्ने बेला मात्र उनले गाउँका आफन्तको सहयोग लिने गरेकी छन्।

बाहिरबाट हेर्दा सामान्य घटना र अवस्था लाग्ने गरे पनि सल्यान, डाँडागाउँका कमला जस्ता ग्रामीण भेकका महिलाले दिनरात नभनीकन काम गर्नु र कामको लागि विभिन्न जोखिम मोलेको देख्दा उनीहरूको पीडा र समस्या बुझ्नलाई केही सजिलो हुन्छ। 'हामीलाई पनि कहिलेकाहीँ आराम गर्न मन लाग्छ', डाँडागाउँकै रीता नेपाली भन्छिन्, 'तर हामीलाई आनन्द र रमाइलो भनेको के हो, केही थाहा छैन।'

ग्रामीण भेकका पुरुषहरूको अवस्था समेत त्यति राम्रो नभए पनि महिलाको तुलनामा भने उनीहरूको अवस्था राम्रो मानिन्छ। बिहान सबैरै उठेर घर सफा गर्नेदेखि राति अबेरसम्म सबैले खाएको भाँडा सफा गर्नुपर्ने काम महिलाहरूले नै गर्नुपर्छ। 'राति ३-४ बजे उठेर धारामा पानी लिन नगए पानी नै पाइँदैन', डाँडागाउँकी स्थानीय बिर्मी घर्ती भन्छिन्, 'सबै गाउँलेले एउटै धाराको पानी प्रयोग गर्नुपर्ने बाध्यता भएका कारण पनि बिहानै बिउतिनु पर्ने बाध्यता छ।'

## छुवाछूतमुक्त घोषणा

सधैं अभावै-अभाव र पीडा नै पीडाको जिन्दगी गुजारिरहेका सर्वसाधारणको बसोवास रहेको डाँडागाउँका युवाहरूले गत साता उक्त गाउँलाई छुवाछूतमुक्त गाउँ भनेर घोषणा गरेका छन्।

सर्वसाधारणको अवस्थामा सुधार आउन नसक्नुको विभिन्न कारणहरूमध्ये छुवाछूत पनि एक भएको ठान्ने युवाहरूले भविष्यमा डाँडागाउँमा कुनै पनि हालतमा जातीय विभेद नहुने बताएका छन्। '१ सय ३५ परिवार बस्दै आएको डाँडागाउँको ढाडखानीमा पानी लिनकै लागि विगतमा कयौंपटक कुटाकुट पनि भएका थिए', स्थानीय शालिकराम विक भन्छन्, 'दलित र गैरदलितको नाममा सर्वसाधारण नै बढी मर्कामा परेको ठानेर यस्तो विभेद अन्त्य भएको घोषणा गरेका हौं।'

मानवअधिकार तथा कानुनी संरक्षण केन्द्र (हरप्लेस)सँग आबद्ध क्लबहरूको अगुवाइमा छुवाछूतमुक्त गाउँ घोषणा गर्न आयोजित कार्यक्रममा दलित अगुवा शालिकराम विकले सबै जातिका अगुवाहरूलाई पानी खान दिएर दलितमुक्त गाउँ घोषणा गरेका थिए। उक्त गाउँमा आधा दलित र



आधा अन्य जातिको बसोवास छ।

पछिल्लो पुस्तामा लगभग जातीय विभेद अन्त्य भइसकेको अवस्थामा घोषणा गरिएको छुवाछूतमुक्त घोषणाले ग्रामीण भेकमा बस्दै आएका पाको उमेरका व्यक्तिलाई समेत छुवाछूतको परम्परा त्याग्न प्रेरित गर्ने छुवाछूतमुक्त घोषणा गर्नेहरूले अपेक्षा राखेका छन्। जनमोर्चाका स्थानीय कार्यकर्ता हरि केसी भन्छन्, 'छुवाछूतमुक्त भएको घोषणापछि लगभग अन्त्य भइसकेको जातीय विभेदलाई अझै जरैदेखि उखेल्न सहयोग पुऱ्याउँछ।' छुवाछूतमुक्त घोषणा गरिएको गाउँमा दलित र गैरदलितको बसोवास बराबरी छ। गैरदलित समुदायका व्यक्तिहरू पनि समयानुसार चल्नु पर्ने भएका कारण छुवाछूतमुक्त गाउँ घोषणा गर्नु परेको उल्लेख गर्दै यसलाई प्रभावकारी ढंगले व्यवहारमा प्रयोग गरिने बताएका छन्। ■






काठमाडौं-११ पूर्णश्वरको सामुदायिक धारा

दिवसबहादुर बस्नेत

# गरिबप्रति लक्षित

**मेलम्ची आयोजनासँगै खानेपानीको निजीकरणबाट बढ्ने मूल्यको विरोधमा उठ्ने आवाजलाई मत्थर पार्न आएको सामुदायिक धाराको अवधारणाप्रति पनि शंका गर्ने ठाउँ धेरै छन् ।**

काठमाडौं उपत्यकामा खानेपानी आपूर्ति एकप्रकारको रोग नै भएको छ । वर्षौंदेखिको यो रोगको स्थायी उपचारका नाममा आएको 'मेलम्ची खानेपानी आयोजना' भन्दै आएको पनि दशक बित्दा पनि बन्न सकेको छैन । प्रारम्भिक अनुमान र आश्वासनअनुसार काठमाडौंमा खानेपानी छ्यालब्याल भइसक्नुपर्ने थियो, तर मेलम्चीले सिन्धुपाल्चोकका डाँडासमेत छिचोल्न सकेको छैन । अहिलेकै गतिमा काम अघि बढ्यो भने आउँदो पाँच वर्षअघि मेलम्चीको पानी काठमाडौंमा आउनेछैन, योजनाकार यसै भन्छन् । मेलम्चीको औचित्यको विवाद समाप्त भएको छ, पुरानो खानेपानी संस्थानले काँचुली फेरेर खानेपानी लिमिटेडका नाममा नयाँ कम्पनी खडा भएको छ । खानेपानीको वितरण लगायतका व्यवस्थापन करारमा दिने कामहरूले गति लिएका छन् ।

यिनै प्रयासहरूको बीचमा एसियाली विकास बैंकको सहयोगमा बृहत् खानेपानी आयोजनाअन्तर्गतको सानो योजना पनि छ, गरिबमुखी पानी कार्यक्रम । 'न्यून आय स्रोत भएका समुदाय केन्द्रित सामुदायिक धारा कार्यक्रम' नाम दिइएको योजना अहिले कागजी पूर्वाधार तयार गरेर कार्यान्वयनमा जाने तरखर गर्दै छ । योजनाका प्रमुख दिवसबहादुर बन्स्यातका अनुसार आउँदो जेठ महिनाको अन्त्यदेखि सामुदायिक धारा निर्माणको काम सुरु हुनेछ । 'सबैका लागि पानी' नारा लिएको योजनाअन्तर्गत काठमाडौं उपत्यकाका अव्यवस्थित बस्ती (सुकुमवासी), नदी किनाराका झोपरपट्टी, आर्थिक दृष्टिले कमजोर वर्ग (डेरावाल समेत)लाई केन्द्रित गरेर खानेपानी वितरण गर्ने योजना अघि सारेको हो । 'योजनाले न्यून आय भएका व्यक्ति र समुदायको खानेपानी सेवामा संस्थागत सुधारमा प्राविधिक र आर्थिक सहयोग प्रदान गर्दछ', बन्स्यात दाबी गर्छन् ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडअन्तर्गत न्यून आय भएका उपभोक्ता सहयोग एकाइ स्थापना गर्ने, न्यून आय भएका उपभोक्ताको सेवा र सुविधा विस्तार गर्न प्रभावकारी भूमिका खेल्ने, उपत्यकाका न्यून आय भएका वर्गलाई पानी वितरण गर्नका लागि पानी उपभोक्ता समूहहरू गठन गर्ने, समूहको जिम्मामा पानी व्यवस्थापन र वितरण गर्ने, धारा लगायतका पूर्वाधार निर्माणमा २० प्रतिशत लगानी उपभोक्ताको हुने जस्ता नीति योजना लिएको छ । जेठ अन्तिम सातादेखि काठमाडौं नगरपालिकाभित्र १० वटा धारा पुनर्निर्माणबाट योजनाको काम थालिने बताइन्छ । उपभोक्ता समूहहरू निर्माण गर्ने काम गैरसरकारी संस्थाको जिम्मा दिने तयारी अन्तिम अवस्थामा पुगेको योजनाको जनसम्पर्क अधिकृत सीमा रजौरिया बताउँछिन् । रजौरिया भन्छिन्, 'उपभोक्ता समूह गठन गरेर पानी उपलब्ध गराउन सक्दा उपभोक्तामा विश्वास जाग्छ, उनीहरू आफैंले व्यवस्थापन गर्दा सरकारी पानी भनेर बेवास्ता पनि हुँदैन ।'

योजनाका पानी वितरण इन्जिनियर वसन्त प्रधानका अनुसार काठमाडौं उपत्यकामा ३५० वटा सामुदायिक धारा निर्माण तथा पुनर्निर्माण गरिनेछ । तीमध्ये करिब ३०० धारा पुनर्निर्माण गरिनेछ भने ५० वटा मात्र नयाँ निर्माण हुनेछन् । योजनाले पुनर्निर्मित धाराहरूमा समुदायको कुनै लगानी नहुने नीति लिएको छ । बन्स्यातका अनुसार एउटा धारा पुनर्निर्माण गर्न, ट्यांकी राख्न ५०, ६० हजार खर्च लाग्ने अनुमान छ । काठमाडौं उपत्यकाभित्र चन्द्र शम्सेरको पालादेखि विभिन्न समयमा निर्माण भएका सार्वजनिक धाराको संख्या करिब १ हजार ४ सय भएपछि आधा पनि काम लाग्ने अवस्थामा छैनन् । खानेपानी संस्थानले समय समयमा कानुनी अड्चनका कारण धारा जडान गर्न नसक्ने सुकुमवासी क्षेत्रहरूमा विशेष योजनाअन्तर्गत खानेपानी वितरणको नीति कागजमा सीमित थियो । संस्थानले खानेपानी वितरणका पूर्वाधार निर्माण गरे पनि अधिकांश स्थानमा पानी उपलब्ध गराउन भने संस्थान सक्षम थिएन ।

तर अहिले अघि सारिएको योजनाले भने पानीको ग्यारेन्टी गर्ने नीति अख्तियार गरेको छ । बन्स्यातको दाबी छ, 'हामी सामुदायिक धारा नजिकै समुदायको आवश्यकता ५ हजार लिटर क्षमतासम्मका ट्यांकी राख्छौं, निर्माण गर्छौं । धाराबाट पानी आएन भने हामी ट्यांकरबाट ट्यांकीमा पानी भरेर समुदायलाई पानी उपलब्ध गराउनेछौं ।'

बन्स्यातको योजनाअनुसार सुरुका दुई वर्षसम्म कम्तीमा २-३ गाग्री (करिब ४०-५० लिटर) पानी प्रत्येक परिवारका लागि उपलब्ध गराइनेछ । खानेपानी कम्पनीले औपचारिक काम थालेपछि आगामी दुई वर्षमा भने प्रत्येक धाराबाट हरेक दिन दिनको १ घन्टा पानी आउने व्यवस्था गरिनेछ ।

सामुदायिक धारा कार्यक्रमअन्तर्गत पानीको ग्यारेन्टी गर्ने मात्र योजनाले गरिरहेको छैन । पानी उपलब्ध गराएबापत सहुलियत दरको मासिक शुल्क पनि उठाउनेछ, तर योजनाले पैसा उठाउने नीतिलाई पहिलो र दोस्रो वर्ष निकै खुकुलोसाथ अघि सार्ने भएको छ । पहिलो वर्ष शुल्क नलिने, दोस्रो वर्ष तोकिएको रकमको आधा शुल्क मात्र लिने, तेस्रो वर्षदेखि पूरै शुल्क लिने उद्देश्य राखिएको छ । बन्स्यात भन्छन्, 'सुरुका दुई वर्ष पानी उपलब्ध गराउने ग्यारेन्टी गराउन शुल्कमा भारी छुट दिनुपर्छ भन्ने नीति हो, तर सधैं निःशुल्क पानी दिन मिल्दैन । त्यस्तो नीति सम्भव पनि हुँदैन ।'

बर्सेनि खानेपानीका आश्वासन बाँडिँदै आएको राजधानीमा विदेशी सहयोगमा अघि सारिएको सामुदायिक धारा कार्यक्रम र पानी वितरण गर्ने योजना कागजमा जस्तै व्यवहारमा उत्रिएला ? आशंका प्रशस्त छन् ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**

वन विनाशको पराकाष्ठा नाघ्दै डोटीमा १ लाख ४५ हजार क्युफिट कटानी गर्न विभागले नै निर्देशन दिएपछि राजमार्गछेउमा काठका ठूला ठूला चट्टा नै लागेका छन् ।

# बढ्दो विनाशको शृंखला



कैलालीको एक स:मिलमा थन्क्याइएका पहाडी काठ

■ **श्याम भट्ट/धनगढी** (तस्बिर पनि)

**कैलालीको** बढ्दो वन विनाश शृंखलाको कारकका रूपमा तस्करहरूको सञ्जालमात्र छैन, राज्य र माओवादी पनि उत्तिकै दोषी देखिएका छन् । सुदूरपश्चिममा सबैभन्दा बढी वनसम्पदा भएको कैलालीमा ६ महिनायता ६० हजार क्युबिक फिट काठ अवैध रूपमा काटिएको छ ।

पौष २४ गते कैलाली मसुरिया रेन्जपोस्टअन्तर्गत पर्ने सुनपाल प्रस्तावित सामुदायिक वनबाट जिल्ला वनका रेन्जर र उपभोक्ता समितिका पदाधिकारीको मिलोमतोमा झन्डै बीस हजार क्युफिट काँचो खयरको रूख काटियो । रेन्जरको जागिरै गयो भने समितिका पदाधिकारीलाई केही पनि कारबाही भएन । स्थानीय बासिन्दाले विरोध मात्रै गरेनन्, फडानी भएको क्षेत्रको स्थलगत रिपोर्टका लागि गएका निमित्त क्षेत्रीय वननिर्देशक विजयराज सुवेदी, सहायक वन अधिकृत रोमराज लामिछाने सहितका ६ जनालाई नियन्त्रणमा लिएर तीन दिनपछि मात्रै छोडे ।

पौष २७ गते चौमाला र बेलादेवीपुर गाविसमा पर्ने बाह्रवनक्षेत्रबाट अवैध रूपमा काटिएको दुई हजार क्युफिट काठ स्थानीय बासिन्दाले समाते । घटनामा उपभोक्ता समितिका अध्यक्ष श्यामबहादुर खड्का संलग्न थिए । पौष २९ गते जिल्लाको भजनी क्षेत्रमा पर्ने सिराधानी प्रस्तावित सामुदायिक वनमा दुई सय क्युफिट काठ बरामद गरियो । माघ २२ गते काठमाफियाले भारततिर तस्करी हुँदै गरेको काठ स्थानीय जनताले रोके भन्दै उनीहरूमाथि आक्रमण भयो, जसमा ६ जना गाउँले गम्भीर घाइते भए ।

माघ २६ गते धनगढी नगरपालिका-६ स्थित जाली सामुदायिक वनबाट अवैध रुपमा कटान गरिएका दुई सय क्युफिट काठ स्थानीय बासिन्दाले पक्राउ गरे । घटनामा स्थानीय सन्तबहादुर चौधरी संलग्न थिए । चैतको पहिलो साता कैलालीकै रामशिखरझाला गाविसको सिमथडी वनक्षेत्रमा स्थानीय बासिन्दाको एक समूहले ५५ वटा काँचो साल (झन्डै चार हजार क्युफिट) अवैध रूपमा कटान गर्‍यो । बाटो चौडा बनाउन काठ काटेको भन्ने र घटनामा संलग्न चारजनालाई जिल्ला वनले पक्राउ गर्‍यो । तर कारबाही अगाडि नबढाई मन्त्रालयको आदेशमा दुई दिनमै उनीहरूलाई छोडियो ।

चैत्र २१ गते कञ्चनपुरको सीता सामुदायिक वनबाट अवैध रूपमा काटिएको झन्डै एक सय क्युफिट काठ स्थानीय बासिन्दा र माओवादीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमार्फत कैलाली वनलाई बुझाए । चैत २५ गते गोरंगेमा रहेको माओवादी सेनाले लम्की रेन्जपोस्टअन्तर्गत पर्ने राष्ट्रिय वनक्षेत्रबाट ५५ वटा काँचो सालका रूख (झन्डै चार हजार क्युफिट) कटान गरी चुहास्थित स:मिलमा पुर्‍यायो । चैत २६ गते मात्रै प्रहरीले पक्राउ गरी जिल्ला वनलाई बुझाएको झन्डै अढाई सय क्युफिट काँचो सालको काठ माओवादी दबाबपछि वनले छोड्यो । जनसेनालाई पलंग बनाउन र हतियारको कन्टेनर छोप्न काठ कटानी गरेको भन्दै माओवादी सातौं डिभिजनले वनलाई दबाब दिएपछि बरामद गरिएको काठ छोडिएको थियो । माओवादी वनमन्त्री मातृकाप्रसाद यादवले वन फडानी रोक्न निर्देशन दिइरहेकै बेला उनीहरूले यस्तो काम गरेका हुन् । उनीहरूले यहाँका कैलाशेश्वर र जाल्पा सामुदायिक वन लगायत गोदावरी क्षेत्र र आफ्नो शिविर क्षेत्रमा अवैध कटानी गरेका छन् भने उनीहरूको पछिल्लो विनाश र रवैयाले तस्करसँग माओवादी मिलेमतो भएको स्पष्ट देखिएको छ ।

कञ्चनपुरको लालझाडीवन क्षेत्र, पहाडी जिल्ला डडेलधुरा र डोटीमा पनि ठूलो मात्रामा अवैध वन फडानी निरन्तर छ । यसपटक वन विनाशको पराकाष्ठा नाघ्दै डोटीमा १ लाख ४५ हजार क्युफिट कटानी गर्न विभागले नै निर्देशन दिएपछि राजमार्गछेउमा काठका ठूला ठूला चट्टा नै लागेका छन् भने पहाडबाट ल्याएका काठ राख्न तराईका स:मिलहरूलाई भ्याईनभ्याई छ । कैलालीमा पनि निमित्त वन अधिकृत रोमराज लामिछानेले थप ४ लाख क्युफिट ढलापडा काठका लागि मन्त्रालयमा सिफारिस गरेको बुझिएको छ । कैलालीमा ६ महिनायता ६० हजार क्युफिट काठ काटिएको अनुमान सामुदायिक वन उपभोक्ता महासंघका जिल्ला अध्यक्ष सन्तबहादुर कार्कीको छ । 'वनविनाशको क्रम दिनदिनै बढ्दै छ, यसको मुख्य जिम्मेवार राज्य हो, दलहरूको पनि उत्तिकै जिम्मेवारी हो । सत्तामा पुगेको माओवादीको झनै जिम्मेवारी हुनु पर्ने हो, तर राजनीतिक दलसँगै माओवादी पनि वनविनाशका घटनामा मौन बस्नु रहस्य नै भएको छ', कार्की भन्छन् ।

यसैबीच कैलालीका बढ्दै गएको विनाश रोक्न विराटनगरबाट धनगढी आएका जिल्ला वन अधिकृत मोहन कोइरालालाई पुरानै ठाउँ सरुवा गरिएको छ । कैलालीका काठ व्यवसायी र तस्करहरूको दबाबमा नियमविपरीत सरुवा भएका पूर्व जिल्ला वन अधिकृत शेखरकुमार यादव पुन: कैलाली आएका छन् । ■




तस्बिरहरू : समय

स्वास्थ्य शिविरमा परीक्षण गर्न प्रतीक्षारत मनहरा किनाराको अव्यवस्थित बस्तीका बासिन्दा

# जहरजस्तो जिन्दगी

**मनहरा खोलाको तिरमा रहेको असुरक्षित बस्तीका मानिसहरू जीवनयापन र बसोवासका हिसाबले मात्र होइन, स्वास्थ्यको हिसाबले पनि यति धेरै नाजुक अवस्थामा रहेछन् कि उनीहरूलाई उपचार गर्न आएका कोरियाली चिकित्सकहरू आँखाभरि आँसु बोकेर फर्किएका छन् ।**

■ **राजेश घिमिरे/काठमाडौं**

**जहाजबाट** ओर्लिनेबित्तिक्कै भक्तपुरको मनहरा खोलाको तिरमा बसेको अव्यवस्थित सुकुमवासी बस्तीमा पुग्दा दक्षिण कोरियाकी डा. लि च्याङ हीको मनै रोयो ।

'त्यो दुर्गन्धित बस्तीमा चार-चार दिन म कसरी बिताउँलाजस्तो लाग्यो', दोभाषेको सहयोगमा हीले *समय*लाई भनिन्, 'तर पूर्ण अँध्यारो त्यो बस्तीमा मानिसहरू टुकीको सहयोगमा पनि आशालाग्दो जीवन बिताइरहेका छन् । ती दुःखी मानिसहरूलाई सेवा दिन पाएकोमा अहिले मनमा प्रसन्नता छ, अझै केही गरूँ भन्ने भावना छ ।'

गत साता उनीसँगै आएका २४ जना दक्षिण कोरियालीहरूले चार दिनसम्म मनहरामा स्वास्थ्य शिविर सञ्चालन गरे । चार दिन चलेको त्यो शिविरमा १८ सय ७८ जनालाई सेवा दिँदा ती दक्षिण कोरियालीहरूले मनहरा खोलाको तिरमा रहेको असुरक्षित बस्तीका नेपालीको दुःखलाई राम्ररी बुझे ।

बालरोग विशेषज्ञ डा. संग कि-ह्वाको अनुभव पनि आफ्नै खालको छ, 'बालबालिकामा कुपोषण ठूलै समस्या रहेछ, सबैभन्दा ठूलो समस्या त मलाई पानीकै लाग्यो । मनहराका मानिसहरू त पानी होइन, जहर पिउँदा रहेछन्, किटाणु नै किटाणुले भरिएको विषालु पानी ।'

पेटरोग विशेषज्ञ लि च्याङ ही भन्छिन्, 'शिविरमा एकजना रोगी आउँदा ऊ एउटामात्र रोग लिएर आउँदैन, ऊ त रोगहरूको खानीजस्तो पो देखिन्छ, आँखा पाक्नेदेखि टाउको दुख्ने, ज्वरो आउने खुट्टा सुन्निनेसम्मका हरेक थरी रोग तिनैमा देखियो । मलाई लाग्यो, यो सब प्रदूषणको असर हो, खराब वातावरणको असर हो । धेरैले त रोग नभए पनि रोग लागेको जस्तो अनुभव पनि गर्दा रहेछन्, यो पनि वातावरणीय प्रदूषणको असर हो ।'

ही थप्छिन्, 'मैले कतिजनालाई त उमालेर पानी पिउनुहोस् पनि भनेँ, तर पछि आफैंले सोचेँ- पानी उमाल्न सक्ने आर्थिक स्थिति होला त उनीहरूको ? पछि आफ्नै सुझाव दिँदाको स्थिति सम्झेर आफैंलाई दुःख लाग्यो ।'

ती दक्षिण कोरियाली चिकित्सकहरूलाई नेपाल आउन र मनोहरामा स्वास्थ्य शिविर संचालन गर्न सहयोग गर्ने एसिया मानवाधिकार तथा सांस्कृतिक



शिविरमा सामान्य शल्यक्रिया गर्दै कोरियाली चिकित्सक




कोरियाली चिकित्सक टोली

विकास मञ्चका कार्यकारी निर्देशक सिद्धिचन्द्र बराल भन्छन्, 'काठमाडौंको छेउको बस्ती भएर पनि त्यो ठाउँको बिजोग छ, हाम्रो अनुसन्धानअनुसार त्यहाँ ४ सय ६२ परिवारको बसोवास छ, तर उनीहरूका लागि पर्याप्त र स्वच्छ खानेपानीको अभाव छ। आयआर्जनका लागि बंगुर त पालेका छन् तर त्यसैले बढी फोहर गरिरहेको छ।'

मनोहराको यो बस्ती गैरकानुनी भएको आरोपमा बेलाबेलामा विवादमा आइरहेको हुन्छ। त्यसैले पनि यो बस्ती समाजसेवा गर्नेहरूको नजरबाट पनि उपेक्षित रहेको छ। 'मञ्चले ओझेलमा परेको यो बस्तीका बासिन्दालाई मानवोचित व्यवहार दिलाउन खोजेको हो', बराल भन्छन्।

दक्षिण कोरियाली जनताले दिएको दानबाट सञ्चालित सारङ होहमको सहयोगमा इन्कोन सराङ अस्पताल, दक्षिण कोरिया, सोलिडारिटी फर एसियन हयुमन राइट एन्ड कल्चर र माइग्रान्ट वर्क्स हेल्थ एसोसिएसन इन कोरिया नामक तीन संस्थाका प्रतिनिधिका रूपमा आएको उक्त टोलीमा सातजना चिकित्सक, नौजना नर्ससहित २४ जना थिए। टोलीनेता डा. वाङ जुन ली भन्छन्, 'हामी धर्म वा अन्य आस्थाको प्रचारका लागि भन्दा पनि आमनेपाली जनताको हितका लागि निःस्वार्थ रूपले यहाँ आएका छौं। कोरियाली जनताको शुभकामनासहित आफ्नो अनुभवबाट हामीले नेपालीको सेवा गर्न चाहेका हौं।'

शिविर संचालनपछि टोलीमा अलिक पाका डा. लीको आफ्नै खालको अनुभव रह्यो। डा. ली भन्छन्, 'मनहरा शिविरको अनुभव तथा नेपाली स्वास्थ्यकर्मी तथा नीति निर्माताहरूसँगको अन्तरक्रियाबाट मलाई नेपालको स्वास्थ्य सेवाको स्थिति ५०-६० वर्षअगाडिको कोरियाको जस्तो पो लाग्यो।'

डा. संग कि-हवा भन्छन्, 'मलाई शिविरका क्रममा नेपालले आफ्नो भविष्यका कर्णधार बालबालिकाका बारेमा त्यति ध्यान नदिइएको हो कि जस्तो पनि लाग्यो। त्यहाँका बालबालिकाको स्थिति देख्दा दुःख लाग्यो। यो स्थितिमा परिवर्तन हुनु पर्छ, तर त्यो कहाँबाट सुरु गर्ने हो, थाहा छैन।'

डा. लि च्याङ ही अर्को समस्या थप्छिन्, 'महिलाहरूमा पेटको समस्या निकै देखियो, त्यसमा अन्य कारणका अतिरिक्त परिवार नियोजनका साधनहरूको जथाभावी प्रयोगले समस्या ल्याएको देखियो। ती साधनका बारेमा राम्रो बुझाइ पनि नभएको र तिनबाट हुने अतिरिक्त कुप्रभावका बारेमा पनि सोधनी नगरी प्रयोग भएजस्तो लाग्यो। जुनसुकै औषधी प्रयोग गर्नुभन्दा अगाडि त्यसबारे सम्पूर्ण सूचना प्रयोगकर्ताले पाउनु पर्छ भन्ने हाम्रो मान्यता हो।'

दोस्रोपटक नेपाल आएका जनरल सर्जन डा. किम जोङक्वामको अनुभवमा, 'शिविरमा आउनेमध्येमा धेरैले पहिले लागेको चोटपटकको उपचार नै नगरी छोडेका रहेछन्, उपचार नभएकाले त्यसमा संक्रमण बढ्दै जाँदा पनि उनीहरू उपचार नै नगरी बसेका रहेछन्। त्यस्तो अप्ठ्यारो हुँदा पनि उनीहरू कसरी सहेर बाँचिरहेका हुन्, म त अचम्मै परें।'

हाडजोर्नी विशेषज्ञ डा. तलवान किम भन्छन्, 'धेरै समस्या त आफ्नो शरीरलाई कसरी राख्ने भन्ने ज्ञान नहुँदा नै समस्या भएर आएको देखियो। यस्तो चेतना भयो भने शिविरमा देखिएका हाडजोर्नीका समस्या त आफैं समाधान हुन्छ।'

शिविर संचालनका क्रममा कोरियाली चिकित्सकहरूले उपचार गरेका १८ सय ७८ जनामध्ये ५ सय ३६ जना त कलिला केटाकेटी थिए। तीमध्ये पनि १८ जनालाई धुलिखेल अस्पतालमा उपचारका लागि पठाइएको थियो। धुलिखेल पुगेका आठजनालाई त अस्पताल नै भर्ना गरेर उपचार गराइरहेका छन्। टोली नेता डा. ली भन्छन्, 'उनीहरूको यहाँ उपचार हुन सकेन भने हामी उनीहरूलाई कोरिया नै लगेर पनि उपचार गर्नेछौं।'

अहिले ती चिकित्सकहरूले मनहराको त्यो बस्तीका दुईजना बालबालिकालाई चाहिँ कोरिया लाने भइसहेका छन्। ती दुवैमा मुटसम्बन्धी रोग देखिएको छ। शिविर संचालनकै क्रममा उनीहरूले २४ वटा सामान्य शल्यक्रिया पनि गरेका थिए। शल्यक्रिया गरिएकामध्ये एकजनामा हाडजोर्नीको समस्या देखिएको थियो भने २३ जनामा सामान्य समस्या देखिएकाले शल्यक्रिया गरिएको थियो।

मनहराको त्यो बस्ती देखेर मन दुखाएका ती चिकित्सकहरूले केवल स्वास्थ्यसम्बन्धी काम मात्र गरेनन्, त्यहाँका बालबालिकाका लागि ४ कोठाको स्कुल भवन र पुस्तकालयको समेत व्यवस्था गरेका छन्। पुस्तकालयमा साना नानीहरूदेखि वयस्कहरूले समेत पढ्न मिल्ने खालका एक हजार पुस्तकको पनि व्यवस्था गरे।

टोली नेता डा. ली भन्छन्, 'यो सुरुवात मात्र हो, अब हामी स्वास्थ्य, चेतना र जनशक्ति विकासमा काम गर्न चाहन्छौं।' डा. किम जोङक्वाम सुझाव दिन्छन्, 'नेपालमा यथाशीघ्र चिकित्सकहरूको संख्या बढोस्, सबै नेपालीले सर्वसुलभ स्वास्थ्य सुविधा पाऊन् यही नै हाम्रो शुभकामना छ।' ■

**विकासमा निजी क्षेत्रको भूमिका थप सशक्त बनाउने उद्देश्यले सार्वजनिक-निजी साझेदारी (थ्रिपी)को अवधारणा अमेरिकाले अगाडि बढाएको हो ।**

# नमुना व्यापार केन्द्र


■ मधुसुदन पौडेल/काठमाडौं

**सार्वजनिक-निजी** साझेदारीको नमुना बनेको छ, राजधानीको त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टर । नेपालको सबैभन्दा ठूलो यो व्यापारिक भवन निर्माणमा पाएको सफलताले नेपालका लागि अर्को महत्त्वपूर्ण सन्देश पनि दिएको छ- विकासका भौतिक पूर्वाधार निर्माणमा राज्यले नै लगानी गर्नु पर्छ भन्ने मान्यतामा परिवर्तन । सेन्टरका प्रबन्ध निर्देशक सकुन्तलाल हिराचन भन्छन्, 'राज्यले त लगानीको वातावरण तयार गरिदिने हो । नेपालको निजी क्षेत्र भौतिक पूर्वाधार निर्माणमा सक्षम छ भन्ने उदाहरण हामीले प्रस्तुत गरेका छौं ।'

## नमुना प्रोजेक्ट

विकासमा निजी क्षेत्रको भूमिका थप सशक्त बनाउने उद्देश्यले सार्वजनिक-निजी साझेदारी (थ्रिपी)को अवधारणा अमेरिकाले अगाडि बढाएको हो । आर्थिक उदारीकरण अँगालेका विश्वका विकसित मुलुकहरूमा पनि यो अवधारणाको कार्यान्वयन निकै सफल मानिएको छ । नेपालमा पछिल्लो दशकयता मात्रै यो अवधारणाका बारेमा सामान्य चर्चा हुन थालेको भए पनि कुनै पनि परियोजना कार्यान्वयन क्षेत्रमा यसको सशक्त कार्यान्वयन भने युनाइटेड वर्ल्ड ट्रेड सेन्टरमा भएको छ । कुनै पनि विकास परियोजनामा सरकार र निजी क्षेत्रले लगानी गर्ने र त्यसको प्रत्यक्ष आर्थिक लाभ पनि दुवैले उठाउन सक्ने व्यवस्थालाई यो अवधारणाले प्रतिनिधित्व गरेको हुन्छ । मुख्य रूपमा सरकारले निजी क्षेत्रको लगानीका लागि नीतिगत व्यवस्था मिलाउने र आर्थिक लगानी निजी क्षेत्रबाट आउने अपेक्षा गरिएको हुन्छ । विकास निर्माणमा निजी क्षेत्रसँग रहेको आर्थिक र प्राविधिक दक्षता उपयोग गर्न अगाडि सारिएको यो अवधारणा विकास निर्माणका लागि निकै महत्त्वपूर्ण सावित भएको छ ।

त्रिपुरेश्वरस्थित जनप्रशासन क्याम्पस रहेको ११ रोपनी जग्गामा सोही अवधारणाअनुसार एउटा व्यापारिक भवन निर्माण गर्न त्रिभुवन विश्वविद्यालय तयार भएपछि यो भवन निर्माणको सपना सुरु भएको थियो, २०५० को सुरुमा । तर विश्वविद्यालयले आह्वान गरेको पहिलो टेन्डरमा निजी क्षेत्रले सन्तोषजनक प्रस्तावहरू दिन सकेन । मुलुक माओवादी हिंसाबाट आक्रान्त बनिरहेका बेला लगानीकर्ता भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा दिगो लगानी गर्ने 'मुड'मै थिएनन् । दोस्रो आह्वानमा भने युनाइटेड बिल्डर्स एन्ड इन्जिनियर्स प्रालिले अत्याधुनिक ६ तले भवन बनाउने प्रस्ताव गर्‍यो, जुन अन्य प्रस्तावहरूको तुलनामा राम्रो थियो । २ वर्ष निर्माण अवधिबाहेक ३० वर्षसम्म भवन सोही कम्पनीको मातहतमा संचालन हुने र यस अवधिमा २० करोड रुपैयाँ त्रिभुवन विश्वविद्यालयलाई बुझाउने प्रस्ताव आकर्षक नै मानियो । उसको प्रस्ताव स्वीकृत गरियो । यो व्यवसायिक भवन निर्माणमा विश्वविद्यालयको ११ रोपनी जग्गा प्रयोग




तस्वीरहरू : समय

युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको भवन

गरिने र लगानी उक्त कम्पनीले गर्ने गरी साझेदारीको प्रक्रिया निर्धारण गरिएको थियो। कम्पनीका अनुसार सुरुमा यो भवनको कुल निर्माण खर्च २३ करोड रुपैयाँ अनुमानित गरिएकोमा अहिले भवन पूरा हुँदासम्म ५० करोड रुपैयाँभन्दा बढी खर्च भएको छ। यो अवधिमा निर्माण सामग्रीमा भएको अत्यधिक मूल्यवृद्धिका कारण निर्माण लागत बढेको बताउँछन्, प्रबन्ध निर्देशक हिराचन। ३२ वर्षपछि यो संरचना पूर्णरूपमा विश्वविद्यालयको स्वामित्वमा हस्तान्तरण हुनेछ। कम्पनीका अध्यक्ष पूर्णलाल हिराचन भन्छन्, 'त्रिभुवन विश्वविद्यालयले यो जग्गा दीर्घकालीन लिजमा नदिएको भए यो भौतिक पूर्वाधार निर्माणको सम्भावना रहने थिएन।'

### कस्तो छ यो भवन ?

अन्तर्राष्ट्रिय मापदण्डका आधारमा निर्माण गरिएको यो नेपालको सबैभन्दा ठूलो व्यापारिक भवन हो जहाँ एउटा व्यवसायिक भवनका लागि आवश्यक सबै सुविधाहरू उपलब्ध छन्। सम्भवतः पहिलोपटक नेपालको व्यवसायिक भवनमा भू-उपग्रहको माध्यममा सिसिटिभीबाट निगरानी गरिने अत्याधुनिक सुरक्षा व्यवस्था मिलाइएको छ। प्रबन्ध निर्देशक हिराचनको भनाइमा 'संसारको कुनै पनि ठाउँबाट यहाँको व्यापारिक कारोवार एवं सुरक्षा

**यो नेपालको सबैभन्दा ठूलो व्यापारिक भवन हो जहाँ एउटा व्यवसायिक भवनका लागि आवश्यक सबै सुविधाहरू उपलब्ध छन्।**

स्थिति हेर्न सकिन्छ।' ६ तले यो भवनमा २ सयभन्दा बढी व्यवसायिक केन्द्र रहेका छन्। एउटै छानामुनि नुनदेखि सुनसम्मका सबै वस्तुको सुविधा उपभोक्तालाई दिन यो भवन निर्माण गरिएको बताउँछन्, कम्पनीका संचालकहरू। व्यापारिक भवनमा व्यापार गर्ने विश्वव्यापी प्रचलन पछ्याउँदै नेपाली व्यवसायीहरू पनि यसतर्फ निकै आकर्षित देखिएका छन्। यो भवन उद्घाटन हुन नपाउँदै यहाँका सबै व्यापारिक कक्षहरू 'बुकिङ' हुनुले पनि यो अवस्था देखाएको छ।

यहाँ डिपार्टमेन्टल स्टोर, बहुराष्ट्रिय कम्पनीद्वारा उत्पादित ब्रान्डको प्रदर्शनी तथा बिक्री कक्ष, बैंक, आकर्षक रेस्टुराँहरू, पार्टी प्यालेस, ब्युटिपार्लर, अत्याधुनिक हेल्थ क्लब, मिडिया सेन्टर, साइबर क्याफे र तातोपानीयुक्त पौडीपोखरी रहेका छन्। संचालकहरूका अनुसार विश्वस्वाथ्य संगठनद्वारा निर्धारित मापदण्डअनुसारको पिउने पानी, वैकल्पिक विद्युत्का लागि स्वचालित जेनेरेटर तथा अत्याधुनिक अग्निनियन्त्रण प्रणाली यहाँ राखिएको छ। भूकम्प प्रतिरोध प्रविधि प्रयोग गरी भवन निर्माण गरिएको जानकारी दिइएको छ। भवनमा चारवटा लिफ्ट र ६ वटा एक्सेलेटर राखिएका छन्। फाउन्टेन फोहरा, प्रदर्शनी कक्ष र एकैसाथ एक हजार गाडी पार्किङ गर्न सक्ने सुविधायुक्त ढंगले यो भवन निर्माण गरिएको छ। ■

# विकासमा योगदान पुर्‍याउन योजना सुरु गरेका हौं

■ **सकुन्तलाल हिराचन**
प्रबन्ध निर्देशक युनाइटेड बिल्डर्स र इन्जिनियर्स प्रालि

**कसरी सुरु भयो व्यापारिक भवन बनाउने योजना ?**

प्रतिकूल अवस्थामा पनि केही गर्न सकिन्छ भनेर हामीले यो प्रोजेक्टलाई अगाडि बढाएका हौं, तर अहिले कम्प्लेक्स उद्घाटनसम्म आइपुग्दा मुलुक शान्तिपूर्ण बाटोमा आइपुगेको छ। यसलाई मैले ठूलो सौभाग्य सम्झेको छु।

**कति खर्च गर्नु भयो यो भवन बनाउन ?**

२०५८ सालमा हाम्रो टेन्डर स्वीकृत गर्दा २३ करोड रुपैयाँमा निर्माण पूरा हुन्छ भन्ने अनुमान गरेका थियौं, तर निर्माण सामग्रीमा यति धेरै मूल्यवृद्धि भयो कि अहिले ५० करोड रुपैयाँभन्दा धेरै खर्च भइसकेको छ।

**कति वर्षमा नाफा हात पर्न थाल्छ त ?**

हामीले १० वर्षसम्म त कुनै नाफा पाउनेछौं भनेर सोचेका छैनौं, त्यसपछि मात्रै हो। फेरि हाम्रा व्यापारिक कक्षहरू अन्यत्रभन्दा सस्ता पनि छन्।

**तीस वर्षपछि मात्रै त्रिभुवन विश्वविद्यालयलाई फिर्ता गर्ने सम्झौता छ। त्यसो भए बाँकी २० वर्षको आम्दानी सबै मुनाफा हुने भयो ?**

दुई वर्ष निर्माण अवधि र बाँकी ३० वर्ष गरी ३२ वर्षमा यो भवन हामी त्रिविलाई फिर्ता गर्छौं। यस अवधिमा हामीले त्रिविलाई २० करोड रुपैयाँ पनि बुझाउनेछौं। यसअघि नै ७५ लाख रुपैयाँ धरौटी राखिसकेका पनि छौं। नाफाको बारेमा अहिले नै हिसाब भएको छैन।

**तपाईंलाई यो योजना महत्त्वाकांक्षी लाग्दैन ?**

विश्वमा यस प्रकारका व्यापारिक भवनको अवधारणा अमेरिकाबाट आएको हो। के देखिन्छ भने अमेरिकाबाट सुरु भएका कुराहरू विश्वमा सफल भएका छन्। जस्तो गल्फ, टेनिस लगायत पनि अमेरिकाबाट सुरु भएका हुन्। व्यापारिक भवन पनि विश्वमा सफल भइसकेको छ। हामीले नेपालको विकासमा केही योगदान पुर्‍याउन सकिन्छ भन्ने सोचेर नै यो भवन बनाउने योजना सुरु गरेका हौं।

**नेपालमा पनि व्यापारिक भवनको संस्कृति सुरु भएको हो ?**

कतिपय नेपालीहरू किनमेलका लागि हङकङ वा सिंगापुर पुग्ने गरेका छन्। अब उनीहरू किनमेलका लागि त्यहाँ जानु परेन। नेपालको मौसम पनि राम्रो छ अनि अन्तर्राष्ट्रिय ब्रान्डहरू यहाँ सस्तो पनि। त्यसैले यस प्रकारका सपिङ कम्प्लेक्समा ग्राहक आकर्षित हुनेछन् भन्ने मलाई विश्वास छ। यहाँ व्यापार गर्न आएका व्यवसायीहरू पनि यसमा ढुक्क छन्।

**सस्तो बजारमा के 'सपिङ टुरिजम'को अवधारणा कार्यान्वयन गर्न सकिँदैन ?**

पक्कै पनि सकिन्छ। हाम्रै छिमेकी भारतमा पनि यस प्रकारका सपिङ मलहरूमा पसल राख्नु भनेको निकै ठूलो कुरा हुन्छ अर्थात् धेरै महँगो पर्छ, तर हामीकहाँ त त्यस्तो छैन। नेपालको सस्तो बजार लक्षित गरी सपिङ पर्यटनको विकास गर्न सकिन्छ।

**भवनको लगानी बैंकहरूको होला नि ?**

बैंकले यस्तो क्षेत्रमा अधिकतम सात वर्षको लगानी गर्छन्, तर हामीले लामो समय हेरेका छौं र लगानी पनि आफैं गरेका छौं। हामीलाई ५० प्रतिशतसम्मको लगानीमा बैंकहरूले सहयोग गरेका छन्।

**विकास निर्माणमा निजी क्षेत्रले कस्तो योगदान पुर्‍याउन सक्छ ?**

सार्वजनिक-निजी साझेदारीको अवधारणा कार्यान्वयन गर्ने हो भने मुलुकको विकास निर्माणको जिम्मेवारी लिन निजी क्षेत्र तयार रहन्छ। सरकारको काम उद्योगधन्दा चलाएर बस्ने होइन, लगानी-मैत्री वातावरण तयार गरिदिने हो। सरकारसँग पैसा नभएर केही फरक पर्दैन, तर उसले लगानीका लागि आवश्यक नीतिगत व्यवस्था मिलाइदिनु पर्छ। यसो गर्दा सरकारले राजस्व पाउँछ, हजारौं बेरोजगारले रोजगार पाउँछन् र लगानीकर्ताले मुनाफा।



# गले जीवनराम

**जुडो संघको तदर्थ समितिबाट मनोनयन दर्ता गराउँदै नेपाल ओलम्पिक कमिटीको निर्वाचनमा भाग लिएका जीवनरामले आफूले चार वर्ष काम गर्न पाउनु पर्ने मान्यता राखे । तर, उनले निर्वाचित पदाधिकारीको रूपमा वा तदर्थवादमै रहेर काम गर्ने हो, यस विषयमा केही स्पष्ट पारेनन् ।**

■ **नवीन अर्याल/काठमाडौं**



राखेपका सदस्य सचिव जीवनराम श्रेष्ठ एन्फाको आठौं साधारण सभामा

तस्बीरहरू: निरज सापकोटा

**राष्ट्रिय खेल** संघहरूको विधान लोकसम्मत हुनु पर्ने र प्रजातान्त्रिक शैलीमा निर्वाचन गर्नु पर्ने अडान राख्दै आइरहेका राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ अन्ततः गलेका छन् । यसै महिना अदालतको अवज्ञा गर्दै भएको नेपाल ओलम्पिक कमिटीको निर्वाचनमा महासचिव पद पड्काउन सफल भएपछि उनमा विचलन देखिएको छ । जीवनराम तदर्थ समितिमार्फत नेपाल ओलम्पिक कमिटीको महासचिवमा निर्वाचित भएका थिए ।

गत बिहीवार (चैत २९ गते) अखिल नेपाल फुटबल संघ (एन्फा)को आठौं वार्षिक साधारणसभाको उद्घाटन गर्न सातदोबाटो पुगेका उनले आफू संघहरूको स्वायत्तताको पक्षमा रहेको बताए पनि निर्वाचित प्रक्रियाबाट आएका १५ वटा संघहरूको कार्यसमिति ६ महिनाअघि भंग गर्दै तदर्थमा राख्ने आफ्नै निर्णयको सम्बन्धमा पूर्ण मौन रहे ।

'हामीले निर्वाचन औपचारिकताका लागि मात्र गराउन चाहेका छैनौं', उनले यतिमात्र स्पष्टीकरण दिए । जुडो संघको तदर्थ समितिबाट मनोनयन दर्ता गराउँदै नेपाल ओलम्पिक कमिटीको निर्वाचनमा भाग लिएका जीवनरामले आफूले चार वर्ष काम गर्न पाउनु पर्ने मान्यता राखे । तर, उनले निर्वाचित पदाधिकारीको रूपमा वा तदर्थवादमै रहेर काम गर्ने हो, यस विषयमा केही स्पष्ट पारेनन् । यसअघि एन्फालगायत शाही शासनकालमा निर्वाचित १४ वटा संघहरूको विधान गैरप्रजातान्त्रिक भएको र निर्वाचन प्रक्रिया पारदर्शी नभएको ठहर गर्दै यी संघहरूको कार्यसमितिलाई राखेपको बोर्ड बैठकबाट तदर्थमा राख्ने निर्णय गराएका थिए । तर, आफैंले अप्रजातान्त्रिक घोषणा गरेको संघबाट मनोनयन दर्ता गराएर ओलम्पिक कमिटीको निर्वाचन गरे । यतिमात्र होइन, तदर्थ कमिटीमा रहेको एन्फाले विवादका बीच आयोजना गरेको साधारणसभामा प्रमुख अतिथि हुन पाउँदा 'अपुताली पाएको' भाषण गर्दै ओलम्पिक कमिटीको निर्वाचनमा एन्फा अध्यक्ष गणेश थापा र आफूबीच भएको गोप्य साँठगाँठको भेद पनि खोले । विदेशी पर्यवेक्षकहरूको बीचमा भएको एन्फाको निर्वाचनलाई कानुनसम्मत नभएको र प्रक्रिया पूरा नगरी भएको भन्दै अवैधानिक घोषणा गरेका जीवनरामले पुनरावेदन अदालत, पाटनले निर्वाचन रोक्ने आदेश जारी गर्दागर्दै गैरकानुनी रुपमा विधान संशोधन नै नभएको स्थितिमा ओलम्पिक कमिटीको निर्वाचन विदेशीहरूबीच भएको भन्दै आफू सत्तामा भए सबै ठिक भन्ने उखान चरितार्थ गरे । 'अदालतको अवज्ञा र संशोधन नै नभएको विधानमा टेकेर निर्वाचन लड्दा विदेशीहरूले उचित ठह्याएको भन्दै भाषण ठोक्दै हिँड्ने सदस्य-सचिवले एन्फाको निर्वाचनलाई कसरी अवैधानिक भन्ने नैतिकता राख्छन्', जिल्लाका एक वरिष्ठ फुटबल प्रशिक्षकले समयसँग भने ।

जीवनरामले शाही शासनकालमा राजाको सक्रिय शासनको वकालत गर्दै प्रतिकार समितिमा बसेका एन्फा अध्यक्ष थापाको फोरमबाट ओलम्पिकको निर्वाचनको विषयमा प्रश्न उठाउने ह्यान्डबल

# चार क्षेत्रलाई १० लाख

**एन्फा एकेडेमीलाई** सुचारु गर्ने, जिल्लामा फुटबल विकासका लागि चार विकास क्षेत्रलाई १० लाख रुपैयाँ वार्षिक विनियोजन गर्ने र गोरखालाई जिल्ला फुटबल संघको मान्यता दिने निर्णय गर्दै एन्फाको आठौं वार्षिक साधारणसभा सम्पन्न भयो। चैत २९ गते संघको सचिवालय एन्फा कम्प्लेक्स सातदोबाटो, ललितपुरमा बसेको बन्दसत्रमा धरान र बुटबलमा लथालिंग अवस्थामा रहेका गोल-प्रोजेक्टहरूलाई पूर्णता दिने सम्बन्धमा कुरा उठेको बैठकमा सहभागी एक पदाधिकारीले समयलाई बताए।

'फुटबल विकासका लागि पहिलोपल्ट चार विकास क्षेत्र छुट्याइएको छ, जसमा सुदूरपश्चिम र मध्यपश्चिमलाई एउटै क्षेत्रमा गाभिएको छ। सबै विकास क्षेत्रलाई क्षेत्रीय लिग सञ्चालन गर्न वार्षिक अढाई लाख बजेट निर्धारण गरिएको छ', एन्फा केन्द्रीय उपाध्यक्ष किशोर राई झापालीले समयलाई बताए। एन्फा सह-सचिव धीरेन्द्र प्रधानले गोल-प्रोजेक्टलाई पहाडी जिल्लामा प्राथमिकता दिएको र मैदान व्यवस्थापनमा बढी केन्द्रित हुने बताए।

यसैगरी २०६५ मा राष्ट्रिय लिगको संरचना परिवर्तन भइसक्ने र गोरखा जिल्लालाई उनन्चालीसौं जिल्ला संघको रूपमा मान्यता प्रदान गरेको छ। साधारणसभामा गोरखा र ताप्लेजुङले पर्यवेक्षकको रूपमा भाग लिएका थिए। महिला फुटबलले त्यति ठूलो चर्चा नपाए पनि प्रशिक्षकहरूको तलबभत्तामा ठूलो रकम खर्च भएको र खर्चअनुसारको प्रतिफल नपाएकोमा बन्दसत्रमा गुनासो उठेको थियो। त्यसैगरी पूर्वी जिल्लामा फुटबलको गतिविधि तीव्र रहे पनि त्योअनुसार यो क्षेत्रमा बजेट निकासा कम भएको भन्दै केही पदाधिकारीले गुनासो गरेका छन्।

साधारणसभामा सहभागी एक केन्द्रीय सदस्यका अनुसार यो वर्ष पनि बजेटमा पारदर्शिता अपनाइएन। 'कार्यसमितिबाट बजेट अनुमोदन गर्नु पर्नेमा एक दिनअघिसम्म कसैलाई पत्तो दिइएन। एकैपल्ट साधारणसभामा बजेट सार्वजनिक गरियो', उनले भने। यसैगरी २०५८ सालको त्रुटिपूर्ण संशोधित विधानलाई यथावत् राख्दै साधारणसभा सम्पन्न भयो। ■




एन्फाको आठौं साधारण सभाको उद्घाटन सत्रमा अध्यक्ष गणेश थापा

संघका महासचिव नेपाली कांग्रेस प्रजातान्त्रिकको काठमाडौं जिल्ला केन्द्रीय पार्षद प्रसन्नमान श्रेष्ठ र टेबल टेनिस संघका महासचिव नेपाली कांग्रेस प्रजातान्त्रिकका क्रियाशील सदस्य तथा त्रिवि एकाइ प्राध्यापक संघका पूर्व उपाध्यक्ष कमल चित्रकारलाई शाही मतियारको संज्ञा दिन पनि भुलेनन्। उनी साधारणसभामा संघर्षरत सातवटा 'बी' डिभिजन क्लबहरूको मागको सम्बन्धमा पनि पूर्ण रूपले मौन रहे।

'बी' डिभिजन क्लबहरू एन्फाको स्वेच्छाचारी कामको विरोध गर्दै साउन २ गतेदेखि आन्दोलनमा छन्। जीवनरामले यसअघि 'बी' डिभिजन क्लबहरूको माग जायज रहेको र यसका लागि आफूहरू सहयोग गर्न तयार रहेको बताउँदै आइरहेका थिए। 'सदस्य-सचिवले हाम्रो मागलाई बेवास्ता गरेकोमा दुखः लागेको छ', युनाइटेड युथ क्लबका अध्यक्ष कृष्णभक्त मानन्धरले समयसँग गुनासो पोखे। उनले 'बी' डिभिजन क्लबको मागको विषयमा सदस्य-सचिवले आफ्नो अडान छोडेको बताउँदै आफूहरू भर्खरै नियुक्त शिक्षा तथा खेलकुदमन्त्री प्रदीप नेपालकोमा पुगेको बताए। 'आश्वासन पाएका छौं', उनले भने।

एन्फाको साधारणसभामा प्रमुख अतिथिको रूपमा मन्त्री नेपाललाई निमन्त्रणा दिएको एन्फाले जनाए पनि उनी साधारणसभामा अनुपस्थित रहे। मानन्धर आफ्नो मागका कारण विवादास्पद साधारणसभामा मन्त्री अनुपस्थित रहेको बताउँछन्, तर साधारणसभामा सदस्य-सचिव जीवनरामले विश्वविद्यालयमा पदाधिकारीहरू नियुक्त नभएका कारण मन्त्री नेपाल सार्वजनिक समारोहमा अनुपस्थित भएको बताए। स्रोतका अनुसार जीवनराम अहिले परिषद्को सर्वशक्तिशाली सदस्य-सचिव पद र नेपाल ओलम्पिक कमिटीको महासचिव पद दुवैमा नियुक्त भएका कारण उनलाई यी दुईमध्ये एक पद छोड्न मन्त्रालयबाटै दबाब आएको छ। ■



निरज सापकोटा

पुल्चोक इन्जिनियरिङ क्याम्पसमा भएको क्यासिनो क्रिकेटको झलक

# क्यासिनो क्रिकेट

**दीप पाण्डेले** यसअघि सायदै ड्युज बल घुमाएका थिए, तर उनी क्यासिनो क्रिकेटमा तीनपल्ट 'म्यान अफ द म्याच' भए। पछि उनी प्रतियोगिताकै उत्कृष्ट बलरसमेत घोषित भए।

क्यासिनो रोयलको चौधौं वार्षिकोत्सवको उपलक्ष्यमा चैत २५ गतेदेखि सुरु भएको बर्थडेकप क्रिकेट प्रतियोगितामा दीप पाण्डे जस्ता थुप्रै अनुहार थिए, जो पहिलोपल्ट ब्याट र बल समाएर क्रिकेट क्रिजमा डटिरहेका थिए। क्यासिनो रोयलको 'ए' र 'बी' टोली, क्यासिनो अन्ना, नेपाल रिक्रिएसन सेन्टर र क्यासिनो नेपालका सयभन्दा बढी कर्मचारी खेलाडीहरू यो प्रतियोगितासँग जोडिएका थिए।



'अहो, क्रिकेट खेल्न निकै गाह्रो हुँदो रहेछ', पाण्डे मैदानमा भन्दै थिए। यी कर्मचारीहरूलाई मैदानमा खेलाडीको रूपमा प्रवेश गराउन नेपालका राष्ट्रिय खेलाडीहरू प्रशिक्षक बनेर उपस्थित थिए। पाटन इन्जिनियरिङ कलेजमा दुई सातासम्म पसिना चुहाएपछि क्यासिनो रोयल 'बी'ले उपाधि जित्यो। 'प्रशिक्षक बन्न निकै गाह्रो रहेछ', क्यासिनो रोयलको दुवै टोलीलाई प्रशिक्षण दिएका नेपाली राष्ट्रिय टोलीका अलराउन्डर राजु बस्नेतले समयसँग भने। आफ्नो दुवै टोलीलाई सेमिफाइनल पुऱ्याउन सफल उनको टोलीले अपराजित रहँदै फाइनलसम्मको यात्रा तय गरेको नेपाल रिक्रिएसन सेन्टरलाई ५ विकेटले हरायो। रिक्रिएसन सेन्टरलाई नेपाली राष्ट्रिय टोलीका कप्तान विनोद दासले सम्हालेका थिए। 'सायद फाइनलसम्म अपराजित रहनु नै पराजयको कारण थियो कि', क्यारेबियन भूमिमा भइरहेको विश्वकपमा अस्ट्रेलियाको अपराजित यात्रा र आफूजस्तै बढी आत्मविश्वासी हुँदा अस्ट्रेलियाले पनि नराम्रो झड्का खानु पर्ने हो कि, विश्वकपतिर पनि संकेत गर्दै उनले भने। नेपाल रिक्रिएसन सेन्टरले लिग खेलमा रोयल 'बी'लाई एक विकेटले हराएको थियो।

ओरेन्जेबुम बियर, पेप्सी र बिडिएम मुख्य प्रायोजक रहेको यो रोचक क्रिकेटमा फाइनल खेलको 'म्यान अफ द म्याच' क्यासिनो रोयल 'बी'का राम जोशी भए। प्रतियोगिताको उत्कृष्ट खेलाडी सर्वाधिक छक्का हान्ने रोयल 'बी'कै अमितसिंह खड्का, उत्कृष्ट ब्याट्सम्यान अन्नाका कल्याणविक्रम अधिकारी, उत्कृष्ट क्षेत्ररक्षक रोयल 'बी'का प्रितेश ढुंगाना, उत्कृष्ट विकेटकिपर प्रमेश ढुंगाना घोषित भए। प्रतियोगिताको सम्पूर्ण ट्रफीको प्रायोजन ओरेन्जेबुमले गरेको थियो। क्यासिनो रोयलका जिएम टिआर भट्ट, नेपाल रिक्रिएसन सेन्टरका प्रबन्ध निर्देशक भरत शाक्य, डिकोनका उपमहासचिव अयोध्या यादव, ओरेन्जेबुमका मनीष उपाध्याय र अनिल बज्राचार्यले विजयी खेलाडीलाई पुरस्कृत गरेका थिए।

■ नवीन अर्याल/काठमाडौं

## चार राष्ट्रको प्रतिद्वन्दिता

अस्ट्रेलिया, न्युजिल्यान्ड, श्रीलंका र दक्षिण अफ्रिका नवौं विश्वकपको सेमिफाइनलमा प्रवेश गर्न सफल भएका छन्। दक्षिण अफ्रिकाले मंगलवार राति इङ्ल्यान्डविरुद्ध ५ विकेटको विजय हात पार्दै चौथो राष्ट्रको रुपमा सेमिफाइनलमा स्थान पक्का गराएको हो। अस्ट्रेलिया सन् २००३ को विश्वकपको अपराजित यात्रालाई यथावत् राख्दै सेमिफाइनलमा प्रवेश गरेको हो। यो टोलीले सन् १९८७, १९९९ र २००३ गरी तीनपल्ट विश्वकप जितिसकेको छ। कंगारु टोलीको विश्वकपमा छैटौं सेमिफाइनल प्रवेश हो। सन् १९९६ यता अस्ट्रेलिया लगातार सेमिफाइनलमा समावेश हुँदै आइरहेको छ। न्युजिल्यान्डको भने यो पाँचौं सेमिफाइनल प्रवेश हो, विश्वकपमा। श्रीलंका र दक्षिण अफ्रिका पनि तेस्रोपल्ट विश्वकपको सेमिफाइनलमा प्रवेश गरेका हुन्।

वराह क्षेत्रस्थित कोशी नदीमा नुहाउँदै भक्तजनहरू




# पाँचौं कुम्भ

**ओठमा भर्खरै** जुँगा पलाएका एउटा ठिटाले २०५९ सालमा सुनसरीको वराहक्षेत्रमा कुम्भमेला लगाउँदा हिन्दु धर्मका थुप्रै विद्वान्हरूले त्यसको चर्को आलोचना गरेका थिए । यसपालि अर्धकुम्भ मेलाको रूपमा त्यसलाई निरन्तरता दिइँदा भने विरोधको स्वर खासै चर्को सुनिएन । बरु भारतका विभिन्न पीठ र मठमन्दिरबाट सिद्धहस्त धार्मिक गुरु एवं विद्वान्हरू पनि आए ।

२०५९ सालको पहिलो कुम्भमेलामा करिब २३ लाख तीर्थालु आएका थिए । यसपालि अर्धकुम्भमै झन्डै ५० लाखभन्दा बढीको आगमन भयो । ६ वर्षपछि दोस्रो कुम्भमेला हुँदा १ करोडभन्दा बढी आउने आशा गरिएको छ । प्रत्येक १२ वर्षमा लाग्ने कुम्भमेलामा स्नान गर्दा अमृतले नुहाएसरह हुने हिन्दु धर्मावलम्बीको विश्वास छ । यही बलियो विश्वासले अस्ताउन लागेका जूनजस्ता बूढाबूढीलाई पनि पनि वराहक्षेत्रसम्म डोऱ्याएको थियो ।

कपाल सेतै फुलेका, लौरो नटेकी हिँड्न नसक्ने तीर्थालुहरू पनि कुम्भस्नानका लागि चतरा बजारबाट करिब ८ किलोमिटर पश्चिममा रहेको वराहक्षेत्र मन्दिरसम्म पैदलै पुगे । साँगुरो बाटोमा ताँती लागेर चल्ने गाडीले बुङ्बुङ्ती उडाउने धुलो खाँदै तातो घाममा खाली खुट्टा वराहक्षेत्र पुग्ने तीर्थालुहरू कोशीमा कुम्भस्नानपछि फुरुंग हुन्थे । 'हिँड्दाखेरि पोल्न थालेका पाइतालाहरू कोशीमा नुहाएपछि सञ्चो हुँदो रहेछ', ६७ वर्षीया हीरामाया खत्रीले भनिन् ।

उदयपुरबाट कुम्भस्नानकै लागि वराहक्षेत्र आएकी खत्रीकै जस्तो अनुभव सँगाल्नेहरू प्रशस्तै थिए । उमेरका कारण हिँड्न नसक्नेहरूलाई उनीहरूका छोरानातिले बोकेरै वराहक्षेत्र मन्दिरबाट झन्डै १ किलोमिटर तल्तिरको कोशीमा पुऱ्याए । चैत ८ देखि सुरु भई वैशाख ६ गते सकिएको पिण्डेश्वर अर्धकुम्भमा वैशाख ४ गते मातातीर्थ औंसीका दिनमात्रै करिब ३५ हजार तीर्थालु आएको स्नानघाट संयोजक प्रकाश कार्कीले बताए ।

धरानबाट १६ किलोमिटर पूर्वमा पर्ने वराहक्षेत्र मन्दिरको ख्याति आजभन्दा ४ वर्षअघिसम्म यति धेरै थिएन । बालसन्तको रूपमा प्रसिद्ध हुँदै गएका झापाका मोहनशरण देवाचार्यको अगुवाइमा कुम्भमेला लाग्न सुरु भएपछि यसको ख्याति ह्वात्तै बढेको छ । यसपालि कुम्भस्नानका लागि भारतको कर्णाटक, इलाहावाद, बनारसबाट पनि हजारौं तीर्थालु आए । यसबाट पनि वराहक्षेत्र विस्तारै विश्वभरकै हिन्दु धर्मावलम्बीको एउटा महत्त्वपूर्ण गन्तव्य बन्न थालेको प्रस्ट हुन्छ ।

अर्धकुम्भमा भारतको काशीस्थित सुमेरुपीठका शंकराचार्य पनि आए । हिन्दु धर्मका जगत्गुरुको आगमनले वराहक्षेत्रले कुम्भमेला लाग्ने पाँचौं तीर्थस्थलको मान्यता पाएका बालसन्त मोहनशरण देवाचार्यको दाबी छ । 'अब विवाद रहेन', बालसन्त भन्छन्, 'जगत्गुरु शंकराचार्यकै आगमन भएपछि अब कसले वराहक्षेत्रमा कुम्भमेला लगाउन सकिँदैन भन्न सक्छ ?'

वराहक्षेत्रका रैथानेहरू कुम्भस्नान गर्न, प्रसिद्ध धार्मिक विद्वान्हरूको आध्यात्मिक प्रवचन सुन्न कोशी किनारको यो तीर्थस्थल आउने लाखौं हिन्दु धर्मावलम्बीहरू बालसन्तको प्रतिभालाई अद्वितीय ठान्छन् । पुराणवर्णनलाई आधार मानेर वराहक्षेत्रमा कुम्भमेला लाउनु, थुप्रै धार्मिक गुरु र विद्वान्हरूले आलोचना गर्दागर्दै पनि आफ्नो तर्कमा अडिग रहनु र काशीका शंकराचार्यलाई नै बोलाएर त्यसलाई प्रमाणित गर्नु पक्कै सजिलो थिएन । उमेरको कुरा गर्दा भर्खर ३० को हाराहारीमा हिँड्दै गरेका बालसन्तका लागि यो चुनौती कठिन पनि भएन ।

यसअघि भारतको प्रयाग, हरिद्वार, उज्जैन र नासिकमा मात्रै कुम्भमेला लाग्दै आएको थियो, तर बालसन्तले वराहक्षेत्रमा पनि कुम्भमेला लाउन सकिने पौराणिक आधार प्रस्तुत गरे । स्कन्द पुराणको हिमवत्खण्डमा समुद्र मन्थनको क्रममा निस्किएको अमृतको कुम्भ (घैंटा) वराहक्षेत्रमै राखिएको र त्यसको तरबाट बनेको पिण्डेश्वरलाई धरानको विजयपुरमा पुऱ्याइएको उल्लेख भएको दाबी बालसन्तको छ ।

'पुराणमा जयन्त भन्ने कागले धन्वन्तरी नाउँका देउतालाई लखेट्दा कुम्भ छचल्किएर भारतको चार ठाउँमा अमृत पोखिएको र कालान्तरमा त्यहाँ कुम्भमेला लाग्न सुरु भएको उल्लेख छ', बालसन्त भन्छन्, 'त्यही पुराणमा त्यो अमृत भरिएको कुम्भ अन्त्यमा वराहक्षेत्रमै राखिएको लेखिएको छ ।' यो पौराणिक तथ्यले भारतको प्रयाग, हरिद्वार, उज्जैन र नासिकभन्दा नेपालको वराहक्षेत्रलाई नै कुम्भमेलाका लागि उपयुक्त तीर्थस्थल सावित गर्ने बालसन्तको दाबी छ ।

कुम्भमेला धार्मिक कोणबाट हिन्दुहरूका लागि मात्रै चासोको विषय भए पनि अन्य दृष्टिबाट सबै धर्मावलम्बीको सरोकारको केन्द्र बन्न पुगेको छ । यसपटकको अर्धकुम्भका कारण महिना दिनभरि नै वराहक्षेत्रको चतरा बजारमा अत्यधिक चहलपहल बढ्नुले यसलाई आर्थिक गतिविधि बढाउने अवसरको रूपमा पनि लिन सकिने देखिएको छ । भारतबाट लाखौं तीर्थालु भित्र्याएर धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिने त छँदै छ ।

■ **ओमआस्था राई/वराहक्षेत्र** (तस्बिर पनि)

# दोस्रो दर्जाको नागरिक




**दुई दशकदेखि** काँचको पर्दामा सक्रिय दीपा गौतमको अनुभव र टेलिभिजनमा महिला अवस्थाबारे चिन्तन पर्दाबाहिर आएको छ, पुस्तकका रूपमा । यसअघि प्रकाशित दीपाका अधिकांश लेख, रचनाहरूको कोलाज 'काँचको पर्दा, नेपाली टेलिभिजनमा महिला'ले टेलिभिजनमा काम गर्ने, विज्ञापनमा खेल्ने महिलाको अवस्था, महिलाप्रतिको पुरुष सोच र मानसिकता केलाउँदै पुस्तकका रूपमा प्रस्तुत गरेको छ । महिलालाई कसरी काँचका पर्दामा प्रस्तुत गरिन्छ, महिला मुद्दालाई कसरी सम्बोधन गरिएको छ अनि नीति नियमबाट कसरी महिला पछाडि पारिएका छन् भन्ने जस्ता विषयमा पनि गौतमका आँखा परेका छन् ।

'नेपालमा टेलिभिजनको विकासक्रम'बाट सुरु भएको पुस्तक 'कुरै कुरामा सीमित' अध्यायमा टुंगिएको छ । नेपालमा टेलिभिजनको उदयबारे जानकारी प्रस्तुत गर्दै टेलिभिजनबारे विभिन्न अध्ययन, नीति, नियम र कार्यक्रमहरू केलाएकी छन्, गौतमले । टेलिभिजनको उदय किन र कसरी भयो भन्ने लेखमा नेपाली जनमानसमा टेलिभिजनको माध्यमबाट पर्नजाने भारतीय संस्कृतिको प्रभावबाट जोगिन नेपालमा टेलिभिजन स्थापना भएको अनुमान प्रस्तुत गरेकी छन्, उनले ।

नेपाल टेलिभिजनको स्थापनापछिका दुई दशकसम्म पनि तात्त्विक विकास हुन नसकेको उनको ठहर छ, महिलाका हकमा । नेपाल टेलिभिजनका विभिन्न समयमा महिलाबारे केन्द्रित कार्यक्रमहरूका आधारमा महिलाको अवस्था र उनीहरूप्रतिको व्यवहारको चित्रण गर्ने प्रयास गरिएको छ, पुस्तकमा । त्यसबाहेक सरकारी र निजी टेलिभिजन च्यानलहरूमा महिलाहरूको उपस्थिति विवरणात्मक तथा तथ्यांकका आधारमा प्रस्तत गरिएको छ ।

दुई दशकको नेपाल टेलिभिजनको इतिहासमा यस क्षेत्रमा व्यापक विकास र परिवर्तन भएको छ भन्ने कतिपय दाबीको प्रतिवाद गरेकी छन्, लेखकले । उनी भन्छिन्, 'जन्मदेखि नेपाली टेलिभिजन तरंग देख्ने र बुझ्ने बालिका अहिले किशोरावस्था पार गर्दै छन् । तर आधारभूत रूपमा उनले देख्ने बुझ्ने टेलिभिजन सामग्री र त्यसको विषयवस्तुमा खासै अन्तर आएको छैन । यो प्रवृत्ति धेरथोर रूपमा टेलिभिजनका समग्र सामग्रीहरूका सन्दर्भमा लागू हुनसक्छ, तर खास गरी महिला प्रतिनिधित्व वा प्रस्तुतिका सन्दर्भमा भने बढी उपयुक्त हुन्छ ।'

नेपाली टेलिभिजन च्यानलहरूको भूमिकाका बारेमा दीपाको विश्लेषण छ, 'समग्रमा भन्नुपर्दा नेपाली टेलिभिजन च्यानलहरूले नेपाली महिलाहरूलाई पहिलो दर्जाको नागरिकको रूपमा स्थापित गर्न सकिरहेका छैनन् । खासगरी नयाँ सोच नयाँ परिवेश र नयाँ मनोविज्ञानको रंगमा आफूलाई ढालिसकेका नयाँ पुस्ताका निम्ति यस्ता किसिमका टेलिभिजन कार्यक्रमको औचित्य समाप्त भइसकेको छ ।' महिलाहरूलाई आकर्षक वस्तु र मनोरञ्जनको साधनको रूपमा विज्ञापनमा प्रस्तुत गर्ने परिपाटी पितृसत्ताको उपज हो भन्ने निष्कर्ष पुस्तकमा पाइन्छ ।

टेलिभिजनमा महिलाहरूको उल्लेखनीय उपस्थिति हुनुपर्छ भन्ने कुरामा जिकिर गर्न पनि उनी पछि परेकी छैनन् । पितृसत्ताको विज्ञापन जालो लेखमा दीपाले भनेकी छन्,प 'घरमा आमाले भनेका कुरा काट्न नसकिएजस्तै टेलिभिजनमा महिलाद्वारा सम्प्रेषित कुराहरू बढी सुरक्षित महसुस गर्छन् भन्ने मनोविज्ञान पनि पाइन्छ । यस्तो मनोविज्ञानले खासगरी सन्देशमूलक सामग्रीहरू प्रवाह गर्दा महिलालाई प्रयोग गरिएको कुरा टेलिभिजन अध्येताहरूको अध्ययनले पुष्टि गरेको छ ।'

दीपा विज्ञापनका भाषा र महिलाहरूको प्रस्तुतिका बारेमा पनि उत्तिकै खरो उत्रिएकी छन्, महिलावादी कार्यकर्ताको हैसियतमा । विभिन्न विज्ञापनका भाषा र शैली प्रस्तुत गर्दै त्यसैका आधारमा महिलाको समग्र अवस्थाको चित्रण गर्ने प्रयास पनि गरिएको छ । विज्ञापनमा महिलाहरूको प्रयोगको बारेमा दीपाको आफ्नै मान्यता छ । उनी भन्छिन्, '...कस्तो विज्ञापनमा महिलालाई कसरी, कुन ढंग र मात्रामा प्रस्तुत गरिन्छ र उत्पादक तथा निर्देशकहरू किन विज्ञापनमा महिलालाई प्रस्तुत गराउन चाहन्छन् ? यी प्रश्नहरू भने वर्तमान तथा भविष्यका निम्ति समेत महत्त्वपूर्ण हुन सक्छन् ।'

दीपा आफैंले पुस्तक टेलिभिजनप्रेमी दर्शक, महिला अधिकारवादी, संचारकर्मी र प्रसारण पत्रकारिताका विद्यार्थीका लागि उपयोगी हुने आशा गरेकी छन् । तर पुस्तक विज्ञापन निर्माता र प्रसारकहरूका लागि उत्तिकै सान्दर्भिक हुने देखिन्छ । दीपाले कतिपय उदाहरणहरूमार्फत पितृसत्तामाथि प्रहार गरेकी छन् । पितृसत्ता सामाजिक रोग भनेर त्यसको प्रभावको लेखाजोखा गर्नेभन्दा कतिपय अवस्थामा पुरुष नियतमाथि नै प्रश्न उठाउने महिलावादी चिन्तनबाट पुस्तक मुक्त हुन सकेको छैन । पुस्तक महिलावादी चिन्तन र आलोचनात्मक दृष्टिकोणको बाहुल्य छ । पुस्तक मार्टिन चौतारीले प्रकाशनमा ल्याएको हो ।

■ **विश्वमणि पोखरेल**

# कलकत्ताको ऐना




**भारतीय भुमिको** सोधखोज गर्नु आफैंमा चुनौती मानिन्छ । झन् त्यसमाथि पनि कोलकाता सहरको सोधखोज गर्न । महान् साहित्यकार रवीन्द्रनाथ टैगोरदेखि भारतमा शासन गर्दा अंग्रेजहरूले दिएको अमूल्य उपहार पनि भारतीयहरूले बिर्सन सकेका छैनन् । कोलकातामा रहेका तीर्थस्थलहरू पनि कोलकातावासीका पहिचान हुन् । लेखकत्रय अनिलकुमार पोखरेल, अपारकुमार लम्साल र मेदनीप्रसाद सेढाईले लेखेको 'कलकत्ताका केही महत्त्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू' किताबले कोलकाताका सबै क्षेत्र समेटिएको छ ।

मुलुकको चिनारीलाई केही हदसम्म संग्रहालयले पनि समेटेको हुन्छ । त्यही अवस्था कोलकातामा रहेको संग्रहालयको छ । एसियाटिक सोसाइटीका सदस्यहरूले सरकारसमक्ष राखेको संग्रहालय स्थापना गर्नका लागि राखेको मागदेखि पुरानो सहर कोलकातालाई समेट्ने अनेकथरीका ऐतिहासिक अवस्थालाई लेखकत्रयले किताबमा समेट्ने प्रयास गरेका छन् । त्यति मात्र होइन, नेपाल-अंग्रेजयुद्धको अवस्थादेखि लिएर भारतले अँगालेको विदेशी राज्यको नीतिसम्म किताबमा समेटिएको छ । शिक्षाको क्षेत्रमा कोलकाताले फड्को मारेको ऐतिहासिक विकासक्रमलाई समेत समेटिएको छ ।

कोलकाताको साविक चित्र हेर्न र बुझ्न किताब महत्त्वपूर्ण सावित हुनेछ । त्यसैगरी कोलकाताको कालीघाटको धार्मिक महत्त्वलाई समेत किताबमा समेटिएको छ । अंग्रेजशासन कालमा केही समय कोलकाताले राजधानी बन्ने अवसर पाएको थियो । यसैताका कोलकाताले विकासमा समेत फड्को मार्‍यो । किताबमा समेटिएको विषयवस्तुका हिसाबले किताबलाई कोलकाताको ऐना भने हुन्छ ।

■ **ज्योति देवकोटा**

# इल्युजन

उसले मान्छेहरू कुनै पनि तापका अगाडि मैन हुन्छन् भन्ने बुझ्दै आएको छ। ख्रिष्टाब्दीको नयाँ वर्ष आउन यस्तै ६ घन्टा बाँकी हुँदो हो, ऊ त्यही पुरानो वर्षको डिसेम्बरमा थियो। उसले यो नयाँ वर्ष र नयाँ दिन होइन भन्ने कुरा पटक पटक दिमागमा नचायो। मनमनै गुन्यो– नयाँवर्षमा सबै नयाँ हुनुपर्छ। व्यवहार, समय, विज्ञान, प्रेम, यौन, भोक र मान्छेको भुँडी बढाइ यी सबै।

■ **अनमोलमणि**

**ठिही बढेको छ।** यो डिसेम्बरको अन्तिम जाडो हो।

उसले अखबारका पानाहरू पढ्यो। अखबार शीतलहरले मरेका मान्छे र सिकारीले मारेका गैंडाको समाचारले भरिएको थियो। पत्रिकामा भएका अरू राजनीतिक समाचार नपढी उसले शीतलहरले मरेका मान्छे र सिकारीले मारेका गैंडाहरूको गन्ती गऱ्यो। मान्छे र गैंडाबीच के फरक छ ? उसले मनमनै सोच्यो र आफूले आफैंलाई उत्तर दियो - मान्छेको सोचाइ र चेतना गैंडाको छालाजस्तै हुन्छ।

'जीवन शीतलहरजस्तै चिसो छ', उसले सोच्यो, 'यदि तात्ने भए यहाँका सबै मान्छेहरू पग्लिसकेका हुन्थे।' उसले मान्छेहरू कुनै पनि तापका अगाडि मैन हुन्छन् भन्ने बुझ्दै आएको छ। ख्रिष्टाब्दीको नयाँ वर्ष आउन यस्तै ६ घन्टा बाँकी हुँदो हो, ऊ त्यही पुरानो वर्षको डिसेम्बरमा थियो। उसले यो नयाँ वर्ष र नयाँ दिन होइन भन्ने कुरा पटक पटक दिमागमा नचायो। मनमनै गुन्यो- नयाँवर्षमा सबै नयाँ हुनुपर्छ। व्यवहार, समय, विज्ञान, प्रेम, यौन, भोक र मान्छेको भुँडी बढाइ यी सबै। तर यी कुनैमा उसले नयाँपन अहिलेसम्म पाएको छैन। सबैको व्यवहार पुरानै थियो। उसले क्रमशः सोच्यो- नयाँवर्षको नयाँ दिन भनिएको भोलि पनि घाम सधैंजस्तै पूर्वबाट उदाउनेछ। मान्छेका लस्करहरू यसैगरी हिँड्नेछन्, यो अलकत्रे सडकमा। यो वागमती किनारमा कागहरू यसैगरी उड्नेछन् र शीतलहरको समाचारसँगै छापिनेछ गैंडा मारिएको समाचार पनि।

अप्रिल क्रान्ति जसलाई जनआन्दोलन-२ पनि भनियो, त्यसको प्रारम्भदेखि डिसेम्बरको अन्तिम विन्दुसम्म नयाँ व्यवस्थाको कल्पनामा डुबेका मान्छेहरूको भ्रम सम्झेर ऊ फिस्स हाँस्यो। हाँसोको आवाज निस्किएन तर गालाको खाल्डोले अनुहार चहकिलो भयो। उसको गालाको खाल्डो जो उसकी भूतपूर्व प्रेमिका साह्रै मन पराउँथी लाई उसले विस्तारै सुम्सुम्यायो। केही पूर्वप्रेमीहरू सम्झ्यो जोसँग उसको समाजले नपचाउने कुनै सम्बन्ध भएन। उनीहरू प्रेमी यस अर्थमा भए कि उनीहरू उसलाई देखेर हुरुक्क हुन्थे। विगतको डिसेम्बर सम्झ्यो। प्रत्येक प्रेमीले गरेका वाचा सम्झ्यो। र, फेरि सोच्यो - साँच्ची केही फरक छैन, त्यो डिसेम्बर र यो डिसेम्बरमा। प्रत्येक डिसेम्बर शीतलहर बोकेर आउँछ र एउटा प्रेमलाई अभूतपूर्व वा भूतपूर्व बनाएर जान्छ।

डिसेम्बरको अन्तिम दिनसम्म उसले कुनै नयाँ योजना बनाएको थिएन। उसलाई आफ्नो कुनै नयाँ योजनाबारे त्यति वास्ता पनि थिएन। रातको बाह्रबजेपछि मान्छेहरूमा देखिने चहलपहलबारे चाहिँ उसले अनेक अड्कल लगाइरहेको थियो। उसको अड्कलमा केही सम्भ्रान्तहरू पर्थे। जसलाई दिन काट्न एउटा निहुँ चाहिन्थ्यो। उनीहरूका लागि डिसेम्बरको अन्तिम साँझ पनि जम्ने, रमाइलो गर्ने र मस्तीमा बिताउने एउटा बहाना बनेको थियो। यस्तै कुरा गुन्दै गर्दा उसले आफ्नो टाउको छाम्यो। जहाँ डिसेम्बरको जाडोको चिनो केही तुषारो केशका टुप्पा टुप्पामा जमेर सेतो भएको थियो र टाउको चिसो। हात पानीले चिसियो। बाहिर हिउँ परेको थिएन। ऊ आफ्नो चिसो टाउको जहाँ खप्परभित्र केही बुद्धि छ भन्ने भ्रममा थियो, जस्तो सारा मान्छेहरूमा भ्रम छ लाई विस्तारै छाम्यो। केही खजमजिएको टाउकोको घुम्रिएको कपाललाई विस्तारै दुवै हात लगाएर सम्यायो।

अप्रिल क्रान्तिमा ऊ निकै जोसिएर हातमा हरिया स्याउला, इँटाका टुक्रा बोक्दै सडक परिक्रमामा लागेको हो। पुलिसमाथि निकै आक्रोश पोखेर सबैलेजस्तो ढुंगामुढा पनि गऱ्यो। धेरै चोटि चाहिँ पुलिसको बुट, कटबाँसको लाठी, बन्दुकको कुन्दा र हातको मुक्का प्रहार पनि खेप्यो र सह्यो। उसलाई पुलिसले प्रहार गरेको इँटाले कहिल्यै लागेन। इँटाको टुक्रा पछ्याएर आएको गोलीले पनि बहादुरीसाथ उसलाई छलेर गयो। (नछलेको भए उसको नाम पनि अहिले सहिदको लाममा हुने थियो) यदि ऊ सहिद भएको भए यो डिसेम्बरमा नौ महिना पुग्थ्यो।

अप्रिल क्रान्तिअघि पनि उसले चाकडीबारे आंशिक बुझेको थियो, तर अप्रिल क्रान्तिमा लागेपछि चाकडीबारे थप प्रस्ट बुझ्यो। डिसेम्बरसम्म उसले चाकडीलाई नजिकबाट नियाल्यो पनि। उसलाई के चाहिँ राम्ररी थाहा थियो भने चाकडी यस्तो रसायन हो जो कुनै शुभ मुहूर्तमा निष्ठावान् र नीतिबद्ध शक्तिशालीहरूको हृदयलाई पनि सजिलै पगालिरहेको थियो। जसको प्रमाण बनेर लम्पसार थिए- विभिन्न ठाउँमा भएका नियुक्ति, पदाधिकारी विहीनताको शून्यता, तालाबन्दी, सडकबन्दी, पेट्रोल र खाद्यान्न अभाव आदि आदि...। नक्कली र सक्कलीको भेदरेखा पदीय चाकडी बुझ्नेले चाहिँ देखेको थिएन। उसले सोच्यो हामी केही विपन्न देशहरूजस्तै चाकडी परम्पराबाट प्रताडित छौं। ठिक बेठिक बारे सम्यक् बोध नभईकनै इतिहासको मोडमा आइपुगेका छौं। यसरी बुझ्ने गरी सबैका टाउकाम गिदी नामको सेतोपदार्थ जहाँ चेतनाका टुक्राहरू पनि हुन्छन् हुँदैन भन्ने उसलाई थाहा थियो।

डिसेम्बरको जाडोको अन्तिम साँझ उसले प्रजातन्त्र र लोकतन्त्र शब्द सम्झ्यो। शब्द चिसोले कठ्यांग्रिएझैं उच्चारण गर्न अपठ्यारो लाग्यो उसलाई। त्यसका पर्याय घूस र चाकडी हुन् कि होइनन् उसले खुट्याउन सकेन। लोकतन्त्र र प्रजातन्त्रमा तुच्छता र संकीर्णताको निरंकुशताबीच अप्राकृतिक संसर्ग हुन्छ कि हुँदैन त्यो छुट्याउन सकेन। किनकि यी सबै उसले लोकतन्त्रको आडमा देखिरहेको थियो। जुन संसर्गबारे बताउनु पऱ्यो भने पहिले उसको आँखामा कालभैरव सवार हुन्थ्यो अनि मात्र कुरा सुरु हुन्थ्यो। डिसेम्बरको जाडो खेपिरहेको राजनीतिक संक्रमणकालको सकेजति फाइदा लिने साहित्यकारका नामधारी जासुस, अवसरवादी व्यापारी, केही बौद्धिक डाँका, केही सभ्य चोर, केही विचारहीन सम्पादक र केही नगरबधू जो आफ्नो विचार र अडान बेचेर पर्लक्क पल्टिए हरूको अनुहार उसको आँखामा नाच्दै गयो।

डिसेम्बरको जाडोमा न्युइयर इभको साँझ यी सबै कुरा गम खाएर सोच्दै गर्दा भोलिदेखि नयाँ वर्ष लाग्छ भन्ने कुरो पनि उसको दिमागबाट हटेको थिएन। उसले सोचिरहेको त्यो डिसेम्बरको अन्तिम साँझ सहरभरि झिलिमिली

बत्ती थिए । छोप्नै पर्ने अंग पनि आधा देखाएर चिसोमा तात्तिएका बैंसालु देखेपछि उसलाई भित्रैदेखि काउकुती लाग्यो । न्युइयर इभ मनाउने त्यो लाममा युवायुवती बढी, प्रौढ र वृद्धहरू पनि थिए । यी सबै दृश्य प्रत्यक्ष आँखाले छामेपछि उसले अनुभव गऱ्यो- सायद मान्छेहरूलाई जीवन बाँच्नेक्रम बोझिल विवशता भएको छ । र, मान्छे केही राहत र केही निहुँको खोजीमा हुन्छ । कहिले भालेयुद्ध, कहिले भलिबल, कहिले हात्तीदौड, कहिले थरीथरीका चलचित्र दर्शन, दसैंतिहार, माघेसंक्रान्ति, फागुपूर्णिमा, सरस्वतीपूजा, लोसार, इद, क्रिसमस वा विवाह, व्रतबन्ध, न्वारान, श्राद्ध यी सबै दुःखी मान्छेले खोजी गरेका राहतका अवसर हुन् । उसलाई राम्ररी थाहा थियो, मानिसको एउटै चिन्ता हो - मस्ती । प्रेमीसँग रिसोर्ट जानु, कार्यालयमा घूस खानु र सानो छोरालाई खेलौना वा स्वास्नीलाई साडी किन्नु, आफ्नै टाइपिस्टसँग साँझ अबेरसम्म रेस्टुरेन्टमा वियर खानु वा रतिक्रियामा मस्त हुनु, समाचार लेख्नु, बन्दुक बोक्नु र मान्छेको हत्या गर्नु, पद प्राप्तिको लालसामा मरेतुल्य दौडनु, पैसा, यौन, रक्सी, परपुरुष, परस्त्री, परप्रेमी यी सबैमा समय खर्चिनु मस्तीमा बिर्सने र बाँच्ने बोधबाट व्याकुल मान्छेको परिणति हो । मान्छे यस्तै कुनै एक दिनलाई मात्र महत्त्वपूर्ण दिन मानिरहन्छ ।

डिसेम्बरको अन्तिम साँझ उसले अमेरिकी दार्शनिक, लेखक, कवि राल्फ बाल्डोलाई सम्झ्यो र मनभित्रैदेखि सम्बोधन गऱ्यो- 'हो रहेछ बाल्डो, तिमीले भनेको सही रहेछ । हरेक वर्षको प्रत्येक दिन श्रेष्ठतम र उत्सवयोग्य दिन हो । तर मान्छेहरू आफ्नो दुर्बलताका कारण एउटा दिनलाई मात्र विशेष र खुसीको दिनको रूपमा परिभाषित गरिरहेका छन् । मान्छे वा हामी एउटा गहिरो भ्रान्ति र संकीर्णतालाई अँगालो हालेर बाँचिरहेका छौं ।'

डिसेम्बरको अन्तिम साँझ उसले अमेरिकी दार्शनिक, लेखक, कवि राल्फ बाल्डोलाई सम्झ्यो र मनभित्रैदेखि सम्बोधन गऱ्यो- 'हो रहेछ बाल्डो, तिमीले भनेको सही रहेछ । हरेक वर्षको प्रत्येक दिन श्रेष्ठतम र उत्सवयोग्य दिन हो । तर मान्छेहरू आफ्नो दुर्बलताका कारण एउटा दिनलाई मात्र विशेष र खुसीको दिनको रूपमा परिभाषित गरिरहेका छन् । मान्छे वा हामी एउटा गहिरो भ्रान्ति र संकीर्णतालाई अँगालो हालेर बाँचिरहेका छौं ।' उसले आफैंले मात्र सुन्ने गरी मनमनै यी सबै कुरा भन्यो । कतिसम्म भने गुनगुन आवाज पनि निस्किएन । बाहिरका सबै कुरा उसले नियालिरह्यो । र गुन्यो– बाल्डो यहाँ मान्छेहरूले सात सालको एक दिनलाई पनि महत्त्वपूर्ण माने र छयालीस सालको एक दिनलाई पनि उत्सवको रूपमा सम्झिए । अप्रिलक्रान्तिको एकदिन पनि उनीहरूका लागि महत्त्वपूर्ण नै बनेको छ । प्रत्येक महिनाको एकदिन मात्र मान्छे महत्त्वपूर्ण भनेर सम्झिरहेको छ ।

डिसेम्बरको अन्तिम साँझ उसले अनुभव गऱ्यो- डिसेम्बरको जाडो निर्ममतापूर्वक उडिरहेको छ । भागिरहेको समयको पीडा बिर्सेर मान्छेहरू भने उत्सवपूर्ण समय मनाइरहेका छन् । प्रत्येक दिन मान्छेहरू यान्त्रिक जीवन बाँच्छन् । यसलाई बिर्सेर यतिखेर केही क्षणको चञ्चलता चिसोमा सेलाइरहेका छन् । यी सबै घटनाविना भएका दुर्घटना हुन् र यी सब इल्युजन हुन् । मायाको चुम्बकीयताले पैदा गरेका यी महत्त्वाकांक्षी इल्युजनहरू असत्य हुन् । यो ब्रह्माण्डमा साँच्चै केही स्थायी सत्य छैन । अस्थायी मात्र स्थायी सत्य हो । बाहेक गुलाफको झरझराउँदो रातो फूल र दुई खोला छेउ बसेको पहाडको कालो चट्टान दुवै उस्तै हुन् । ■

**कविता**

# तर बिदा भन्न सक्दिनँ

■ महेश रेग्मी

तिमीजस्तै को छ र ?
मलाई हेरिरहूँ जस्तो लाग्ने दृश्य
मेरो ताप, मेरो आँखाको साम्राज्य
खासमा तिमीलाई जे नाम दिए पनि हुन्छ
जसरी गुलाफलाई जे नाम दिए पनि हुन्छ
म तिम्रो नाम र विचारको शक्ति लिन्छु
र, सुखद आरोहण गर्छु

तर, तिमी महान् लक्ष्यबाट भाग्यौ
तिमी दौडिनु पर्थ्यो सक्दो
तिम्रो पाइला मध्य सडकमा थियो

समयले मलाई बयान लिइरहेका बेला
म स्मृतिको लास भएको छु
र,
समयले तिमीसँग पनि बयान लिनेछ
के स्मृतिदुःख हामीसँग छैन र ?

मेरो निवेदन छ तिमीलाई
तिमीले पुनः उज्यालो छर्नु पर्छ
अँध्यारो दुवैको भागमा छ

आज,
तिम्रो छायाँ कतै छ कि खोज्छु
तिम्रो आवाज कतै बाँचिरहेको छ कि खोज्छु
तिमीले रोपेको फूलले तिमीलाई बोलाएको छ
एउटा फूलको प्रार्थना छ, तिमीलाई

हावाको झोक्काको स्पर्शले तिम्रै गन्ध बढाएको छ
र,
म त्यही मध्य सडकमा उभिन्छु
र,
मिठो भ्रम बाँच्छु

तर, पनि म
तिम्रो स्वतन्त्रतालाई बधाई पनि दिन चाहन्छु
तिम्रो पाइलालाई बधाई पनि दिन चाहन्छु
र, मध्य सडकमा तिमीलाई बिदा भन्न सक्दिनँ

टिष्टामा धेरै पानी बगिसकेन र,
तिमी कहिले आउने ?
म मध्य सडकमा उभिनै रहेको छु
आखिर प्रश्न
तिमीजस्तै को छ र ?
साँच्चै को छ र ?




निरज सापकोटा

# रंगमञ्चको पुनर्जागरण

**नेपाली रंगमञ्चको** पुनर्जागरणमा गुरुकुलको महत्त्वपूर्ण योगदान छ । स्थापनाको आधा दशकमै गुरुकुलका कारण नेपाली रंगमञ्चले धेरै फड्को मारेको छ । त्यसअघि रंगमञ्चसम्बन्धी अधिकांश कार्यक्रमले राजधानीको चौघेरो काट्न सकेका थिएनन्, तर गुरुकुलको उदयपश्चात् समयसमयमा मुलुकभरका कलाकारको प्रतिनिधित्व हुने गरी नाटक महोत्सव हुँदै आएका छन् । गतवर्ष इब्सेन नाटक महोत्सवको आयोजना गरेर विभिन्न मुलुकका रंगकर्मी भेला पारेर प्रशंसित बनेको गुरुकुलले यसपटक भने मुलुकका विभिन्न भागबाट राष्ट्रियस्तरका रंगकर्मी जम्मा गरेर रंगमञ्चलाई अग्रगति प्रदान गर्ने उल्लेखनीय कार्य गरेको छ ।

रंगमञ्चमा रंगकर्मीले जीवनका भोगाइलाई शाश्वत र जीवन्तरूपमा उतार्ने काम गर्छन् । समावेशीको मुद्दा प्रबलरूपमा उठिरहेका बेला मुलुकका पूर्व मेचीदेखि राप्तीसम्मका नाट्यकर्मीको जमघट गराएर बहुल आवाज प्रतिविम्बित गर्न खोजेको छ, गुरुकुलले । आरोहण गुरुकुलका निर्देशक सुनील पोखरेल भन्छन्, 'मुलुकभरका रंगकर्मीहरूको प्रतिभा उजागर गर्नु महोत्सवको उद्देश्य हो ।'

केन्द्रीकृत समाजमा हरेक सामाजिक र सांस्कृतिक कार्यक्रम राजधानी केन्द्रित छन् । राजधानीबाहिर रंगकर्मको क्षेत्रमा उल्लेखनीय प्रतिभा भए पनि उचित अवसर नपाउँदा प्रतिभा प्रस्फुटन गर्ने अवसर पाएका छैनन् । जनआन्दोलन-२ पछि राज्यको पुनर्संरचनाको बहस आइरहेका बेला बहुल विचार र संस्कृति समेटिएका नाटक मञ्चन गर्ने उद्देश्य रहेको गुरुकुलले जनाएको छ ।

गुरुकुलमा यसपालाको आरोहण राष्ट्रिय नाटक महोत्सव जातजाति र भाषाभाषीलाई समेटेर वैशाख महिनाभरि नाटक प्रदर्शनी गरिँदै छ, गुरुकुलमा । २७ वटा नाटक समूहहरूको संलग्नता रहेको महोत्सवमा २७ वटा नाटक देखाइनेछन् । 'जातजातिलाई समेटेर नाटक तयार गरिएको छ । नाटकमा भाग लिन सुर्खेतदेखि पाँचथरसम्मका समूहले भाग लिएका छन्', आरोहण गुरुकुलका निर्देशक पोखरेल भन्छन् ।

मायादेवीको सपना, चोलुङ, गंगालालको चिता, समयान्तर, छुताह घैलोजस्ता नाटकहरू देखाइसकिएको छ भने वैशाख २८ गतेसम्म निरन्तर नाटक देखाइनेछन् । नेपाली नाटक विधालाई हेर्ने बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गुरुकुलमा नाटक प्रदर्शनीका लागि आएका कलाकारहरूले उत्कृष्ट रूपमा आफ्नो प्रतिभा देखाएका छन् । राजधानीबाहिरका नाट्यसमूहले महोत्सवमा परम्परागत धारभन्दा माथि रहेर सामाजिक, सांस्कृतिक, समावेशी, जातीय र द्वन्द्वका विभिन्न पाटालाई नाटकमा उतारेका छन् ।

गतवर्ष इब्सन महोत्सवका बेला गुरुकुल राष्ट्रिय मुद्दाबाट भागेर अन्तर्राष्ट्रिय नाटकतर्फ लाग्यो भन्ने केहीले आलोचनासमेत गरेका थिए । यसपटकको महोत्सवले त्यस्ता प्रश्न उठाउनेहरूलाई चितबुझ्दो जवाफ दिएको छ । यस्ता महोत्सवको आयोजनाले राजधानीबाहिर पनि रंगमञ्चले फड्को मार्ने अवस्था सिर्जना हुने रंगविश्लेषकहरूको भनाइ छ ।

■ **ज्योति देवकोटा/काठमाडौं**





बुहारीसहितको बच्चन परिवारः अमिताभ, ऐश्वर्या, अभिषेक र जया

# अभिऐस विवाह

अन्ततः बलिउडका चर्चित जोडी अभिषेक बच्चन र ऐश्वर्या राय विवाहबन्धनमा बाँधिएका छन्। यो साता सालीनतापूर्वक भएको तीनदिने विवाह बुधवार सुरु भएको थियो। एकदमै कम निम्तालु बोलाइएको विवाहमा बलिउडका थुप्रै चर्चित हस्तीहरू बोलाइएनन्।

बच्चन परिवारले पठाएको चकलेट उपहारसहितको सोह्रपन्ने निमन्त्रणापत्र पाउने भाग्यमानीहरू जम्मा दुई सयमात्र थिए। दुई सय निम्तालु बोलाइएको विवाह समारोहमा तीन सय सुरक्षाकर्मी तैनाथ गरिएको थियो। सञ्चारमाध्यमहरूले 'अभिऐस' नाम दिएको यो जोडीको विवाहको झलकसम्म हेर्न नपाएका उनीहरूका प्रशंसकले मुम्बईस्थित बच्चन निवास 'प्रतीक्षा'बाहिर निराशापूर्ण प्रतिक्रिया व्यक्त गरे।

तीन महिनाअघि यत्तिकै 'लो-प्रोफाइल'मा भएको उनीहरूको इङ्गेजमेन्टमा जम्मा ८० निम्तालुमात्र बोलाइएका थिए। ३१ वर्षीया अभिषेक र उनीभन्दा दुई वर्ष जेठी उनकी पत्नी ऐश्वर्याको जोडीलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले समेत हलिउडका चर्चित जोडी ब्राड पिट र एन्जेलिना जोडीलाई जत्तिकै महत्त्व दिइरहेका छन्।

पाँचवटा हिन्दी सिनेमामा सँगै काम गरेका 'अभिऐस'को गत वर्षको सिनेमा 'धुम २'मा अर्का बलिउड अभिनेता हृत्तिक रोशनसँग ऐश्वर्याले दिएको रोमाञ्चक चुम्बनका कारण सम्बन्ध केही चिसिएको थियो। तर, अर्को सिनेमा 'गुरु'मा उनीहरूको जोडी सफल र प्रशंसित भएको थियो। 'गुरु'को सफलतालगत्तै उनीहरूको 'इङ्गेजमेन्ट' भएको थियो।

बच्चन परिवारले विवाहलाई लो-प्रोफाइलमा राख्नुका कारण अभिताभकी आमा तेजी बच्चनको गम्भीर स्वास्थ्य कारण मानिएको छ। उनी नातिको विवाह हेर्न अत्यन्तै आतुर भएको बताइएको छ। बुधवारको 'संगीत'पछि बिहीवारको 'मेहन्दी'मा ऐश्वर्याले भारतीय फेसन डिजाइनर नीता लुल्लाले तयार पारेका पहिरनहरू लगाएकी थिइन् भने राजस्थानबाट मगाइएको मेहन्दी, केरलाका फूल र कानपुरका मिठाई समारोहका आकर्षण थिए। ■

# गेर काठमाडौंमा

प्रख्यात हलिउड अभिनेता रिचर्ड गेर आठ वर्षपछि दोस्रोपटक नेपाल घुमेर फर्किएका छन्। यो साताको सुरुमा भारतबाट नेपाल छिरेका गेर तीन दिनसम्म काठमाडौं बसेर बुधवार बाहिरिएका हुन्। भारतमा अभिनेत्री शिल्पा शेट्टीलाई प्रगाढ भावनात्मक चुम्बन गरेपछि खबरमा आएका हलिउड अभिनेता गेर खासमा तिब्बती अधिकारकर्मीहरूसँग भेट्न काठमाडौं आएका थिए। मुम्बईमा अभिनेत्री शिल्पालाई सार्वजनिक समारोहमा चुम्बनको वर्षा गरेपछि भारतका थुप्रै ठाउँमा गेरको निकै विरोध भएको थियो। उनले भारतीय संस्कृतिको अपमान गरेको र शिल्पाले उनलाई साथ दिएको भन्दै भारतका विभिन्न सहरहरूमा उनीहरू दुवैजनाको पुत्लासमेत जलाइएको थियो। शिल्पाले भने गेरको चुम्बन सद्भावनापूर्ण र रोमाञ्चक भएको बताएकी छन्।

५७ वर्षीय गेरले २५ वर्षदेखि तिब्बती मुद्दाहरूको समर्थनमा आवाज उठाउँदै आएका छन्। बौद्धधर्मावलम्बी यी हलिउड अभिनेताले काठमाडौं उत्रनेबित्तिकै नेपालका लागि अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीसँग भेट गरेका थिए भने सोही दिन साँझ बौद्धक्षेत्रको भ्रमण गरेका थिए। काठमाडौंस्थित द्वारिकाज होटलमा बसेका गेरले भ्रमणका क्रममा थुप्रै तिब्बती अधिकारकर्मी र अन्य व्यक्तिहरूलाई भेटे पनि पत्रकारहरूलाई भेटेनन्। 'नेपालका तिब्बती शरणार्थीहरूमाथि चाखका उनी लो-प्रोफाइल नेपाल भ्रमणमा आएका थिए', एफपीले लेखेको छ।

आठ वर्षअघि बौद्धस्थित सेचेन गुम्बाका प्रमुखको गद्दी आरोहणका क्रममा अर्का हलिउड अभिनेता स्टेफन सिगलका साथ उनी काठमाडौं आएका थिए। काठमाडौं धर्मशालामा दलाई लामाले आयोजना गरेको दुईदिने अन्तर्राष्ट्रिय सम्मेलन तथा मुम्बईमा एचआईभी एड्स सचेतना कार्यक्रममा भाग लिएर गेर काठमाडौं आएका हुन्। ■



# नयाँ अनुहारको भोजपुरी सिनेमा



विभिन्न भाषाभाषीको चलचित्रमध्ये भोजपुरी चलचित्रको बजार ठूलो रहेको छ

**नेपाली चलचित्रको** बजारमा नेपाली भाषाका चलचित्रहरू बन्ने क्रम तीव्र रहेका बेला नेपाली निर्माताहरू पनि भोजपुरी भाषाका चलचित्र निर्माणमा लागी परेका छन् ।

एभरग्रिन फिल्मस प्रालिको पहिलो भेट भोजपुरी भाषाको चलचित्र 'सइया हमार देहाती मिल गइल'को छायांकन पूरा भई सम्पादनकार्य वीरगन्जमा सुरु भएको छ ।

विशेषगरी नेपालको तराई, भारतको उत्तरप्रदेश र बिहार राज्यमा दर्शकले भोजपुरी भाषाको चलचित्र अत्यधिक मन पराउने भएकाले भोजपुरी चलचित्र निर्माण गर्न लागेको निर्देशक किशोर चौधरीले बताए । विभिन्न भाषाभाषीको चलचित्रमध्ये भोजपुरी चलचित्रको बजार ठूलो रहेको छ । काठमाडौं उपत्यकाबाहिर निर्माण भइरहेको चलचित्र 'सइया हमार देहाती मिलगइल'को छायांकन कार्य २६ दिनमा पूरा भएको छ । पर्सा, बारा र रौतहटमा छायांकन भएको यो चलचित्रमा आठवटा गीतहरू छन् ।

महमद वकिल देवानको कथावस्तु रहेको सो चलचित्रको निर्माता समेत रहेका कोमलचन्द्र भगतले छायांकन गरेका छन् । नृत्य बुद्धिराम चौधरी र विनोद श्रेष्ठको छ

हाइ डेफिनेसन भिडियो प्रविधिबाट छायांकन गरिएको यस चलचित्रका कलाकारहरू भने प्राय: नौलो अनुहारका छन् । प्राय: भोजपुरी भाषाको चलचित्र भारतबाट बन्ने गरेको र नेपालमा पनि यसको ठूलो बजार रहेकाले धेरै नेपाली रुपैयाँ भारत बाहिरिने प्रवृत्ति रोक्न यस्ता चलचित्रले ठूलो भूमिका खेल्न सक्ने दाबी निर्माताले गरेका छन् । निर्माता भगतले वैशाखभित्रै तराईमा चलचित्र प्रदर्शन सुरु गरिने बताए ।

■ **राम सरार्फ/वीरगन्ज**

# तस्बिर हेरेर रोए दर्शक

**दिनहुँको** बम विस्फोट तथा अन्य हिंसात्मक घटनाले गत वर्षसम्म अधिकांशको मनबाट डर र त्रासको संवेदना हराइसकेको थियो । घरमा बसिरहेकी गृहिणी वा स्कुल गइरहेका बालबालिका तथा खेतमा काम गरिरहेका कृषक कुनै गल्तीविना मारिएको दसवर्षे माओवादी द्वन्द्वको असरले कठोर मन बनाइसकेका सर्वसाधारण जनता युद्ध रोकिएको भन्डै एक वर्षपछि द्वन्द्वमा भोगेका पीडादायी क्षणहरूका तस्विबर देखेर रोएका छन् ।

नेपालयले प्रकाशित गरेको 'लडाँइमा जनता' नामक पुस्तकमा प्रकाशित माओवादी जनयुद्धसम्बन्धी तथा यसले जनजीवनमा पारेको प्रभाव र सर्वसाधारणले भोगेका समस्याहरू झल्काउने तस्बिरहरूको प्रदर्शनीपछि द्वन्द्वले कठोर मन बनाइसकेका सर्वसाधारणको मन एकाएक नरम भयो ।

प्रत्यक्ष द्वन्द्वको मार खेपेका सर्वसाधारण जनता फोटो प्रदर्शनीपछि भन्दै थिए, 'प्रत्यक्ष द्वन्द्वमा रहँदा के भयो र के हुँदै छ भन्ने जानकारी हुनुभन्दा कसरी ज्यान बचाउने भन्ने बढी चिन्ता हुने भएका कारण द्वन्द्वले सबैतिर पुऱ्याइरहेको अवस्थाबारे जानकारी हुँदैनथ्यो ।' द्वन्द्वले देशव्यापी रूपमा पारेको प्रभावका तस्बिरहरू हेरेपछि नेपालगन्जकी उषा कुँवरले भनिन्, 'यो फोटो प्रदर्शनीले द्वन्द्वका कारण सर्वसाधारण जनताले



भोगेको पीडा त दर्शाएको छ, साथै हिंसालाई सबैले घृणाको रूपमा बुझ्ने थप मौका पाए ।'

बर्दियामा तीन वर्षअघि सुरक्षाकर्मीले बेपत्ता पारेर कहिल्यै फेला नपरेका बबन चौधरीकी आमा रामकृष्णीले नेपालगन्जमा तस्बिर प्रदर्शनी उद्घाटन गरेकी थिइन् । नेपालयका अर्पण शर्माका अनुसार प्रदर्शनीमा राखिएका तस्बिरकै पात्रहरू वा तिनै तस्बिरका सर्जकद्वारा प्रदर्शनी उद्घाटन गर्ने योजनाअनुसार रामकृष्णीलाई कयौं दिन लगाएर खोजिएको थियो । आफ्नै तस्बिरसहितको प्रदर्शनी उद्घाटन गर्दै उनले भनिन्, 'म अझै मेरो छोरा भेटिनेमा आशावादी छु ।'

हिंसामा सरिक माओवादी तथा सुरक्षाकर्मीहरूका साथै हिंसापीडित सर्वसाधारण जनताले पनि फोटो प्रदर्शनीको अवलोकन गरेका थिए । पूर्वको जिरी, चौतारा, लाहान, इलाम, नारायणगढ हुँदै नेपालगन्जमा गरिएको फोटो प्रदर्शनीको यात्रा धनगढी, पाल्पा, पोखरापछि काठमाडौं पुगेर समाप्त हुनेछ ।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्बिर पनि)

# मुलुककै शिर उचो

**हरि रोकायाले** एभरेष्ट म्याराथुनमा आफैंले कायम गरेको कीर्तिमान लगातार तीनपल्ट तोडे। यतिमात्र होइन, उनले गिनिज बुकमा आफ्नो नामसमेत दर्ता गराए, तर आफू विश्वकै कीर्तिमानधारी म्याराथन धावक भएर गिनिज बुकमा नाम दर्ता भएको झन्डै डेढ वर्षसम्म उनी बेखबर रहे। हेर्दै माया लाग्ने, ख्याउटे रोकाया कर्णालीको मात्र होइन, देशकै पहिलो म्याराथन धावक हुन्, गिनिज बुकमा आफ्नो नाम दर्ता गराउने।

कुनै बेला कोदोको रोटी गोजीमा हालेर जुम्लाबाट दिनहुँ मुगुको रारासम्म दौडेर फर्कने रोकाया आफ्नो मेहनतको कदर विदेशीहरूले गरेकोमा अहिले चकित परेका छन्। विदेशमा उनको यत्रो नाम र इज्जत हुँदा पनि देशमा आफ्नो कुनै कदर नभएकोमा भने उनी पूरै दुःखी छन्। 'खेलकुद मौन छ', मुलुकको बिग्रँदो खेल क्षेत्रलाई लक्षित गर्दै उनी भन्छन्।

मुलुकको दूरदराजमा रहेका कारण उनको खुबी कहिल्यै सार्वजनिक हुन सकेन। राष्ट्रिय खेलाडीहरूको हौसला बढाउन र सक्रिय बनाउन राखेप र एथ्लेटिक्स संघले केही नगरेकोमा दुखित देखिएका रोकाया राज्यले सहयोग गर्ने हो भने कर्णालीबाट आफूजस्ता थुप्रै खेलाडी उत्पादन हुन सक्ने बताउँछन्। 'तर के गर्नु सबै मौन छन्', उनी गुनासो गर्छन्।

परिवारप्रति आफ्नो दायित्व भएका कारण लामो समय अन्तर्राष्ट्रिय सर्किटमा दौडन नसकेको बताउने रोकाया विदेशिने थुप्रै प्रस्ताव आए पनि माटोका लागि नेपालमै बस्ने बताउँछन्। 'अरूले जस्तै देश छोडेर जाने मेरो कुनै मनसाय छैन', उनी भन्छन्। उनी आफूजस्ता खेलाडीहरूलाई राज्यले सम्मान गरोस् भन्ने चाहना राख्छन्।

एक दशकदेखि खेलकुदमा सक्रिय रहेका रोकाया भन्छन्, 'मलाई राष्ट्रले मौका दिने हो भने म जस्ता धेरै खेलाडीहरू कर्णालीमै तयार गर्न सक्छु।' राज्यले सधैं उपेक्षा गरेका कारण आफूले पाउनु पर्ने प्राथमिकता समेत पाउन नसकेको उनको गुनासो छ। ■





# जनविरोधी नवप्रतिगमनको राजनीतिक अभ्यास

**स्वभाविक रूपमा प्रचण्ड भोलिको राजनीतिक एजेन्डा एकपक्षीय रूपमा निर्धारित गर्ने एकजना व्यक्तिका रूपमा स्थापित हुन चाहन्छन् ।**



भास्कर ओझा

माओवादी अध्यक्ष प्रचण्ड

■ **युवराज घिमिरे**



**माओवादी** रणनीतिको राजनीतिमा सत्ता गठबन्धनका अन्य कुनै पनि दलहरूभन्दा अगाडि देखिएको छ । नैतिकतालाई राजनीतिबाट टाढा राख्दा आफ्ना रणनीतिहरूलाई जोडदार रूपमा अगाडि सार्न सहज हुन्छ । माओवादीहरूले यो कुरा राम्रैसँग बुझेका छन् । संसदीय धारका दलहरूको कमजोरीलाई समेत माओवादीहरूले आफ्नो शक्तिका रूपमा प्रस्तुत गर्न थालेका छन्, खुला रूपमा । माओवादीहरूलाई राजनीतिक रूपमा कुनै पनि किसिमले चुनौती दिन दलहरू असफल भएकाले 'हैकम' स्थापित भएमा राजनीतिमा आफू सहजै स्थापित हुने मान्यताबाट पनि माओवादी निर्देशित देखिन्छ । हैकम स्थापित गर्नु नै मुख्य मुद्दाभन्दा स्वभाविक रूपमा राजनीतिमा जनादेशले प्रमुखता पाउँदैन र जनादेशविनाको राजनीति प्रजातन्त्रको स्वरूप हुन सक्तैन ।

निर्वाचन आयोगले बाध्यात्मक अवस्थामा र प्रजातन्त्रको मर्यादालाई सम्मान गर्दै चुनाव जेठ मसान्तभित्र गर्न नसक्ने घोषणा गरेपछि अघि सारेको राजनीतिक एजेन्डाले अर्को राजनीतिक दासत्व र अराजकता जन्मिन सक्ने खतरा बढेको छ । संविधानसभाको निर्वाचन जेठभित्र हुन नसक्दा आठ दलको एकताको आधार समाप्त भएको र वर्तमान व्यवस्थापिका संसद्बाट गणतन्त्र घोषणा गरेर एकताको नयाँ आधार खोज्नुपर्ने मान्यता अगाडि सारेका छन्, प्रचण्डले ।

अग्रगमनको अन्ध र अपरिभाषित नारा बोकेका अन्य सात दलका लागि यो सुझाव सर्पको मुखभित्रको भ्यागुतो बनेको छ । प्रचण्डलाई प्रजातन्त्रको संस्कार, मान्यता र सिद्धान्तसँग सरोकार छैन । निर्वाचन निर्धारित समयमा हुन नसक्नुका पछाडि सरकारको र संसद्को अंग बनेको माओवादीले जवाफदेहिता सुनिश्चित गर्नु प्रजातन्त्रको पहिलो मान्यता हो । आफैंले चुनाव हुन नसक्ने वातावरण सिर्जना गर्नु र त्यसबापत 'गणतन्त्र'को उपहार रणनीतिबाट खोस्ने प्रयास गर्नु माओवादीको राजनीतिक चलाखी मात्र हो ।

गत वर्षको राजनीतिक आन्दोलन राजाको सर्वसत्तावादी चरित्रविरुद्ध र प्रजातन्त्रको पुनर्बहालीका लागि थियो, तर त्यो गणतन्त्रका लागि थिएन । गणतन्त्र प्रजातन्त्रको एउटा मोडल हो । नेपालमा त्यसलाई अपनाउने र नअपनाउने छुट जनतालाई मात्र छ र त्यसको लागि मान्य संवैधानिक तथा प्रजातान्त्रिक संयन्त्र तथा प्रक्रियाद्वारा जनतालाई संलग्न गराइनुपर्छ । राजाको माघ २५ गतेको चुनावजस्तै चुनाव गराएर आफ्नो राजनीतिक अंशबन्डालाई वैधानिकता दिने आठ दलको षड्यन्त्रलाई अस्वीकार गरेर निर्वाचन आयोगले जनताको सर्वोच्च अधिकार वा मताधिकारप्रति सम्मान देखाएको छ ।

दिल्ली सम्झौतामा निरंकुशताको अन्त, शान्ति र प्रजातन्त्र तथा समृद्धिका लागि सहकार्य गर्ने प्रतिबद्धता जनाएका माओवादी लगायतका राजनीतिक दलहरूले के बुझ्नुपर्छ भने राजाको सट्टा उनीहरूको निरंकुशता लाद्ने प्रयासलाई पनि यो मुलुकका जनताले स्वीकार गर्दैनन् । प्रचण्डको गणतन्त्रको नारा अहिले त्यस्तै प्रयास हो ।

यो अन्य सात दलका लागि ठूलो नैतिकताको पनि प्रश्न हो । व्यवस्थापिका संसद् ०५६ सालमा निर्वाचित संसद्को पुनर्जीवित रूप हो, जसमा प्रत्यक्ष जनादेश हासिल नगरेका तर नयाँ राजनीतिक परिवेशका कारण माओवादीका ८३ जना सदस्य थपिएका छन् । माओवादीबाहेक अन्य सबै सांसदहरूले संवैधानिक राजतन्त्रलाई अपरिवर्तनीय विषय भन्दै जनताबाट समर्थन हासिल गरेका हुन् । यदि उनीहरूको आस्था अब गणतन्त्रपक्षीय बन्न गएको छ भने त्यसका लागि उनीहरूले जनतासमक्ष गएर त्यसको अनुमोदन हासिल गर्ने चरित्र देखाउनु आवश्यक छ ।

स्वभाविक रूपमा प्रचण्ड भोलिको राजनीतिक एजेन्डा एकपक्षीय रूपमा निर्धारित गर्ने एकजना व्यक्तिका रूपमा स्थापित हुन चाहन्छन् । नयाँ एकताको आधारको उनको सूत्र त्यही प्रयोजनबाट अगाडि सारिएको छ । शान्ति प्रक्रियालाई इमानदारीपूर्वक अगाडि बढाउन नचाहनु तर आफ्नो राजनीतिक मार्गनिर्देशन सबैले मानेमा मात्र राजनीतिक एकता बन्न सक्छ भन्ने धारणा नै सर्वसत्तावादी मान्यताको प्रतीक हो । र, यो मान्यतालाई अगाडि सार्ने क्रममा जनताको अधिकारलाई पूर्णरूपमा निषेध गरेका छन्, प्रचण्डले ।

निर्वाचनविना जनताको नाममा गरिने कुनै पनि राजनीतिक आमूल परिवर्तनलाई प्रजातान्त्रिक अभ्यास मान्न सकिँदैन । हो, राज्यको असफलता र अनुपस्थिति एकातिर र चरित्र तथा प्रतिबद्धताविहीन राजनीतिक नेताहरूको जमातले प्रचण्डलाई उक्साएको हुनसक्छ । तर, उनका चुनौतीहरू बढ्दा छन् र उनलाई जवाफदेही हुनै पर्ने बाध्यता आउनेछ, जनता जागेको यो अवस्थामा । राजु श्रेष्ठले माओवादी अध्यक्षले जबरजस्ती कब्जा गरेको आफ्नो गाडी खोस्ने हिम्मत गर्नुले दुईवटा तथ्य देखाउँछ- एउटा अन्यायको प्रतिरोधको संस्कृति विकास र अर्को गिरिजाप्रसाद कोइराला-सिटौला राज्य संस्कृतिप्रति बढ्दो अविश्वास । तर, यी दुवै दुःखद प्रवृत्ति हुन् । राज्य र उसका संस्कृतिले न्याय दिन नसकेका प्रमाण हुन्, ती ।

प्रचण्डलाई थाहा छ- गिरिजाप्रसाद कोइरालाको राजनीति बाउन्निँदै छ र चुनाव सर्नुको जिम्मेवारी लिएर उनी वा उनको मन्त्रिपरिषद्बाट कसैले राजीनामा गर्दैन भन्ने । कोइरालाको खस्किएको नैतिक धरातलबाट अधिकतम तर गैरजनपक्षीय शैलीबाट राजनीतिक फाइदा लिन प्रचण्ड उद्यत छन्, गणतन्त्रको चर्को नारा उठाएर ।

राजनीतिक दलका रूपमा अघि आएपछि प्रचण्ड र उनको माओवादीले आफ्नो कार्यक्रमप्रति जनादेश खोज्ने कोसिस नगरेमा भोलि त्यो दल इतिहासको एउटा हिस्सा मात्र बन्न जान्छ । त्यस्तै राजनीतिक मान्यता र प्रतिबद्धताविनाको प्रचण्डको एकतासूत्रलाई लाचारीमा दलहरूले कबुल गरे उनीहरूको पतनको तीव्र प्रक्रिया त्यहीँबाट सुरु हुनेछ । यी सबै विषयमा अन्तिम निर्णयकर्ता जनता मात्र हुन् । जनतालाई निषेध गरेर वा उनीहरूलाई निर्णय गर्ने अधिकार नै नदिई कुनै राजनीति सुरु भएमा जनविरोधी र नवप्रतिगमनका नाइकेको रूपमा स्थापित हुनेछन्, वर्तमान नेताहरू । ■